# पहिलो अध्याय

# शोधपत्रको परिचय

## १.१. परिचय

शोध, खोज तथा अन्वेषणका क्षेत्रमा जागरुक प्रगतिशील लेखक रामदेव पाण्डे विद्यार्थीकालदेखि नै कविता लेख्न थालेका हुन् । उनको प्रथम प्रकाशित कविता **बलि नदेऊ** हो । वैज्ञानिक चिन्तन र खोज विवेचनाको आधारमा अन्धविश्वासका जरा उखेलेर फाली विज्ञान सम्मत उर्वर चेतनाभूमि तयार पार्न कम्मर कसेर लागेका छन् । नेपाली बालसाहित्यका क्षेत्रमा कलम चलाएका उनका **ल है मीत ज्यू !** (सचित्र बालकथा), सामाजिक सन्देशमूलक बालकथा **विश्वका अद्भुत बालबालिकाहरू** (भाग-१) जस्ता कृतिहरू प्रकाशित भएका छन् । यसका साथै उनले विभिन्न क्षेत्रमा शोध, खोज तथा अन्वेषण गरी लेखिएका अन्य लेख सङ्ग्रहहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका छन् । उनका **ल है मीत ज्यू !** (सचित्र बालकथा) बालकथा र नेपाल लगायत विश्वका विभिन्न कुनाकाप्चामा रहेका बालबालिका र तिनीहरूले गरेका कार्य अनि उनीहरूका जीवनमा घटेका यथार्थ घटनाहरूको सङ्ग्रह **विश्वका अद्भूत बालबालिकाहरू भाग-१** ले बालसाहित्यका क्षेत्रमा चर्चित बनाएको छ । उनका विभिन्न लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदै आएका छन् । शोध खोज तथा अन्वेषणका क्षेत्रमा जागरुक प्रगतिशील लेखक, यथार्थ घटनामा आधारित र बालबालिकालाई सामाजिक सन्देश दिन सक्ने बालकथा लेख्ने बालसाहित्यकार रामदेव पाण्डेको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूलाई केलाउँदै उनका प्रकाशित पुस्तकाकार कृतिको विश्लेषणात्मक र विवरणात्मक अध्ययन गरिएको छ ।

## १.२. शोध प्रयोजन

प्रस्तुत शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको आवश्यक परिपूर्ति गर्नु रहेको छ ।

## १.३. समस्याकथन

रामदेव पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित निम्न समस्यामा केन्द्रित भई प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

क) रामदेव पाण्डेको जीवनी के कस्तो छ ?

ख) रामदेव पाण्डेका व्यक्तित्वका के कस्ता पक्षहरू रहेका छन् ?

ग) उनका प्रकाशित बालकथा र अन्य शोधखोजमूलक कृतिहरू के कस्ता छन् ?

## १.४. शोधपत्रको उद्देश्य

समस्याकथनमा उठाइएका प्रश्नहरूको समाधानमा नै प्रस्तुत शोधपत्र मूल रुपमा केन्द्रित भई तयार पारिएको छ । बुँदागतरुपमा प्रस्तुत शोधपत्रको उद्देश्य निम्नलिखित रहेका छन् :

(क) रामदेव पाण्डेको जीवनीको अध्ययन गर्नु,

(ख) रामदेव पाण्डेका व्यक्तित्वका विविध पक्षलाई परिचित गराउनु,

(ग) उनको बालकथा र अन्य प्रकाशित कृतिको चर्चा गर्नु,

यिनै उद्देश्य पूर्ति गर्ने कार्य नै यस शोधपत्रको मूल उद्देश्य रहेको छ ।

## १.५. पूर्वकार्यको समीक्षा

रामदेव पाण्डेको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा यसभन्दा अगाडि कसैले पनि व्यवस्थित अध्ययन एवम् विश्लेषण गरेको पाइँदैन । केही व्यक्तिले उनका कृतिको बारेमा आंशिक टिप्पणी गरे पनि ती अनुसन्धान पद्धतिका दृष्टिले अपूर्ण देखिन्छन् । उनका बारेमा गरेका टिप्पणीहरू यसप्रकार समेट्ने प्रयास गरिएको छ -

(क) देवी नेपाल : (२०६५) ले '६६६ रोचक तथ्यहरू' पुस्तकको **अर्को प्रशंसनीय कार्य** पुस्तकको भूमिकामा लेखेका छन् । उनले यस भूमिकामा पुस्तक संकलक सम्पादक रामदेव पाण्डेको कामको प्रशंसा गर्दै यस कृतिले जिज्ञासु पाठकलाई अझ जिज्ञासु बनाउँदै बौद्धिक ज्ञान दिन सहयोग गर्ने कुरा उल्लेख गरेका छन् ।

(ख) वसन्तराज भण्डारी (२०६५) ले **हाँक साप्ताहिक**मा **'३३३ आश्चर्यको पुस्तक बजारमा'** शीर्षकमा लेख प्रकाशित गरेका छन् । यस लेखमा उनले नेपाल लगायत विश्वका अन्य मुलुकमा घटेका घटनाहरू सङ्कलन गरिएको यो पुस्तक अत्यन्तै प्रभावकारी र समय सान्दर्भिक भएको कुरा उल्लेख गरेका छन् ।

(ग) मोदनाथ प्रश्रित (२०६६) ले **विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू** पुस्तकको **अन्धविश्वास विरुद्ध वैचारिक बम !** शीर्षकको भूमिका लेखेका छन् । उनले यस भूमिकामा अन्धविश्वासका विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै यस कृतिले विभिन्न किसिमका अन्धविश्वासको उन्मूलन गर्न सहयोग पुऱ्याउने कुरा उल्लेख गरेका छन् ।।

घ)रामप्रसाद ज्ञवाली (२०६६) ले विश्वका अद्‌भुत बालबालिकाहरू पुस्तकको **यस्ता केटाकेटी पो केटाकेटी**! शीर्षकको भूमिका लेखेका छन् । उनले यस भूमिकामा पुस्तक सङ्कलक सम्पादक रामदेव पाण्डेलाई प्रगतिशील लेखकका रुपमा चिनाउँदै यस कृतिले बालबालिकाहरूलाई साहसी, धैर्यवान्, लगनशील, हिम्मत गर्न सक्ने बनाउनुका साथै बालबालिकाहरूले राम्रो काम गर्न प्रेरणा पाउने छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

(ङ) राजेश कोइराला (२०६६) ले सम्पादन गरेको कान्तिपुर कोपिलामा **ल है मीत ज्यू !** शीर्षकमा लेख प्रकाशित गरेका छन् । उनले यस लेखमा जङ्गली जनावरहरूलाई पात्र बनाइएको बालकथा अत्यन्तै रोचक र मनोरञ्जन दिन सक्ने भएको कुरा उल्लेख गरेका छन् ।

(च) गोपिकृष्ण ढुङ्गाना (२०६५) ले सम्पादन गरेको अन्नपूर्णपोष्टमा **थुप्रै रहस्यहरू एकै ठाउँमा** शीर्षमा लेख प्रकाशित भएको छ । उनले यस लेखमा विभिन्न देशका घटनाहरूको सङ्कलन गरी नेपाली भाषामा प्रकाशित उक्त कृति नेपाली पाठकका लागि अत्यन्तै उपयोगी भएको कुरा उल्लेख गरेका छन् ।

(छ) राजेश कोइराला (२०६५) ले सम्पादन गरेको कान्तिपुर कोपिलामा **रोचकै रोचक** शीर्षकमा लेख प्रकाशित भएको छ । उनले यस लेखमा रोचक जीवजन्तु, वनस्पति, मानव शरीर, धर्म संस्कृति आदि विषयका ६६६ रोचक तथ्यहरू समावेश गरिएको उक्त पुस्तक अत्यन्तै रोचक र ज्ञानवर्धक भएको कुरा उल्लेख गरेका छन् ।

उपर्युक्त अध्ययनहरू रामदेव पाण्डेका बारेमा गरिएका सामान्य चर्चा मात्र हुनाले ती चर्चाले रामदेव पाण्डेको समग्र व्यक्तित्वलाई समेट्न सक्दैनन् । यसर्थ प्रस्तुत शोध पत्रमा उनको जीवनी व्यक्तित्व र कृतित्वलाई आधार बनाएर व्यवस्थित अध्ययन गरिएको छ ।

## १.६. शोधको औचित्य

नेपाली बालसाहित्य र शोध खोज तथा अन्वेषणका क्षेत्रमा जागरुक लेखक रामदेव पाण्डेका बारेमा विभिन्न लेखकहरूले प्रकाश पारे तापनि उनको जीवनी व्यक्तित्वका बारेमा हालसम्म व्यवस्थित र विस्तृत अध्ययन, विश्लेषण नभएकाले पनि प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ । अहिलेसम्मका कार्यमा पाण्डेका बारेमा विस्तृत एवम् व्यवस्थित अध्ययन यही शोधपत्र भएकाले समस्याकथनमा उल्लेख गरिएका समस्या समाधान गरिने

हुनाले तथा उद्देश्यकथनमा प्रस्तुत उद्देश्य पूरा गरिने हुनाले पनि यस शोधकार्यको औचित्य महत्त्वपूर्ण रहेको छ ।

### १.७. अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा रामदेव पाण्डेका जीवनी र व्यक्तित्वका विविध पक्षहरूको विवरणात्मक र विश्लेषणात्मक अध्ययन गरिएको छ । यसका साथै उनको **ल है मीत ज्यू !** (सचित्र बालकथा) र **विश्वका अद्भुत बालबालिकाहरू**, **विश्व प्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरू, ६६६ रोचक तथ्यहरू, विश्व प्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू**, **अद्भुत संयोगहरू, तिमीहरूको नाश** (अनुवाद) दार्शनिक निबन्ध सङ्ग्रहमा मात्र केन्द्रित भई तिनको विश्लेषणात्मक र विवरणात्मक अध्ययन गरिएको छ । प्रकाशित कृतिहरूमध्ये बालसाहित्य अन्तर्गतको बालकथाको विश्लेषणात्मक र अन्य कृतिको विवरणात्मक अध्ययन गरिएको छ ।

### १.८. शोध विधि

प्रस्तुत शोधपत्रमा निम्न विधि अपनाइएको छ ।

#### क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोध पत्र तयार पार्दा शोध नायक र उनका आफन्तसँग प्रत्यक्ष भेटी अर्न्तवार्ताका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । यस बाहेक पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ ।

#### ख) सामग्री विश्लेषण विधि

शोधपत्रसँग सम्बन्धित सामग्रीलाई विश्लेषणात्मक र विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### १.९. शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्नानुसारको रहेको छ :-

पहिलो अध्याय : शोध परिचय
दोस्रो अध्याय : रामदेव पाण्डेको जीवनी
तेस्रो अध्याय : रामदेव पाण्डेको व्यक्तित्व
चौथो अध्याय : रामदेव पाण्डेका कृतिको विश्लेषण
पाँचौं अध्याय : उपसंहार
परिशिष्ट
सन्दर्भ सूची

# दोस्रो अध्याय

# रामदेव पाण्डेको जीवनी

## २.१. जन्म र जन्मस्थान

रामदेव पाण्डेको जन्म नेपालको पश्चिमाञ्चल क्षेत्र, लुम्बिनी अञ्चल अन्तर्गत अर्घाखाँची जिल्ला, ठूलापोखरा गाउँ विकास समिति वडा नं. १ मा दहनेटा पिता ईश्वरीप्रसाद पाण्डे र माता गङ्गादेवी पाण्डेको कोख बाट छैटौँ सन्तानको रूपमा वि. सं. २०२० साल मङ्सिर १ गते आइतबारका दिन भएको हो (शोध नायकबाट प्राप्त जानकारी) । पाण्डे जन्मेको साल मलमास परेकोले तिहार मङ्सिरमा परेको थियो । त्यही तिहारको भाइटिकाको अघिल्लो दिन पाण्डेको जन्म भएको थियो (शोध नायककी आमा गङ्गादेवीबाट प्राप्त जानकारी) । पाण्डेको न्वारानको नाम **नेत्रप्रसाद पाण्डे** हो । छोरा छोरीको नाम पुकार्दा हिन्दू देवीदेवताका नाम पुकारिउन् भनेर उनको नाम रामदेव राखिएको हो (बुबा ईश्वरीप्रसाद पाण्डेबाट प्राप्त जानकारी) ।

## २.२. बाल्यकाल

रामदेव पाण्डेको बाल्यकाल आफ्नै गाउँघरमा आफ्नै घरपरिवारका साथ सुखद रुपमा बितेको थियो । बालक अवस्थामा दुब्लो पातलो शरीर भएका पाण्डे ६ वर्षको उमेरसम्म अरू खानेकुराभन्दा दूध बढी मनपराउने भएकाले गाई भैँसीको दूधमा बढी जोड दिने गर्दथे (आमा गङ्गादेवीबाट प्राप्त जानकारी) ।

पाण्डे बाल्यावस्थामा अत्यन्तै डराउने गर्दथे । उनी खासगरी आफ्नै गाउँघरमा, मकैबारीमा, जङ्गलमा एक्लै हिँड्न सक्दैनथिए । उनी बिरालोदेखि पनि अत्यन्तै डराउने गर्दथे । गाउँघरमा अहिलेको जस्तो बिजुली बत्ती थिएन त्यसैले उनी साँझ परेपछि आफ्नो टोल छिमेकमा त परै जाओस् घरबाहिर समेत एक्लै निस्कन सक्दैनथे । रात परेपछि कतै जानुपर्‍यो भने अरू मान्छेहरूको बीचमा पसेर हिँड्ने गर्थे (आमा गङ्गादेवीबाट प्राप्त जानकारी) ।

रामदेव पाण्डेका परिवारका सम्पूर्ण सदस्यहरू धर्ममा आस्था राख्थे । हजुरबुबा, हजुरआमा, बुबा, आमाले घरमा पूजा गर्ने र भगवान् प्रति आस्था र विश्वास गर्ने गर्दथे । यसैबाट प्रभावित भएर उनी पनि धर्मप्रति आस्था र विश्वास गर्दथे । धर्ममा बढी विश्वास गर्ने भएकाले छ/सात कक्षामा पढ्दा सम्म माछा मासु खाँदैनथे । माछा मासु खानेहरूलाई पनि खानु हुँदैन भनेर सम्झाउँदै हिँड्ने गर्दथे (बुबा, आमाबाट प्राप्त जानकारी) । पुस, माघ

महिनाको कठ्याङ्ग्रिने जाडोमा पनि बिहानै नुहाएर गायत्री मन्त्र जप्ने पाण्डे बिहान बेलुका शालीग्रामको पूजा गरेर मात्र खाना खाने गर्दथे । साँझमा छिमेकीहरू आफ्नो घरमा जम्मा भएका बेलामा आधा घण्टादेखि एक घण्टासम्म रामायण, महाभारत, कृष्णचरित्र, भागवत गीता लय हालेर पढ्ने र सबैलाई सुनाउने गर्दथे । एउटा किताब शृङ्खलाबद्ध रुपमा पढेर सिध्याएपछि मात्र अर्को किताब पढ्न सुरु गर्ने उनको बानी थियो (बुबा, आमाबाट प्राप्त जानकारी) ।

साना साना केटाकेटीहरूसँग मिलेर बस्ने, खेल्ने पाण्डे आफ्ना साथीहरूलाई पनि सक्दो सहयोग गर्ने र मिलेर बस्ने गर्दथे । उनको सङ्गत गाउँका बूढापाका व्यक्तिसँग हुने गर्दथ्यो (आमा गङ्गादेवीबाट प्राप्त जानकारी) । बाल्यावस्थादेखि नै अनाथ, असहाय, उत्पीडित आदि कसैप्रति पनि अन्याय भएको देख्न सक्दैन थिए । त्यसप्रकारको अन्याय गर्नेहरूको खुलेर बिरोध गर्दथे । अत्यन्तै मिजासिलो, मिलनसार, मिहिनेती र सहयोगी भावना भएका पाण्डे आफन्तको माया पाउन र शिक्षकहरूको प्यारो छात्र बन्न पुगेका थिए (शोधनायकबाट प्राप्त जानकारी) ।

अत्यन्तै अन्धविश्वासी, भगवान्प्रति अति नै आस्था राख्ने पाण्डको १५ वर्षको उमेरदेखि विचारमा अचानक परिवर्तन आयो । मोदनाथ प्रश्रितका अन्धविश्वासका विरुद्ध लेखिएका कृतिको अध्ययनले उनको विचार आस्तिक भावनाबाट नास्तिकमा परिवर्तन भयो (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.३. पारिवारिक स्थिति

पिता ईश्वरीप्रसाद पाण्डे र माता गङ्गादेवी पाण्डेको छैटौँ सन्तान रामदेव पाण्डेको जन्म पुरानो खानदानी भन्ने गरिएको परिवारमा भएको हो । बाल्यावस्थासम्म निम्नमध्यम वर्गीय खालको परिवार थियो । आफ्नै जग्गा जमिनमा परिश्रम गरेर परिवार चलेको थियो । कुनै वर्ष वर्षभरि खान पुग्दथ्यो भने कुनै वर्ष समय परिवर्तनले प्रशस्त अन्नबाली उब्जाउन नसकेर परिवारको खर्च चलाउन गाह्रो पर्ने स्थितिको पनि सिर्जना हुन्थ्यो । परिवारको खर्च चलाउन वाह्य आम्दानीको स्रोत नभएकाले जग्गा बेचेर ऋण तिर्ने अवस्था पनि आएको थियो (बुबा ईश्वरीप्रसाद पाण्डेबाट प्राप्त जानकारी) ।

रामदेव पाण्डेका दुई दाजु भाइ, तीन दिदीहरू, एक भाइ र एक बहिनी रहेका छन् । दुई दाजुको नाम क्रमश : चिरञ्जिवी र कृष्णदेव पाण्डे हो भने दिदीहरूको नाम सरस्वती पाण्डे (खनाल), योगमाया पाण्डे (न्यौपाने), विष्णुमाया पाण्डे (भुसाल) हो । भाइको नाम लक्ष्मणदेव

पाण्डे र बहिनीको पार्वता पाण्डे (खनाल) रहेको छ । पाण्डेका हजुरबुबाको नाम कुलानन्द पाण्डे र हजुरआमाको नाम हिमकला पाण्डे हो । पाण्डेका दाजु, दिदी, भाइ र बाहिनी सबैको विवाह भैसकेको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.४. शिक्षादीक्षा

रामदेव पाण्डेको औपचारिक शिक्षा विद्यालयबाट नै सुरु भयो । त्यतिबेला घरमा अक्षर चिनाउने वातावरण नभएकाले विद्यालयको भरमा नै उनको पढाइ अगाडि बढेको थियो । पाण्डे पहिलो दिन विद्यालय जाँदा आफ्ना छिमेकका दाजुहरूसँग गएका थिए (आमा गङ्गादेवीबाट प्राप्त जानकारी) ।

पाण्डेको प्रारम्भिक शिक्षा आफ्नै गाउँको विद्यालयबाट सुरु भएको थियो । उनले गाउँकै नेपाल राष्ट्रिय प्राथमिक विद्यालय (हाल उच्च माध्यमिक विद्यालय) मा कक्षा १ देखि कक्षा ३ सम्म अध्ययन गरे । कक्षा ४ देखि कक्षा ७ सम्म सार्वजनिक निम्न माध्यमिक विद्यालय छत्रगञ्ज अर्घाखाँचीमा अध्ययन गरे । कक्षा ८ देखि कक्षा १० सम्म सरस्वती माध्यमिक विद्यालय सूर्यथुममा अध्ययन गरे । इमान्दार, लगनशील, मिहिनेती र मिलनसार पाण्डे कक्षा एकदेखि कक्षा दससम्म नै प्रथम द्वितीय हुँदै आएका थिए (शोधनायकका बुबा आमाबाट प्राप्त जानकारी) ।

वि.सं. २०३८ सालको माघ महिनामा एस.एल.सी. दिएका थिए । वि. सं. २०३९ साल असारमा नतिजा प्रकाशन हुँदा प्रथम श्रेणिमा एस. एल. सी. परीक्षा उत्तीर्ण गरे । त्यतिबेला कमै विद्यार्थी मात्र प्रथम श्रेणिमा एस. एल. सी. उत्तीर्ण हुने गर्दथे (शोधनायकबाट प्राप्त जानकारी) । उच्चशिक्षाका लागि इन्जिनियरिङ पढेर भविष्यमा राम्रो इन्जिनियर बन्ने उद्देश्य बोकेर उनी पाल्पाको बहुमुखी कलेजमा आइ.एस.सी. पढ्न भनी भर्ना भए । अत्यन्तै लगनशील र मिहिनेती पाण्डे आइ.एस.सी. प्रथम वर्षको परीक्षाको समयमा लगातारएक महिना विरामी परेका कारण परीक्षाको राम्रो तयारी गनै समेत सकेनन् । उनलाई घरबाट बोकाएर परीक्षा दिन लगियो । विरामी परेर अति नै कमजोर भएका पाण्डेले परीक्षामा राम्रोसँग लेख्न नसकेका कारण परीक्षा राम्रो हुन सकेन (शोधनायकबाट प्राप्त जानकारी) । प्रथम वर्षको परीक्षा दिएपछि दोस्रो वर्षको अध्ययन सुरु गरे । अध्ययन गर्दा गर्दै प्रथम वर्षको नतिजा प्रकाशित भयो । उनको केमेस्ट्री विषय बिग्रियो । कक्षा दससम्म प्रथम श्रेणिमा उत्तीर्ण हुँदै आएका उनी आइ.एस.सी. प्रथम वर्षको परीक्षाको नतिजा राम्रो नहुँदा मन बिग्रिएर दोस्रो वर्षको परीक्षा नदिई भारतको सोहरतगण गए । त्यहाँ उनले आइ. एस.

सी. को फारम भरेका थिए तर उनले भरेको फारम रद्ध भयो । सो कुरा उनले धेरै पछि मात्र थाहा पाए । फारम रद्ध भएपछि नेपाल फर्केर पुन : आइ.एस.सी. दोस्रो वर्षको परीक्षा दिए । परीक्षा राम्रो नभएपछि उनले आइ.एस.सी. दोस्रो वर्षको प्रयोगात्मक परीक्षा पनि दिएनन् । पढाइमा पाएको असफलताले उनको मनमा खिन्नता उत्पन्न भयो अनि उनी भारतको दिल्ली गए । परिवारलाई कहाँ छ ? के गर्दै छ ? भन्ने जानकारी समेत नगराई **यु. पी. बोर्ड** भन्ने प्राइवेट कलेजमा आइ. ए. पढ्न भर्ना भए । दिल्ली कै एउटा प्राइवेट कम्पनीमा काम गर्दै पढ्दै गरेका पाण्डेले तीन वर्षमा **यु. पी. बोर्ड कलेज**बाट सन् १९८७ मा आइ.ए. उत्तीर्ण गरे (शोधनायकबाट प्राप्त जानकारी) । त्यसपछि बी.ए. पढ्न दिल्ली विश्व विद्यालयको **डी.ए.भी.कलेज**मा भर्ना भए । उनले राजनीति शास्त्र र अर्थशास्त्रबाट सन् १९९० मा बी.ए. (स्नातक) उत्तीर्ण गरे । उनको औपचारिक शिक्षा यतिमै रोकिए तापनि मेहेनती इमानदार र लगनशील पाण्डेले विभिन्न विषयहरूको स्वाध्ययन गरी ज्ञानको भण्डार बढाएका छन् (शोधनायकबाट प्राप्त लिखित जानकारी) ।

### २.५. विवाह र सन्तान

रामदेव पाण्डेको विवाह र सन्तानको बारेमा अलग अलग उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

#### २.५.१. विवाह

रामदेव पाण्डेको विवाह वि. सं. २०३९ साल जेठ महिनामा पिता बलभद्र न्यौपाने र माता डिल्ली न्यौपानेकी सुपुत्री द्रोणमाया न्यौपानेसँग भएको हो । विवाह हुने समयमा उनले भर्खर एस. एल. सी. को परीक्षा दिएका थिए तर नतिजा प्रकाशित भएको थिएन । उनी सानै उमेरका भएकाले विवाहका बारेमा केही सोचेका थिएनन् र विवाह गर्ने इच्छा पनि थिएन । उनले पढाइलाई निरन्तर रुपमा अगाडि बढाउने र उमेर पुगेपछि आफ्नो जीवन र भविष्यको बारेमा केही सोच्न र काम गर्न सक्ने भएपछि मात्र विवाह गर्ने इच्छा थियो । विवाह गर्ने इच्छा र उमेर भएको छैन भनी अनुरोध गर्दा पनि उनका आफन्त र अविभावकहरूले मानेनन् । उनले आठ कक्षामा पढ्दा देखि नै बुबा आमा र आफन्तले आफूसँगै पढ्ने साथी डिलाराम न्यौपानेकी बहिनीसँग विवाह गराइदिने सुर कसेका थिए तर उनले नमानेपछि विवाह हुन सकेको थिएन । एस.एल.सी. उत्तीर्ण गरेपछि पढाइलाई निरन्तरता दिने भए विवाह गरेर श्रीमती घरमा छोड्नुपर्ने सर्त घरका अविभावकले गरे । यस्तो अवस्था सिर्जना भएपछि उनलाई धेरै अप्ठ्यारो महसुस भयो । बुबा आमाले पनि रूँदै

सम्झाउँदै आग्रह गरेपछि अनि आफ्नै मामाले पनि धेरै जोड गरेपछि बाध्यताबश विवाह गर्न मञ्जुर भए र उनको विवाह भयो । आफ्नै बुबा आमाको करकापमा परेर इच्छा विपरित भएको यस विवाहलाई उनले एउटा अविस्मरणीय घटनाका रुपमा लिएका छन् ( शोधनायकबाट प्राप्त लिखित जानकारी) ।

### २.५.२. सन्तान

रामदेव पाण्डेकी श्रीमती द्रोणमाया पाण्डेको कोखबाट दुई छोराको जन्म भएको छ । उनका छोराको नाम क्रमश : प्रकाश पाण्डे र आकाश पाण्डे हो । जेठो छोरा प्रकाश **सेन्ट जेभिएर कलेज**बाट बी.एस.सी. तेस्रो वर्षको परीक्षा दिँदैछन् । कान्छो छोरा आकाश **एम्बिसन एकेडेमी** बानेश्वरमा कक्षा १२ मा विज्ञान बायोलोजी पढ्दैछन् । उनका छोराहरू अत्यन्तै लगनशील मिहिनेती र इमान्दार छन् । उनीहरूको बानी व्यवहार पनि अत्यन्तै उत्कृष्ट रहेको छ । उनीहरूको इमान्दारिता, परिश्रम गर्ने बानी र लगनशीलताले गर्दा पढाइमा पनि राम्रो सफलता प्राप्त भएको छ । छोराहरूको इमान्दारिता र पढाइमा पाएको सफलता देखेर पाण्डे यसैमा सन्तोष भएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.६. आर्थिक अवस्था

रामदेव पाण्डेको जन्म पसाानो खानदानी परिवारमा भएको थियो । जग्गा जमिन प्रशस्त भएका रामदेवको परिवारमा वाह्य आम्दानीको स्रोत केही थिएन । उनका बुबा आमा आफ्नै जग्गा जमिनमा परिश्रम गरेर जीविकोपार्जन गर्दै आएका थिए ।

अहिले उनको आर्थिक अवस्था मध्यम खालको रहेको छ । जन्मथलो पहाडमा पनि आफ्नो नाममा घर नभएको उनी बताउँछन् । काठमाडौँमा व्यवसाय गरी पाण्डेको जीवन अगाडि बढिरहेको छ । काठमाडौँजस्तो खर्चिलो ठाउँमा खर्च धानीरहेको उनी बताउँछन् । उनी आफ्ना छोराहरूको पढाइलाई नै सम्पत्ति ठान्छन् । आर्थिक रुपले सम्पन्न भएर ऐस आरामको जीवन विताउने लक्ष्य उनको देखिँदैन । उनको लक्ष्य भनेको मिहिनेती श्रम, सीप र आफ्नो क्षमताले भ्याएसम्म उत्पीडित तथा असहाय बालबालिका र बृद्धबृद्धाहरूको हितको लागि कार्य गर्ने रहेको छ । पाण्डेको इमान्दारिता, परिश्रम र छोराहरूको पढाइमा पाएको सफलताले गर्दा उनको भविष्य उज्ज्वल देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.७. व्यक्तिगत रुचि र स्वभाव

हरेक व्यक्तिका आआफ्नै रुचि र स्वभाव रहेका हुन्छन् । अलग अलग मान्छेका अलग अलग स्वभाव भएजस्तै रामदेव पाण्डेका पनि आफ्नै स्वभाव रहेका छन् ।

बालयावस्थादेखि नै पढ्ने तथा लेख्ने, चिन्तन मनन गर्ने रुचि भएका इमान्दार, लगनशील, मिहिनेती र मिलनसार पाण्डे कक्षा १० सम्म पढ्दा विद्यालयबाट हुने जिल्लास्तरीय सबैखाले बौद्धिक, शारीरिक (खेलकुद) कार्यक्रममा सहभागी हुने गर्दथे । सरस्वती माध्यमिक विद्यालयबाट लगातार तीन वर्षसम्म वीरेन्द्रशील्ड जितेका उनले दुई वर्षसम्म टिम खेलाडी भएर खेलेका थिए । उनले भाग लिएका कार्यक्रममा उनका साथीहरूले आफूहरूलाई पहिले नै दोस्रो स्थानमा गणना गर्दथे (शोधनायकबाट प्राप्त जानकारी) ।

खानेकुरामा साकाहारी खानेकुराभन्दा मांसाहारी खानेकुरा बढी मन पराउँछन् । माछा, खसीको मासु कुखुराको मासुका साथै मासुका विभिन्न परिकारहरू बनाएर खान रुचाउँछन् । मासुका परिकार मनपराए तापनि खानेबेलामा कुनै पनि खानेकुरा यो मीठो भएन र खाँदिन भन्ने उनको बानी छैन । जस्तोसुकै खानेकुरा भए पनि सहज रुपमा खाने गर्दछन् (श्रीमती द्रोणमायाबाट प्राप्त जानकारी) ।

रङहरूमा आकाशे नीलो रङ बढी मन पर्छ । भलिबल, टेवल टेनिस, चेस खेल्न मनपराउनुका साथै उनलाई क्रिकेट खेल हेर्न पनि औधी मन पर्छ । आफ्नो पेशा बाहेक उनले विभिन्न विषय, क्षेत्रमा सोधखोज गरी तथ्य घटनालाई पाठकसामु ल्याउने काम गरेका छन् । साहित्य पढ्ने र लेख्ने बानी भएका पाण्डेले बालसाहित्यमा विशेष जोड दिने गर्दछन् । जहिले पनि समयको अभाव भएको महसुस गर्ने उनी आजसम्म समय बढी भएर वा खाली समय भएर के गर्ने भन्ने अवस्था नभएको बताउँछन् । निर्भीक र स्वाभिमानी पाण्डे आफू कसैको चाकडी गर्दैनन् र चाकडी गर्नेलाई पटक्कै मनपराउँदैनन् । आफूप्रति कसैले अन्याय, अत्याचार गरेको सहन सक्दैनन्, त्यसको खुलेर बिरोध गर्दछन् । अन्यायमा परेकालाई आवश्यक सल्लाह र सुझाव दिँदै सहयोग गर्दछन् । उनको अरुप्रति हृदयदेखि खुलेर सहयोग गर्ने बानी रहेको छ ।

आफू इमान्दार भएका कारण अरुलाई पनि छिटो विश्वास गर्छन् । यही बानीले गर्दा पटक पटक धोका पनि पाएका छन् । खासगरी आर्थिक समस्या परेर दुःख देखाउँदै आउने व्यक्तिलाई आफूसँग नभए खोजेर भएपनि पैसा दिएर पठाउँछन् । पैसा लगेपछि झट्ट पैसा नफर्काइदिने गरेको र कसै कसैले त फिर्ता नै नगरेको बताउँछन् । आफ्नो कुरामा अत्यन्तै गहिरो अडान लिने पाण्डे सत्य, तथ्य कुराका लागि जडसूत्रवादी नबने कुरा बताउँछन् । समाजको रुचिलाई हेरेर विस्तारै परिवर्तन गराउँदछन् । बाल्यावस्था खासगरी १५ वर्षको उमेरसम्म अत्यन्त अन्धविश्वासी पाण्डे अहिले आएर अन्धविश्वास र रूढिवादी प्रचलनप्रति

अलिकति पनि विश्वास गर्दैनन् । यस्तो प्रचलनको खुलेर विरोध गर्दछन् । धार्मिक कट्टरताका विरोधी पाण्डेले महिला विरुद्ध हुने अन्याय, अत्याचारको खुलेर विरोध गर्दछन् । महिला विरुद्ध हुने अन्याय, अत्याचार, थिचोमिचो, बेचविखन आदिका विरुद्ध सधैं लागिरहने लक्ष्य लिएका छन् । उत्पीडित तथा असहाय बालबालिका र बृद्ध बृद्धाहरूको हितका लागि काम गर्ने उद्देश्य लिएका पाण्डेले सबै मान्छेले केही न केही काम गरिरहोस् भन्ने उनको चाहना रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.८. साहित्यिक प्रेरणा र प्रभाव

रामदेव पाण्डेले साहित्यिक लेखनको प्ररण आफ्नै गुरु युवराज पाण्डेबाट पाएका हुन् । बाल्यकालदेखि नै लेखन कार्यमा कलम चलाउन सुरु गरेका पाण्डेको २०३३ सालमा सार्वजनिक निम्नमाध्यमिक विद्यालय छत्रगन्जबाट प्रकाशित टुकी पत्रिका (सम्पादक युवराज पाण्डे) मा **बली नदेऊ** शीर्षक कविता प्रकाशित भएदेखि औपचारिक रुपमा आरम्भ भएको हो । उनले कविता, लघुकथा, कथा, बाल साहित्य, निबन्ध, ज्ञान विज्ञान, हास्यव्यङ्ग्य आदि विविध विधामा कलम चलाएका छन् (अक्षर भित्रका स्रष्टाहरू, पृष्ठ ४०१) । साहित्यका विविध विधाहरूमध्ये उनको बाल साहित्यमा बढी लगाब रहेको छ । उनी बालसाहित्यका माध्यमबाट नेपाली साहित्यमा विशेष परिचित छन् । उनले बालकथा लेखेका छन् । उनको **ल है मीत ज्यू !** (सचित्र बाल कथा) बालबालिकाहरूमा एक आपसमा सहयोगी भावनाको विकासमा सहयोग पुऱ्याउने सन्देशमूलक कथा हो । **विश्वका अद्भुत बालाबलिकाहरू (भाग १)** नेपाल लगायत विश्वका कुना काप्चामा रहेका कम उमेरका तर उनीहरूले गरेका साहसिक कार्यलाई यथार्थ रुपमा सोध खोज गरी आफ्नै भाषा र शैलीमा कथाको स्वरुप दिएर लेखिएको खोजमूलक लेख हो । यस कृतिले बालबालिकाहरूलाई साहसिक कार्य गर्ने प्रेरणा दिने छ । यसका साथै उनले विभिन्न विषय र क्षेत्रमा सोधखोज तथा अन्वेषण गरी यथार्थ तथ्यहरूको सङ्कलन गरेर पुस्तकाकार कृतिहरू प्रकाशित गरेका छन् । विभिन्न देशमा रहेका अन्ध परम्पराहरूलाई सङ्कलन सम्पादन गरेर **विश्वका अनौठा अन्धविश्वास र प्रथाहरू** कृति प्रकाशित गरेका छन् । यस कृतिले अन्धविश्वासमा रुमलिएको समाज र व्यक्तिहरूलाई अन्धविश्वासबाट मुक्त गराउन सहयोग पुऱ्याउने छ ।

रामदेव पाण्डे रेडियो अडियोद्वारा सञ्चालित देशव्यापी हास्यव्यङ्ग्य कथा प्रतियोगितामा पहिलो पटक अर्घाखाँची प्रथम र देशभरिबाट चुनिएर आएका ३२ कथा

मध्येबाट पनि प्रथम भई पुरस्कार स्वरुप रू. पच्चिस हजार प्राप्त गरेका थिए (शोधनायकबाट प्राप्त लिखित जानकारी) ।

## २.९. प्रकाशित कृतिहरू

विद्यालय समयदेखि नै सृजनात्मक लेखनतर्फ लागेका पाण्डेका सिर्जनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका बालसाहित्यका साथ साथै अन्य बिधाका साहित्यिक कृतिहरू, खोजमूलक लेखहरू पुस्तकाकार कृतिका रुपमा प्रकाशित भएका छन् । विशेष साहित्यका रुपमा अद्भुत अनौँठा तथ्यहरूको खोजी गरी पुस्तकाकार कृति प्रकाशित गरेका छन् । उनका हिन्दी र अङ्ग्रेजी भाषामा लेख रचनाहरू प्रकाशित छन् । हिन्दी भाषाबाट नेपाली भाषामा अनुवाद गरीएको निबन्ध सङ्ग्रह पनि प्रकाशित भएको छ । उनका प्रकाशित पुस्तकाकार कृतिहरूको विवरण निम्नानुसार छ :

| क.सं. | **कृतिहरू** | प्रकाशित मिति |
|---|---|---|
| | **बालसाहित्य** | |
| १. | ल है मीत ज्यू (सचित्र बालकथा) | वि. सं. २०६६ |
| २. | विश्वका अद्भुत बालबालिकाहरू | वि. सं. २०६६. |
| | **खोजमूलक कृतिहरू** | |
| ३. | विश्व प्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरू | वि. सं. २०६५ |
| ४. | ६६६ रोचक तथ्यहरू | वि. सं. २०६५ |
| ५. | विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू | वि. सं. २०६६ |
| ६. | अद्भुत संयोगहरू | वि. सं. २०६७ |
| ७. | सफलता विज्ञान (सहलेखन) | वि. सं. २०६७ |
| ८. | तिमीहरूको नाश (अनुवाद) दार्शनिक निबन्ध सङ्ग्रह | वि. सं. २०६६ |

## तेस्रो अध्याय

# रामदेव पाण्डेको व्यक्तित्व

### ३.१. निजी व्यक्तित्व (बाह्य व्यक्तित्व)

कुनै पनि व्यक्तिको व्यक्तित्व उसको स्वाभाविक गुणले निर्धारण गर्दछ । त्यस्तै हरेक व्यक्तिको बाह्य शारीरिक व्यक्तित्व पनि फरक फरक तरिकाले निर्माण भएको हुन्छ ।

झलक्क हेर्दा आकर्षक व्यक्तित्वका धनी रामदेव पाण्डेको बाह्य शारीरिक व्यक्तित्वमा गहुँगोरो वर्ण, अग्ला र मोटा देखिन्छन् । खाइलाग्दो र स्वस्थ शरीर देखिने पाण्डेको सरल व्यवहार तर गम्भीर स्वभावले गर्दा जो कोही पनि छिटै घुलमिल हुन सक्छन् । साधारण र सफा पोसाक लगाउने उनी सहयोगी र सही सल्लाह दिने व्यक्तिका रुपमा पाउन सकिन्छ । जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि नआत्तिई धीरताका साथ निर्णय दिन सक्ने क्षमता उनमा रहेको छ (शोधनायकसँग प्रत्यक्ष भेटबाट प्राप्त जानकारी) ।

### ३.२. आन्तरिक व्यक्तित्व

रामदेव पाण्डेको आन्तरिक व्यक्तित्वलाई क्रमश : प्रस्तुत गरिन्छ ।

#### ३.२.१. साहित्यकार व्यक्तित्व

आफ्ना गुरु युवराज पाण्डेको प्रेरणाबाट २०३३ सालमा टुकी पत्रिकामा प्रकाशित **बली नदेऊ** शीर्षक कविताबाट साहित्य लेखन आरम्भ गरेका पाण्डेले कविता, कथा, लघुकथा, निबन्ध, ज्ञानविज्ञान, हास्यव्यङ्ग्य आदि विधामा कलम चलाएका छन् (अक्षर भित्रका स्रष्टाहरू, पृष्ठ ४०१) । हास्यव्यङ्ग्य सम्बन्धी विभिन्न लेख रचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

#### ३.२.२. बालसाहित्यकार व्यक्तित्व

बालबालिका भनेका राष्ट्रका भोलिका भविष्य बाहक हुन् । उनीहरूको भविष्य निर्माणमा साहित्यको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । स्वच्छ बालसाहित्यले बालकहरूमा राम्रो विचारको सिर्जना गर्छ । यही राम्रो विचार राष्ट्र र समाजका लागि उपयोगी हुन पुग्छ । (डा. कविताराम श्रेष्ठ : जीवनी, व्यक्तित्व र कृतित्व (पृष्ठ : ५५) कौशिका साहित्य प्रतिष्ठान काठमाण्डौँ) ।

यसै कुरालाई ध्यानमा राख्दै रामदेव पाण्डेले बालसाहित्य अन्तर्गत बालकथा लेखेका छन् । उनको **ल है मीत ज्यू !** (सचित्र बालकथा) सामाजिक सन्देशमूलक बालकथा हो । यस कथामा लाखु नाम गरेको छट्टु स्याल बाघ र हात्तीको नक्कली मीत बनेर दुबैजनाको

झगडा पारिदिएको छ । यस कथाले बालबालिकाहरूलाई एक आपसमा मिलेर बस्नु पर्ने, एकले अर्कालाई सहयोग गर्नु पर्ने, एकआपसमा मिलेर काम गरे जस्तोसुकै कठिन काम पनि सजिलै समाधान गर्न सकिने कुरा बालमस्तिष्कमा भित्र्याउने उद्देश्य राखिएको छ ।

त्यसैगरी पाण्डेको **विश्वका अद्भुत बालबालिकाहरू** (भाग १) खोजमूलक लेखमा नेपाल लगायत विश्वका विभिन्न ठाउँमा रहेका बालबालिकाहरूले गरेका साहसिक कार्यलाई आफ्नै भाषा र शैलीमा कथाको स्वरुप दिएर कृति प्रकाशित गरेका छन् । **विश्वका अद्भुत बालबालिकाहरू** (भाग १) ले बालबालिकाहरूलाई धैर्य गर्न सिकाउँछ , आँटिलो बनाउँछ, सहयोगी भावनाको विकास गराउँछ । जस्तोसुकै कठिन परिस्थितिमा पनि नआत्तिने र धैर्यवान बनाउँछ (ज्ञवाली : रामप्रसाद, भूमिका, विश्वका अद्भुत बालबालिकाहरू) ।

**विश्वका अद्भुत बालबालिकाहरू** (भाग १) कुनै काल्पनिक, मनगढन्ते लेखहरूको सङ्गालो नभएर विश्वका कुनाकाप्चामा रहेका बालबालिकाले आफ्नो ज्यानको बाजी लगाएर गरेका साहसिक कार्यहरूको खोजमूलक लेख हो । यस कृतिको अध्ययनले बालबालिकाहरूलाई भविष्यमा गएर राम्रा राम्रा काम गर्ने प्रेरणा मिल्नेछ ।

### ३.२.३. ज्ञानविज्ञान सम्बन्धी खोजमूलक व्यक्तित्व

रामदेव पाण्डेले साहित्यका अतिरिक्त ज्ञानविज्ञान सम्बन्धी विभिन्न कुराहरूको खोज गरी **विश्व प्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरू** कृति प्रकाशित गरेका छन् । यो कृति विभिन्न पत्रपत्रिका, इमेल, इन्टरनेट, पुस्तक, रेडियो आदिबाट सामग्रीहरू सङ्कलन गरी नेपाली भाषामा प्रकाशित छ । यस कृतिमा मानिस, जीवजन्तु, पशुपंक्षी, वनस्पति आदिले गरेका र देखाएका विभिन्न कार्य र क्रियाकलापहरूलाई समेटिएको छ । ती क्रियाकलापहरू सुन्दा र पढ्दा मानिसहरू यस्तो पनि हुनसक्ने रहेछ भनेर आश्चर्यमा परेका छन् । उनले नेपाली भाषाका माध्यमबाट यथार्थ कुराहरूलाई पाठकसामु ल्याई पाठकलाई यथार्थ जानकारी दिने सक्दो प्रयास गरेका छन् ।

**३३३ अद्भुत आश्चर्यहरू** कृतिले पाठकहरूको मन छुन धेरै सफल भयो । यसै कृतिको सफलता आफूले पाएको प्रेरणा र प्रभाव स्वरुप उनले आफ्नै सङ्कलन र सम्पादनमा **६६६ रोचक तथ्यहरू** नामक कृति प्रकाशन गरे । सामग्रीहरूको सङ्ग्रहका रुपमा रहेको यस कृतिले नेपालका जिज्ञासु पाठकलाई झन् जिज्ञासु बनाउँछ भन्ने लागेको छ । लेख्नु भनेको कल्पना र भावुकतामा खेलेर पाठकमा भ्रम सिर्जना गर्नु मात्र होइन । संसारमा मानवजीवन, प्रकृति, संस्कृति, प्रचलन र जैविक सन्दर्भसँग जोडिएका के कस्ता रोचक

तथ्यहरू छन् ? जसको जानकारीले मात्र हाम्रो ज्ञान भण्डार समृद्ध र पूर्ण हुन्छ । संसारमा यस्ता कुराहरू पनि हुँदारहेछन् भनेर देखाउने काम यस कृतिले गरेको छ (नेपाल : देवी, भूमिका : ६६६ रोचक तथ्यहरू) ।

**विश्वका अनौठा अन्धविश्वास र प्रथाहरू** कृतिले विश्वमा के कस्ता अन्धविश्वासहरू रहेका छन् र ती अन्धपरम्परामा समाज र त्यस समाजका मानिसहरू कसरी रुमलिएका छन् भन्ने कुरालाई देखाइएको छ । यस कृतिको अध्ययनले समाजमा रहेका अन्धपरम्परालाई हटाउन र स्वच्छ समाजको निर्माणमा सहयोग पुग्ने देखिन्छ । **अद्भुत संयोगहरू** कृति विभिन्न संयोगहरूको सङ्ग्रह हो ।

### ३.२.४. निबन्धकार व्यक्तित्व

निबन्ध लेखनमा पनि रामदेव पाण्डेको अभिरुचि रहेको छ । पुस्तकाकार कृतिका रूपमा उनका निबन्ध प्रकाशित नभए तापनि पत्रपत्रिकामा उनका निबन्धहरू प्रकाशित छन् ।

### ३.२.५. अनुवादक व्यक्तित्व

रामदेव पाण्डेले अनुवाद साहित्यमा पनि कलम चलाएका छन् । उनले **ल है मीत ज्यू !** (सचित्र बालकथा) लाई अङ्ग्रेजीमा **वेल डन फ्रेण्ड** (Well Done Friend !) मा अनुवाद गरेका छन् । त्यसैगरी भारतका साहित्यकार राहुल साङ्कृत्यानको दार्शनिक निबन्ध सङ्ग्रह तिमीहरूको नाश नेपालीमा अनुवाद गरी प्रकाशित भएको छ ।

### ३.२.६. सामाजिक व्यक्तित्व

रामदेव पाण्डे समाजसेवामा रमाउने व्यक्ति हुन् । समाजसेवा कै क्रममा विभिन्न सामाजिक तथा साहित्यिक सङ्घ सङ्गठनहरूमा रहेर काम गरेको बताउँछन् । जात जाति, रूप रंग, धर्म सम्प्रदाय, रीतिरिवाज आदिले जन्माएको वर्ग विभाजनबाट समाजसेवीको व्यक्तित्व माथि उठेको हुनुपर्दछ अनि मात्र कुनैपनि समाजसेवीले निस्पक्ष रहेर समाजसेवा गर्न सक्ने उनको मान्यता छ (शोधनायकबाट प्राप्त लिखित जानकारी) ।

समाजमा कसैले कसैलाई अन्याय गरेको नसहने पाण्डेले अन्यायमा परेकालाई सक्दो सहयोग गर्नुका साथै उचित सल्लाह पनि दिन्छन् । समाजमा देखिएका अन्धविश्वास र रूढिवादी परम्परालाई हटाउन, समाजलाई परिवर्तन गर्न, महिलाहरू माथि हुने गरेका शोषण, दमन, अन्याय र अत्याचारलाई हटाउन त्यसका विरुद्ध सधैँभरि लागिरहने बताउँछन् ।

पढाइ र कामको सिलसिलामा भारतमा रहँदा उनी भारतको अखिल भारत एकता समाज मा आवद्ध भएर भारतमा कार्यरत नेपाली मजदुर र कर्मचारीहरूलाई आइपरेका विविध समस्याहरूको समाधानका लागि त्यहाँको सरकारी निकाय, अदालत र प्रहरी कार्यालयमा गई उनीहरूको समस्या समाधानको लागि पहल गर्ने काम समेत गरेका थिए (शोधनायकबाट प्राप्त लिखित जानकारी) । त्यसैगरी भारतका विभिन्न कलकारखानामा काम गरेर तलब नपाएका र अन्यायमा परेका, कलकारखाना र घरहरूमा काम गर्दा गर्दै दुर्घटनामा परेका, भारतमा हत्या गरिएका नेपालीहरूलाई सहयोग गर्न र क्षतिपूर्ति दिलाउनको लागि पनि पहल गरी न्याय दिलाउने काम गरेका छन् (शोधनायकबाट प्राप्त लिखित जानकारी) ।

त्यसैगरी आफ्नै गाउँ घरमा आपसी समस्या र झैझगडा पर्दा त्यसको निस्पक्ष समाधानको लागि सबैले खोज्ने गर्छन् (भाइ लक्ष्मणदेव पाण्डेद्वारा प्राप्त जानकारी) । कुनैपनि विकास निर्माणका काममा आफू अघि लागेर त्यसको नेतृत्व गर्ने गरेको बताउँछन् । गाउँ घरमा खेलकुद, साहित्य, जनचेतना अभिवृद्धि गर्नका लागि गाउँ र जिल्लाहरूमा यस सम्बन्धी कार्यक्रमको थालनी गरेका छन् । यसैगरी जनआन्दोलन २०६२-६३ (जनआन्दोलन-२) को सम्पूर्ण अवधिभर वुटवलमा रही त्यस आन्दोलनमा सहभागिता जनाएका थिए । कविता लेख्ने, सुनाउने गरेर जनजागरणका काममा सक्रिय रहेका थिए । अन्धविश्वासका कट्टर विरोधी पाण्डे अन्धविश्वासविरुद्धका हरेक क्रियाकलापमा सरिक हुने गरेका छन् (शोधनायकबाट प्राप्त लिखित जानकारी) ।

### ३.२.७. बहुभाषी व्यक्तित्व

रामदेव पाण्डेको मातृभाषा नेपाली हो । उनका नेपाली भाषामा विभिन्न ज्ञानविज्ञान, खोज अनुसन्धानमूलक लेख रचनाहरू प्रकाशित भएका छन् । त्यस्तै साहित्य विधा अन्तर्गत कथा, निबन्ध, कविता आदि नेपाली भाषामा प्रकाशित भएका छन् । नेपाली भाषामा राम्रो दखल भएका पाण्डे नेपालीका अतिरिक्त हिन्दी र अङ्ग्रेजी भाषाका पनि कुशल ज्ञाता हुन् । उनले आफ्नो अध्ययनका क्रममा हिन्दी र अङ्ग्रेजी भाषामा पनि राम्रो दक्षता हासिल गरेका छन् । उनका हिन्दी र अङ्ग्रेजी भाषामा पनि लेख रचनाहरू प्रकाशित छन् । भारतबाट निस्कने नेपाली मासिकको हिन्दी पेजमा आफूले लेख लेख्ने गरेको बताउँछन् । काम चलाउ भाषाको रुपमा सिन्धी र थाई भाषाको पनि ज्ञान रहेको छ (शोधनायकबाट प्राप्त लिखित जानकारी) ।

### ३.२.८. भ्रमण

रामदेव पाण्डेले स्वदेश तथा विदेशको पनि भ्रमण गरेका छन् । भ्रमणकै सिलसिलामा उनले नेपालका दुई दर्जन जिल्लाहरूमा पुगेका छन् । यसका साथै भारतका प्रमुख सहरहरूको र थाइल्याएण्डको बैङ्कक लगायतका ठाउँहरूको भ्रमण गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### ३.२.९. सेवा तथा संलग्नता

रामदेव पाण्डे विभिन्न संस्थाहरूमा संलग्न रहेर विभिन्न कार्यमा सहयोग गर्दै आएका छन् । सन् १९८८ देखि सन् १९९० सम्म **कैलाश साहित्य सदन दिल्ली**को (हिन्दी साहित्य) सदस्य पदमा रही काम गरेका थिए । त्यसैगरी उनी प्रगतिशील लेखक सङ्घका सदस्य, नेपाल बालसाहित्य समाजका आजीवन सदस्य, शब्दाङ्कुर साहित्यिक मासिकका आजीवन सदस्य, नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घ जिल्ला कार्य समिति काठमाण्डौका सदस्य र ऐरावती प्रकाशन प्रा. लि. का अध्यक्ष भएर विभिन्न सेवा र सहयोग पुऱ्याइरहेका छन् (शोधनायकबाट प्राप्त लिखित जानकारी) ।

# चौथो अध्याय

# रामदेव पाण्डेका कृतिको अध्ययन

## ४.१. बालसाहित्य सम्बन्धी लेखकको धारणा

रामदेव पाण्डेले बालसाहित्य सम्बन्धी विभिन्न लेखहरू लेखेर विभिन्न पत्रपत्रिकाका माध्यमबाट प्रकाशित भएका छन् । बालसाहित्य सम्बन्धी गोष्ठीमा भाग लिएर आफ्ना विचार समेत व्यक्त गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । बाल साहित्यमा बालबालिकाको दृष्टि जतिसक्यो उति फराकिलो र चहकिलो पार्ने विषयवस्तु रहनु बालसाहित्यको आवश्यकता र राम्रो पक्ष हो । बालसाहित्यको विषयवस्तु त्यस्तो होस् जहाँ बालबालिकाहरू नाच्न, गाउन, खेल्न र रमाउन सकून् । तर बालबालिकाको मनोबल घटाउने र निराश हुने किसिमको विषयवस्तु हुनु हुँदैन । बालबालिकाहरूका विषयमा लेख्दा उनीहरूको उमेर, रुचि, क्षमता, स्तर र मनस्थितिलाई बुझेर लेख्नुपर्छ । बालमनोभावना नबुझी दिएको अभिव्यक्ति बालकको मन छुने किसिमको हुँदैन । त्यसैले बालसाहित्यकारले आफ्नो मसितिष्क बालबालिकाको जस्तो बनाएर उनीहरूको मनोभावना अनुकूलको अभिव्यक्ति दिनु राम्रो हुन्छ । संसारलाई नै बालबालिकाहरूको आँखाबाट चियाउनु पर्छ ।

बालसाहित्यका सम्बन्धमा रामदेव पाण्डेको विचार के छ भने देश र समाजको उज्ज्वल भविष्य बालबालिकाहरूको चरित्रमा निर्भर गर्दछ । आजका कोमल बालबालिकाहरू नै भोलि राष्ट्रका सच्चा कर्णधार बन्ने हुनाले बालबालिकाहरूको मानसिक र बौद्धिक विकासमा प्रारम्भदेखि नै उपयोगी हुने खालका रचनाहरू दिनु आवश्यक देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी ) ।

## ४.२. ल है मीत ज्यू ! (सचित्र बालकथा), लेखक धारणा

यस बालकथामा नराम्रो व्यक्तिले आफ्नो स्वार्थपूर्तिका लागि सबैसँग मीत लगाउँछ । सोझा, इमान्दार निमुखाहरूलाई एकआपसमा लडाएर आफ्नो फाइदा लिने काम गर्छन् । अन्त्यमा यथार्थ कुरो खुलेपछि ऊ समाजबाट नै अलग्गिनु पर्दछ । यो कथा समाजमा एकआपसमा मिलेर बस्नुपर्ने परिश्रम गर्नुपर्ने कुरा बालबालिकाहरूलाई सिकाउन सहयोग पुऱ्याउने सामाजिक सन्देशमूलक बालकथा हो (शोधनायकबाट प्राप्त जानकारी) ।

(क) **परिचय**

**ल है मीत ज्यू !** रामदेव पाण्डेको सचित्र बालबथा हो । यो कृतिको प्रकाशन वि. सं. २०६६ साल बैशाखमा ऐरावती प्रकाशन प्रा. लि. बाट भएको हो । यसको अङ्ग्रेजीमा अनुवाद गरी **वयल डन फ्रेण्ड** पनि प्रकाशित भएको छ ।

(ख) **संरचना**

**ल है मीत ज्यू !** (सचित्र बालकथा) कृति बाहिरी आवरण पृष्ठ बाहेक ३२ पृष्ठमा फैलिएको छ । बाहिरी पृष्ठमा रङ्गीन चित्र बनाइएको छ । घना जङ्गल रहेको छ । हात्ती र बाघ एकआपसमा हात हालाहाल गरेर लडिरहेका छन् । त्यही जङ्गलको नजिकै एउटा ठूलो र अग्लो ढुङ्गो रहेको छ । त्यही ढुङ्गामाथि एउटा स्याल बसेर ताली बजाउँदै हात्ती र बाघ लडेको (झगडा गरिरहेको) हेरिरहेको छ । यसले गर्दा यो पुस्तक आकर्षक देखिन्छ । यसको विषयवस्तु अनुसारका विभिन्न प्रसङ्गका आकर्षक चित्रहरू भित्री पृष्ठमा रहेका छन् जसले गर्दा पुस्तक आकर्षक र रोचक देखिएको छ ।

(ग) **कथावस्तु/विषयवस्तु**

प्रस्तुत **ल है मीत ज्यू !** बालकथाको कथावस्तु सामाजिक सन्देशमूलक रहेको छ । समाजमा घट्नसक्ने र घटेका घटनाहरूलाई यस कथामार्फत देखाउने प्रयास गरिएको छ । सबैजना मिलेर एकआपसमा सरसल्लाह गरेर काम गरेमा जस्तोसुकै काम पनि सजिलै गर्न सकिन्छ भन्ने कुरालाई कथाबाट प्रष्ट पारिएको छ ।

**ल है मीत ज्यू !** कथाको कथा अनुसार कुनै एउटा घनघोर जङ्गल रहेको छ । त्यहाँ थरिथरिका जनावरहरू एकले अर्कोलाई अथवा अर्काको काममा बाधा नपुऱ्याई मिलेर बसिरहेका थिए । त्यो जङ्गल एउटा सभ्य नागरिकको समाज जस्तै थियो । तिनै जनवरहरूका बीचमा एउटा लाखु नाम गरेको छट्टु स्याल पनि बस्ने गर्दथ्यो । लाखु अल्छी थियो त्यसैले अरू जनावरहरूले आफूलाई र आफ्ना बच्चाहरूलाई खोजेर ल्याएको खानेकुरा चोरेर खाइदिएर हैरान पारेको थियो । त्यस जङ्गलमा रहेका कुनै पनि जनावरहरूलाई केही समस्या आइपऱ्यो भने सबै जनावरहरू एकै ठाउँमा भेला भएर त्यस समस्याको समाधान गर्दथे । त्यसै अनुसार एकदिन खरायो, जरायो, चितुवा, अष्ट्रिचले जनावरहरूको सभा डाके र त्यसै सभामा बाघ, भालु, स्याल, हात्ती, मयुर, डाँफे सबै जम्मा भए । जिराफले सभाको सञ्चालन गऱ्यो । लाखु स्यालले सबै जनावरको खानेकुरा चोरेर खाइदिएर सबैलाई दुःख दिएको कुरा सबै जनावरहरूले आ-आफ्नो तर्फबाट सुनाए । लाखु स्याललाई सजायँ दिएर

यस समस्याको समाधान गर्न बाघ र हात्तीलाई आग्रह गरे यस भन्दा अघि पनि लाखुले सजायँ भोगिसकेको थियो तर उसको बानी सुध्रेको थिएन । यस पटक पनि सबै जनावरहरूले एक आपसमा सल्लाह गरेर पन्ध्र दिनका लागि त्यस जङ्गलबाट निकाल्ने निधो गरे । त्यसै अनुसार लाखु पनि जङ्गल छोडेर गयो ।

दुई हप्ता पुगेपछि लाखु स्याल लुरुलुरु गर्दै त्यस जङ्गलमा आयो । सबै जनावरहरूले लाखु सुध्रिएर आयो होला भन्ने सोचे र लाखुलाई सोधे लाखुले पनि अबदेखि कसैलाई दुःख नदिने कुरा सुनाएपछि सबै जनावर खुसी भए । लाखु छट्टु थियो । उसको व्यवहारमा कुनै परिवर्तन आएको थिएन । लाखुले मनमनै विचार गऱ्यो । उसले बाघ हात्तीसँग मीत लगाई उनीहरू दुवैलाई आफ्नो अभिन्न मित्र बनाई उनीहरूको झगडा पारिदिने र आफ्नो स्वार्थपूर्ति गर्ने चिार गऱ्यो । त्यसै अनुसार एकदिन बाघलाई एकान्तमा भेट्यो र उसलाई आफूले भनेको कुरा अरू कसैलाई नभन्ने बाचा बँधायो । बाघसँग मीत लगाई हात्तीले जङ्गलका अरू जनावरसँग मिलेर बाघलाई मारी आफू जङ्गलको राजा बन्नलाई अरू हात्तीसँग सल्लाह गर्दै गरेको सुनायो । उसले बाघलाई विश्वास दिलाउन हात्तीहरू एकै ठाउँमा बसेको फोटो पनि देखायो । लाखुको कुरा सुनेपछि बाघ रिसले चुर भयो । अर्को दिन लाखुले हात्तीलाई एकान्तमा भेटेर हात्तीसँग मीत लगायो र आफ्नो कुरामा बाचा बाँध्न लगायो । बाघले हात्तीलाई मार्ने योजना बनाएको र आफू जङ्गलको राजा बन्नखोजेको छ भन्ने नक्कली कुरा सुनायो । लाखुको कुराले हात्ती रिसले चुर भयो । बाघ र हात्ती एकअर्काका अभिन्न मित्र थिए, लाखुका कुरा सुनेर दुवै एक अर्काका शत्रु भए । लाखु भने दुई अभिन्न मित्रका बीचमा झगडा पारिदिन सकेकोमा बुरुक्क उफ्रँदै रमायो । स्यालका कुरा सुनेपछि हात्ती बाघ सुतेको ठाउँमा गयो

बाघ सुतिरहेको थियो । हात्ती त्यहाँ पुगेर बाघलाई षड्यन्त्रकारी भन्दै हप्काऱ्यो । बाघ पनि रिसले चुर भएको थियो । हात्तीका कुरा सुनेपछि बाघ पनि गर्जंदै उठ्यो । हात्ती र बाघका बीचमा भनाभन चल्दा चल्दै उनीहरू एक अर्कासँग लड्न थाले । अरू जनावरहरूले बाघ र हात्तीको झगडा के कारणले भएको हो भन्ने पत्तो नै पाएनन् । लाखु भने ढुङ्गामाथि बसेर ताली बजाउँदै रमिता हेरिरहेको थियो । हात्ती र बाघले एकले अर्कालाई झम्टिँदा दुवैजनालाई **ल है मीत ज्यू !** स्याबास मीतज्यू भन्दै ताली पिटिरहेको थियो । लाखुको यो चाला नजिकै उभिएको भालुले ध्यानपूर्वक हेरिरहेको थियो । दुबैजनालाई मीत ज्यू भन्दै उक्साएको देख्दा भालुलाई लाखुप्रति शङ्का लाग्यो । यही छट्टु स्यालका कारण यिनीहरू

लडेको हुनुपर्छ भन्ने ठानेर स्यालको नजिक गई स्याललाई समातेर बाघ र हात्ती लडेको ठाउँमा पुऱ्यायो अनि हप्काउँदै उनीहरूको झगडा रोक्यो । भालुले एकआपसमा लड्नुको कारण सोध्यो । दुवैको कुरा सुनेपछि त्यो झगडाको मुख्य कारण यही लाखु हो, यसले दुबैजनासँग मीत लगाई दुबैजनालाई मुर्ख बनाएको कुरा सुनायो । भालुको बुद्धिमानी कुरा सुनेपछि दुबैजना अचम्ममा परे । बाघ र हात्ती दुवैलाई आफ्नो मुर्खतामा लाज लाग्यो । एकले अर्काको कुरा नबुझी एकआपसमा झगडा गरेर सबै जनावरहरूलाई दुःख दिएकोमा माफी मागे । सबै जनावर मिलेर लाखुलाई सजायँ दिने कुरा गरे । भालुले लाखुलाई जङ्गलबाट सदाका लागि धपाउने निधो सुनायो । सबै जनावरहरू मिलेर जङ्गलको सीमाना कटाए ।

यसरी यस कथाको कथावस्तु शृङ्खलाबद्ध रुपमा अगाडि बढेर टुङ्गिएको छ । मीतज्यू भनेको सबै सुख दुःखमा साथ दिने मित्र हो । आफ्नो स्वार्थपूर्ति गर्ने मीत हुन सक्दैन । त्यस्ता स्वार्थी मीतज्यू समाजबाट नै अलग्गिनु पर्छ ।

**(घ) पात्र/चरित्र**

कुनै पनि कथाको कथावस्तुलाई अगाडि बढाउँछन् । पात्रको आवश्यकता पर्दछ । पात्रले नै कथावस्तुलाई अगाडि बढाउन्छन् । तिनै पात्रले कथावस्तु वा विषयवस्तुलाई जीवन्तता दिन्छन् । कुनै पनि कथामा पात्रहरू मानवीय वा मानवेत्तर गरी दुई किसिमका पात्रको प्रयोग गरिएको हुन्छ । यस **ल है मीत ज्यू !** बाल कथामा रामदेव पाण्डेले मानवेत्तर प्राणीहरूलाई पात्रको रुपमा उभ्याएका छन् । बालबालिकाहरूले पनि मानवीय भन्दा मानवेत्तर पात्रहरू बढी मन पराउने भएकाले बालबालिकाहरूको चाहनालाई ध्यानमा राखेर जङ्गलमा बस्ने जङ्गली जनावरहरूलाई पात्र बनाएका छन् । खरायो, जरायो, चितुवा, अष्ट्रिच, बाघ, भालु, स्याल, हात्ती, मयुर, डाँफे आदि पात्रको प्रयोग गरिएको छ । सबै पात्रले आ-आफ्नो भूमिका निर्वाह गरेका छन् ।

लाखु नाम गरेको छट्टु स्याल यस कथाको खल पात्रको रुपमा देखिएको छ । लाखु अत्यन्तै अल्छी छ । ऊ मेहेनत पटक्कै गर्दैन । अरू जनावरले आफू र आफ्ना बच्चालाई खुवाउन खोजेर ल्याएको खानेकुरा चोरेर खाइदिएर सबै जनावरहरूलाई दुःख पुऱ्याएको छ । लाखुले बाघ र हात्ती दुबैसँग मीत लगाएर दुवैलाई आफ्नो अभिन्न मित्र बनाई हात्तीले बाघलाई र बाघले हात्तीलाई मार्ने योजना बनाएको झूटो कुरा सुनाएर दुबैको मन जिती एकआपसमा झगडा पारिदिन सफल भएको छ । बाघ र हात्तीको मित्रतालाई शत्रुतामा

बदलिदिएको छ । आफ्नो स्वार्थपूर्तिका लागि जसलाई पनि मीत बनाउँन सक्छन् भन्ने कुरा लाखुको व्यवहारबाट बुभ्न सकिन्छ । भ्रूटो कुरो लामो समयसम्म टिक्न वा छिपेर रहन सक्दैन भन्ने कुरा लाखुको कपटपूर्ण व्यवहार थाहा पाएर जङगलबाट धपिनु परेको कुराबाट थाहा पाउन सकिन्छ । नराम्रो व्यवहार भएको व्यक्ति समाजबाट निकालिएर एक्लै बस्नुपर्ने कुरा पनि लाखुको दुर्गतिबाट थाहा पाउन सकिन्छ ।

बाघ र हात्ती एकअर्काका अभिन्न मित्र हुन् । तर लाखुको कपटपूर्ण चरित्रले दुबै एक अर्काका शत्रु बनेका छन् । हात्ती र बाघ अरूले जे भन्यो त्यही कुरामा विश्वास गर्ने मूर्ख पात्रका रुपमा देखिएका छन् । यथार्थ कुरो पत्ता लगाउनपट्टि नलागी छट्टु स्यालको कुरामा विश्वास गरेर एक आपसमा भ्रगडा गरेका छन् । अन्त्यमा भालुबाट लाखुले नभएको कुरा लगाएर आफूलाई मूर्ख बनाएको कुरा बुभ्रेपछि दुवैलाई पछुतो भएको छ र सबै जनावरसँग माफी मागेका छन् ।

भालु यस कथाको बुद्धिमान पात्रको रुपमा रहेको छ । भालु उमेरले बूढोपाको र बुद्धिविवेक भएको पात्रको रुपमा देखिएकोछ । हात्ती र बाघको लडाइँ देखेर उनीहरूको लडाइँको रमिता हेरिरहेको स्यालको रहस्य बुभ्रदछ । यही छट्टु स्यालले दुवैको लडाइँ पारिदिएको कुरा सबै जनावरलाई बताउँछ । यथार्थ कुरो के हो त्यो नबुभ्री , एकआपसमा सरसल्लाह नगरी भ्रगडा गरेकोमा बाघ र हात्तीलाई भ्रपारेको छ । भालुले बाघ र हात्तीको भ्रगडा मिलाई सबै जनावरसँग एकआपसमा सल्लाह गरेर छट्टु स्याललाई त्यस जङ्गलबाट निकाल्न सफल भएको छ । भालु यस कथाको एक आदर्श पात्र बन्न पुगेको छ ।

**(ङ) भाषाशैली**

प्रस्तुत **ल है मीत ज्यू !** बाल कथामा लेखकले बालबालिकाहरूलाई ध्यानमा राखेर सरल र सुबोध भाषामा शीर्षक छनौट गरेका छन् । बालबालिकाहरूले सजिलै बुभ्रन सक्ने भाषा तथा रोचक शैलीको प्रयोग गरिएको छ । हरेक पृष्ठहरू सरल ज्ञानबर्द्धक चित्रहरूद्वारा सज्जित छन् । कथामा सरल शब्दको प्रयोग र कहीँ कहीँ संवादात्मक शैलीको प्रयोग गरिएको छ । टपक्क, लुरूलुरू, पटक्कै, अचम्म, बुरुक्क, ट्वाल्ल, छर्लङ्ग, घम्साघम्सी, भ्रसङ्ग आदि अनुकरणात्मक शब्द र ठाउँ ठाउँमा निपातको प्रयोग गरिएकाले कथामा मिठास र सुन्दरता बढाएको छ ।

(च) **उद्देश्य**

कुनै पनि साहित्यकारले कृतिको रचना गर्दा कुनै र कुनै उद्देश्य लिएका हुन्छन् । उद्देश्य बिनाको कृति सधैँ अधुरो रहन्छ । **ल है मीत ज्यू !** बालकथाको पनि आफ्नै उद्देश्य रहेको छ । बालबालिकाहरूलाई मनोरञ्जन रूदिनुका साथै सामाजिक भावनाको विकास गराउनु यस कथाको मुख्य उद्देश्य रहेको कुरा लेखकले बताएका छन् । सम्पूर्ण बालबालिकाहरू एक आपसमा मिलेर बस्नुपर्ने, केही समस्या आइपरेमा आफूभन्दा ठूलासँग सरसल्लाह गरेर सबै मिलेर समस्याको समाधान गर्नु पर्ने सन्देश पनि दिएको छ । सबैसँग मीत लगाएर आफ्नो स्वार्थपूर्ति गर्न खोज्ने जुनसुकै व्यक्ति यथार्थ खुलेपछि समाजबाट नै निकालिनु पर्छ । त्यसैले मेहेनती, परिश्रमी, लगनशील भएर बस्नु पर्दछ भन्ने सन्देश बालबालिकाहरूलाई दिएको छ ।

(छ) **निष्कर्ष**

रामदेव पाण्डेको **ल है मीत ज्यू !** (सचित्र बालकथा) बालबालिकाहरूलाई मनोरञ्जन दिनुका साथै उनीहरूको आत्मबल बढाउन र राम्रो चरित्र निर्माण गर्नका लागि अत्यन्तै उपयोगी रहेको छ । यस कथामा जङ्गली जनावरहरूलाई पात्र बनाई उनीहरूको आ-आफ्नो भूमिकाबाट समाजमा घट्ने र घट्न सक्ने यथार्थ घटनालाई देखाउन कथा सफल भएको छ । जनावरहरूको माध्यमबाट मान्छे होस् वा पशुपंछी जो भएपनि समाजभन्दा अलग एक्लै बस्न सक्दैन । सबैजना समाजमा मिलेर बस्नुपर्ने अनि आदर्श समाजको निर्माण गर्नुपर्ने कुरालाई देखाइएको छ । समाजमा सवैजना मिलेर आफूलाई आइपरेका अप्ठ्यारा र समस्याहरू समाधान गर्न सकिन्छ र गर्नु पर्दछ भन्ने कुरा देखाउन कथा सफल भएको छ । यस कथाको मुख्य पात्र लाखु नाम गरेको स्यालले आफ्नो स्वार्थपूर्तिका लागि बाघ र हात्तीसँग मीत लगाएर दुवैको झगडा पार्न सफल भएको छ । स्यालले बाघ र हात्तीको झगडा गराएको रहस्य बूढो भालुले थाहा पाउँछ । यथार्थ कुरो के हो ? कसको षड्यन्त्रमा यस्तो घटना घट्दैछ भन्ने यथार्थ कुरो पत्ता नलगाई, समाजका अरूसँग सल्लाह नगरी आवेशमा आएर कुनै पनि कार्य गर्नाले दुःख पाइने कुरा देखाउन कथा सफल भएको छ । जुनसुकै समाजमा यस्ता स्वार्थी व्यक्ति रहेका हुन्छन् । उनीहरूले आफ्नो स्वार्थपूर्तिका लागि सोझा सिधा जनताहरूलाई लडाएर आफ्नो फाइदा लिन्छन् भन्ने कुरा जनावरको माध्यमबाट देखाउन कथा सफल भएको छ । आवश्यकताभन्दा बढी बाठो हुन खोज्दा एकदिन यथार्थ खुली समाजबाट नै अलग्गिनु पर्दछ भन्ने कुरा लाखुको चरित्रले प्रष्ट पारेको

छ । लाखु स्याल पनि बढी बाठो हुन खोज्दा जङ्गलबाट नै निकालिनु परेको छ । मीत भनेको असल मित्र हो । उसले सुख दुःखका साथै जस्तोसुकै अप्ठ्यारो परिस्थतिमा पनि साथ दिन्छ । लाखु जस्तो स्वार्थी मीत हुन सक्दैन भन्ने कुरा देखाउन **ल है मीत ज्यू !** कथा सफल भएको छ ।

### ४.३. विश्वका अद्भुत बालबालिकाहरू (भाग १)

**(क) परिचय**

रामदेव पाण्डेले तयार पारेको **विश्वका अद्भुत बालबालिकाहरू** (भाग १) नेपाल लगायत विश्वका कुनाकाप्चामा रहेका बालबालिकाहरूले गरेका शाहसी कार्यको खोजमूलक लेखहरूको सङ्गालो हो । खास गरी नेपालका बालबालिकाहरूका बारेमा लेखक स्वयम्ले ती बालबालिकाका परिवारका सदस्य, अभिभावक र तिनीहरू अध्ययन गर्ने विद्यालयका शिक्षक शिक्षिकाहरूसँग प्रत्यक्ष भेट गरी यथार्थ तथ्यहरू सङकलन गरेका हुन् । विश्वका अद्भुत बालबालिकाहरूको बारेमा विभिन्न सञ्चार माध्यम, पत्रपत्रिका, इमेल, इन्टरनेट आदिबाट यथार्थ तथ्यहरू सङ्कलन गरेका हुन् । यस कृतिमा नेपाल लगायत विश्वका १५ जना बालबालिकाहरूले गरेका साहसी कार्यको उल्लेख गरिएको छ । यस पुस्तकको प्रकाशन ऐरावती प्रकाशन प्रा. लि. बागबजारले गरेको छ । यो पुस्तक प्रकाशन भएको छोटो समयमा नै हजारौँ सङ्ख्यामा बिक्री भएको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

**(ख) संरचना**

प्रस्तुत कृति बाहिरी आवरण पृष्ठ बाहेक जम्मा ७८ पृष्ठमा संरचित रहेको छ । पुस्तकको बाह्य पृष्ठमा पनि **विश्वका अद्भुत बालबालिकाहरू (भाग १)** शीर्षक दिएर चारजना बालबालिकाहरूको रङ्गीन फोटो प्रस्तुत गरिएको छ । पुस्तकको भित्री पृष्ठमा पनि बालबालिकाले गरेका साहसिक कार्यलाई जतिसक्दो यथार्थमूलक बनाउन लेखक स्वयम्ले आफ्नो भाषा र शैलीमा कथाको स्वरुप दिएर उनीहरूले गरेका साहसी कार्यको सचित्र वर्णन गरी जतिसक्दो यथार्थ बनाउने प्रयास गरेका छन् । यस कृतिका पात्रहरू पनि काल्पनिक नभएर यथार्थ रहेका छन् । यसरी बालबालिकाहरू साना र कम उमेरका भए तापनि उनीहरूले धेरै ठूला र बुद्धिमान मान्छेले समेत गर्न नसक्ने काम पनि गर्न सक्छन् भन्ने कुरालाई यथार्थ रुपमा देखाउन यो कृति सफल भएको छ । बालबालिकाहरूलाई साहसी, आँटिलो, धैर्यवान् र लगनशील बनाउन कोरा काल्पनिक लेख रचना भन्दा नेपाल

लगायत विश्वका कुनाकाप्चामा रहेका बालबालिकाहरूले गरेका साहसी कार्य र उनीहरूले पाएका मान सम्मान तथा पुरस्कारहरूले सहयोग पु¥याउँछ । यस्तो किसिमको सहयोगमा यो कृति सफल भएको छ ।

**(ग) विषयवस्तु**

रामदेव पाण्डेले विश्वका अद्भुत बालबालिकाहरू (भाग १) मा नेपाल लगायत विश्वका विभिन्न कुनामा रहेका बाल प्रतिभा र उनीहरूले गरेका साहसिक कार्यलाई नै विषयवस्तुका रुपमा लिएका छन् । उनीहरूले गरेका उदाहरणीय कार्यलाई मौलिक, यथार्थ र आकर्षक प्रस्तुति प्रदान गरेका छन् । यस कृतिको लेखनले उनलाई खोजमूलक लेखनको उच्च शिखरमा पु¥याएको छ ।

यस कृति लेखनको सन्दर्भ बारेमा यहाँ लेखकको भनाई उल्लेख गर्नु सान्दर्भिक हुनेछ । उनी भन्छन् : मानिस जन्मेर हुर्कँदैमा ठूलो मान्छे बन्दैन समाजका अरू मान्छेका नजरमा ठूलो होइन राम्रो मानछे बन्नु ठूलो कुरा हो । अरूभन्दा राम्रो बन्नका लागि अरूलेभन्दा विशेष र राम्रा काम गर्नेहरूले मात्र संसारमा नाम कमाउन सफल भएका छन् । कोही वैज्ञानिक बनेर त कोही साहित्यकार बनेर नाम कमाउँछन् । कोही राम्रा गीतहरू गाएर ठूला मान्छे मानिन्छन् भने कोही खेल खेलेर । कसैले भने अप्ठ्यारो परिस्थितिमा युद्ध जितेर नाम कमाउँछन् । यस्ता मान्छेहरू बुद्धिमान, विद्वान, धैर्यवान, साहसी र बहादुर अथवा वीर भनेर चिनिन्छन् । सम्मानित हुन्छन् ।

आज आएर यस्तै विशेष काम गरेर चिनिने र सम्मानित हुनेमा उमेरले ठूला मानिस छैनन् । विश्वका विभिन्न देशहरूमा कतिपय बालबालिकाहरू वीर बालक अथवा बहादुर बच्चा भनेर, बाल प्रतिभा आदि नामले चिनिने र सम्मानित हुने गरेका छन् । उनीहरूका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय  पुरस्कारहरू नै घोषण भएका छन् । यसका लागि ती बालबालिकाहरूले विभिन्न समयमा ठूला मानिसले समेत गर्न नसक्ने कामहरू गरेर देखाएका छन् । उनीहरूले झट्ट सुन्दा विश्वास नै नलाग्ने खालका कामहरू गरेर विभिन्न पुरस्कार र सम्मानहरू पाएका छन् । यसरी उनीहरू आफ्नो गाउँ, सहर, देशमा मात्र होइन विश्वमा नै नाम कमाउन सफल भएका छन् । अरू बालबालिकाहरूका लागि उनीहरू उदाहरण बनेर चर्चा पाउन सफल भएका छन् । नेपालमा भने यस्ता बच्चाहरूका लागि एकाध अपवादलाई छोडेर कुनै पुरस्कार वा सम्मानको व्यवस्था गरिएको छैन । विश्वका अन्य देशहरूमा भने उनीहरूका बारेमा किताबहरू लेखिएका छन् । टेलिभिजनमा

कार्यक्रमहरू देखाइएका छन् । सम्मान कार्यक्रमका आयोजना हुन्छन् । ती बालबालिकाहरू विश्वभरि नै चिनिन्छन् । यसबाट अन्य बालबालिकाहरू पनि प्रेरित र प्रोत्साहित हुन्छन् ।

हाम्रो देशमा भने यस्ता बालबालिकाहरू खोजेर सम्मान गर्नु त परै जाओस्, यस्ता साहसी र चर्चित बच्चाहरूका बारेमा एउटा किताब समेत लेखेको पाइँदैन । कम्तीमा पनि पुस्तकमा यस्ता बालबालिकाहरूका बारेमा पढ्न मात्र पाउँदा बालबालिकाहरूले ज्ञान र प्रेरणा दुबै पाउन सक्छन् भन्ने विचार सम्म पुऱ्याउन सकिएको छैन । दुनियाँभरका जीवनीका पुस्तकहरू बजारमा उपलब्ध छन् तर बालबालिकाहरूका लागि यस्ता प्रेरणादायक पुस्तकको खाँचो रहेको कुराप्रति कसैको ध्यान नजानु चिन्ताको विषय हो । यसै कुरालाई ध्यानमा राखेर मैले सानो प्रयास गरेको छु । विभिन्न माध्यम र स्रोतबाट खोजेर विश्वका चर्चित, बुद्धिमान, धैर्यवान, प्रतिभावान, साहसी र बहादुर बालबालिकाहरूका लागि अद्भुत तथा सत्य कथाहरू समेटेर पुस्तक लेखेको छु । यस पुस्तकले बालबालिकाहरूलाई साहस दिन, अन्याय नसहने र दुःखको समयमा पनि धैर्य नछाड्ने शक्ति दिन, राम्रो मान्छे बन्ने प्रेरणा दिनेछ ।

**विश्वका अद्भुत बालबालिकाहरू (भाग १)** खोजमूलक लेख सङ्ग्रहमा नेपाल लगायत विश्वका साना साना बालबालिकाहरूले गरेका साहसिक कार्यको उल्लेख गरिएको छ । अब ती बालबालिकाहरूले गरेका कार्यको चर्चा गर्नु सान्दर्भिक रहेको छ ।

### ४.३.१. अद्भुत साहसको प्रतीक कमल नेपाली, ११ वर्ष, नेपाल

११ वर्षे कमल नेपाली एउटा साहसी व्यक्तिको प्रतीकका रुपमा चर्चित भएका छन् । रामदेव पाण्डेले कमल नेपालीले गरेको साहसी कार्यलाई अझ बढी यथार्थपरक बनाउन विभिन्न मान्छेहरूको भीड, त्यहाँ कमल नेपाली हातमा सञ्चार साधन र कम्मरमा डोरी बाँधेको, अगाडि झोलामा बच्चा बोकेर ल्याएको, त्यहाँ स्वास्थ्यकर्मी पनि रहेको आकर्षक चित्र प्रस्तुत गरेका छन् । लेखकले कमल नेपालीको कार्यलाई आफ्नै भाषा र शैलीमा कथाको रुप दिएर उनले गरेको साहसी कार्यको चर्चा गरेका छन् ।

२०६५ साल असार १० गते पोखरा उपमहानगरपालिका वडा नं. १७ को सेती नदीको खोँचमा जोन प्रधान र इस्तर प्रधानकी छोरी आराधना प्रधान ६५ फिट गहिरो खोँचमा खसेकी थिइन् । आफ्ना बाबु जोन प्रधान छिमेकीको छोराको निधनमा अन्तिम संस्कार गर्न गएका थिए । उनका पछि पछि आराधना पनि गएकी थिइन् तर त्यो कुरा उनलाई थाहा भएन । आफ्नो बुबालाई पछ्याउँदै जाँदा आराधना झुक्किएर सेतीको

खोँचमा खसेकी थिइन् । आराधनाको उद्धारका लागि धेरै मानिसको भीड लागेको थियो । नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल क्यानोनिङ सङ्घका प्राविधिकहरूले पटक पटक प्रयास गरे । खोँच सारै साँघुरो, अँध्यारो तथा पानी र माटो खसिरहने थियो । खोँचको तलबाट बच्चा रोएको आवाज बाहिर आइरहेको थियो । नेपाल प्रहरी, नेपाली सेना आदिको पटक पटकको प्रयासमा पनि आराधनाको उद्धार गर्न सकेका थिएनन् । आराधनाका बुबा आमा धेरै आत्तिएका थिए । खोँच साँघुरो भएकाले कुनै बच्चालाई पठाउन कोही तयार थिएनन् । बच्चा पठाइहाले पनि त्यहीँ कहालिएर मर्छन् कि भन्ने डर सबैलाई थियो । यसैबेला बुबा नरबहादुर नेपाली र आमा मनकुमारी नेपालीको कान्छो छोरा ११ वर्षे बाला कमल नेपाली त्यस खोँचमा जान तयार भए । उनी पातलो शरीर भएका थिए । सुरुमा त कमललाई खोँचमा पठाउन सबै डराए । एउटाको ज्यान बचाउँदा अर्को बच्चाको ज्यान जोखिममा पर्ने पो हो कि भन्ने शङ्का सबैलाई भयो । कमलले खोँचमा जाने हिम्मत गरेपछि उद्धार प्राविधिकहरूले कमललाई त्यहाँ गएर कसरी बोल्ने, के हुँदा के गर्ने भन्ने विषयमा छोटो प्रशिक्षण दिए । कमलको कम्मरमा बलियो पेटी बाँधियो । त्यसमा लामो र बलियो डोरी बाँधियो । कमलसँग निरन्तर सम्पर्कका लागि उनलाई सञ्चार साधन वाकिटकी चलाउन सिकाइयो । उनका कम्मरमा बालिका अटाउने एउटा झोला पनि झुण्डाइयो । यति तयारी भइसकेपछि कमल खोँचमा पसे । बाहिर बसेका सबै मानिसले उनको सकुशलताको कामना गर्दै भगवान्सँग प्रार्थना गरेर बसेका थिए ।

कमल नेपाली खोँचमा जहाँ आराधना खसेकी थिइन् त्यहाँ पुगे अनि उनले रुँदै गरेकी आराधनालाई आफूले साथमा लगेको जुस खान दिए । आराधनालाई आफ्नो कम्मरमा बाँधेको ब्यागमा राख्यो । कमल खाँचमा पुगेको १५ मिनेट पछि डोरी तान्न सङ्केत गरे । बाहिरबाट डोरी तान्दै गरेपछि खोँचमा गएको आधा घण्टापछि कमल आराधनालाई लिएर बाहिर आए । उसको साहसिक कार्य देखेर सबैजना खुसी भई उनलाई स्यावासी दिए । कमल र आराधानलाई अस्पताल पुऱ्याइयो । कमल सामान्य उपचारपछि घर फर्के, आराधनालाई अस्पतालमा नै राखियो ।

कमल नेपाली एउटा वीर नेपाली भए । तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निमन्त्रणमा कमल नेपालीलाई वि. सं. २०६५ साल असार १२ गते काठमाडौँ बोलाइयो । नेपाल सरकारका तर्फबाट प्रधानमन्त्रीद्वारा नगद रु ३ लाख र सम्मान पत्र प्रदान गरियो । त्यस वर्षको वीर गणेशमान प्रतिभा पुरस्कार अन्तर्गत वर्ष बालकको सम्मान पनि

कमलले प्राप्त गरे । कमललाई पुरस्कार दिने र सम्मान गर्नेको लाइन लाग्यो । काठमाडौँको जेभियर इन्टरनेशनल स्कुलले कक्षा १ देखि कलेजसम्म आवास र खानासहित निःशुल्क पढाउने जिम्मा लियो । कुनै अस्पतालले आजीवन निशुल्क उपचार, एउटा बीमा कम्पनीले निःशुल्क बीमा, कुनै सङ्घ संस्थाले त्यसै वर्षदेखि **बाल वीरता पुरस्कार** स्थापना गरेर पहिलो पुरस्कार कमललाई दिए । कमल नेपालीको साहसी कार्यले बुबा नीरबहादुर नेपाली र आमा मनकुमारी लगायत घरका सम्पूर्ण सदस्यहरू गौरवान्वित भए । यसरी कमल नेपाली नेपालको ठूलो मान्छे होइन राम्रो मान्छे बन्न सफल भए ।

रामदेव पाण्डेले कमल नेपालीले गरेको साहसी कार्यलाई आफ्ना भाषा शैलीमा कथाको रूपमा ढालेर प्रस्तुत गरेका छन् । यो यथार्थ घटना हो । पुलिसले सकेनन्, सिपाहीले सकेनन्, आफूलाई बुद्धिमानी मान्ने शिक्षक र प्राध्यापकले सकेनन् । आफूलाई चलाख ठान्ने पत्रकारले सकेनन् । तर साहसी र दयालु कमल नेपालीले देखाइदिए कि केटाहरू मीठो खान र राम्रो लगाउन मात्र खोज्दैनन् उनीहरूले त ठूला बडाहरूले गर्न नसक्ने महान् कार्य गर्न पनि सक्छन् (ज्ञवाली : रामप्रसाद : भूमिका) ।

मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन भनेझैँ कमल नेपाली दिलले गर्दा वीर नेपाली भएका छन् । हाम्रो देशलाई पनि घमण्डी, अल्छी, स्वार्थी, झगडालु ठूला मान्छेको कुनै आवश्यकता छैन बरु कमल नेपाली जस्ता असल, साहसी, त्यागी र बुद्धिमान मानिसको खाँचो रहेको छ । यसरी कमल नेपालीको साहसी कार्यले सम्पूर्ण बालबालिकाहरूलाई असल, साहसी, बुद्धिमान र धैर्यवान बन्न प्रेरणा मिल्नेछ ।

### ४.३.२. बहादुर बालसिपाही मुकेशकुमार १३ वर्ष भारत

भारतको कास्मीर राज्यको १३ वर्षको बालक मुकेशकुमार एउटा बहादुर सिपाही हो । सन् १९९९ जुलाई १९ तारिखका दिन मुकेशका घरका सबै सदस्यहरू खाना खाइरहेका थिए । बर्खाको समय भएकाले बादल लागेर बाहिर धेरै अँध्यारो थियो । त्यही मौका छोपेर धन सम्पत्ति लुट्न र घरका सबै सदस्यलाई मार्ने उद्देश्यले आतङ्ककारीहरू मुकेशका घरभित्र पसे । मुकेशका बुबा गाउँ सुरक्षा समितिका सदस्य भएको कारण उनका घरमा बन्दुक पनि थिए । मुकेशका बाबा र दाजुले बन्दुक चलाउन नपाउँदै आतङ्ककारीहरूले फायरिङ सुरु गरे । तिनीहरूले मुकेशका घरका सबैजनालाई मारिदिए । मुकेशका घरका सबै सदस्य मरेको ठानी तिनीहरू घरबाट बाहिर निस्कन लागे । मुकेशले अन्न राख्ने भण्डारबाट यो सबै हेरिरहेको थियो । उनीहरू बाहिर निस्कनासाथ मुकेशले बन्दुक बोकेर गई

आतङ्ककारी भएतिर फायरिङ गऱ्यो । आफ्नो घरसँग जोडिएर रहेको साथी सुनिलको घरमा लुट्न भनी गएको एउटा डाकु मुकेशले हानेको गोलीलागी त्यहीँ ढल्यो । मुकेश र सुनिल मिलेर आतङ्ककारी भएतिर फायरिङ गरे । बिहान भएपछि हमलाकारीहरू भागे । सुनिलको घर अगाडि पनि एउटा डाकु मऱ्यो । बिहान भएपछि छरछिमेकी र उनीहरूका साथीले मुकेश र सुनिलको बहादुरीको खुब प्रशंसा गरे । उनीहरूको बहादुरीको प्रशंसा गर्दै मनोबल बढाउने उद्देश्यले सन् २०००, नोभेम्बर १४ का दिन उनीहरूलाई **भारत अवार्ड** पुरस्कार दिएर सम्मान गरियो ।

बहादुर बाल सिपाही मुकेशकुमार आतङ्ककारीहरूलाई होसियार र बुद्धिमानीपूर्वक आँट र साहसकासाथ फायरिङ गरेर आतङ्ककारीलाई भगाउन सफल भएको छ । लेखक रामदेव पाण्डेले मुकेशको घरमा घटेको घटनालाई सञ्चार माध्यमबाट खोजेर यथार्थ तथ्यहरूलाई सङ्कलन गरेर आफ्नै भाषा र शैलीमा ढालेर कथाको स्वरूप दिएका छन् । यो काल्पनिक घटना नभएर मुकेशको जीवनमा घटेको यथार्थ घटना हो । लेखकले मुकेशको जीवनमा घटेको घटनालाई बालबालिकाहरूका सामु पुऱ्याएर कुनै पनि अप्ठ्यारो परिस्थिति आउँदा होसियारी र बुद्धिमानीपूर्वक काम गर्न सक्नु पर्छ । धैर्य गर्न सक्नु पर्छ, हिम्मत र साहसका साथ अगाडि बढ्नु पर्छ भन्ने सन्देश दिन खोजेका छन् ।

### ४.३.३. अनौठो सहनशील शिशु माइकल रोनामो, साढे चार वर्ष, अमेरिका

सन् १९९४ जुन ८ तारिखका दिन अमेरिकामा जन्मेका माइकल रोनामोले मृत्युलाई पनि हाँसी हाँसी जित्न सफल भएका छन् । सन् १९९९ जनवरीमा माइकल साढे चार वर्षको हुँदा उनी पेट दुखेर बिरामी भए । उनको उपचार गर्दै जाने क्रममा पेटको अल्ट्रासाउण्ड गराउँदा माइकलको पेटमा मासुको डल्लो भेटियो । उनलाई न्युरो ब्लास्टो भन्ने नसाको क्यान्सर रोग लागेको रहेछ । यो रोगका कारण माइकलको शरीर कमजोर हुँदै गयो । उसको उपचारका लागि केमोथेरापी सुरु गरियो ।

माइकलका अविभावकले न्युयोर्कको मेमोरियल स्लोन केटरिङ क्यान्सर केन्द्रका डाक्टर चेउङलाई भेट गरे । चेउङले माइकललाई अप्रेशन गर्नुपर्ने कुरा सुनाउँदा पनि कुनै प्रतिक्रिया जनाएनन् । आठ घण्टाको लामो अप्रेशनपछि माइकललाई रिकभरी रुममा राखियो । माइकल अलि अलि होसमा आउँदा उसलाई राखिएको कोठा वरिपरि आफन्तहरू रुँदै बसेको देख्यो । उसले आफ्नो सबै दुःख पीडालाई भित्रै लुकाएर आफन्तसामु ठूलो मान्छेजस्तै सहनशील भएर हाँसीदियो । माइकलको पीरले रोएका आफन्तहरू पनि हाँस्न

बाध्य भए । सबै मानिसहरू अप्रेशनबाट होसमा आउने बित्तिकै दुखाइले चिच्याउने, दुख्यो भन्ने गर्दछन् तर माइकल त अनौठो सहनशील शिशु रहेछ भनेर उपचारमा खटिएका स्वास्थ्यकर्मीले समेत अचम्म माने ।

माइकल अत्यन्तै सहनशील बालक निस्कियो । उनले जस्तोसुकै कठिन उपचार गर्नुपरे पनि कुनै प्रतिक्रिया जनाएनन्, कुनै पनि दुःख कष्ट दिने काम गरेनन् । उनले जस्तोसुकै पीडालाई पनि हाँसी हाँसी पचाइदिए । माइकलको जन्मदिनका दिन उनको घरमा साथीहरू आएका थिए । माइकलका साथी उनको कमजोर स्वास्थ्य देखेर दुःखी हुन्थे तर उनीभने हँसिलो अनुहारले साथीहरूलाई स्वागत गर्दथे । लेखकले माइकलको जीवनी बालबालिका सामु पुऱ्याएर उनीहरूलाई अप्ठ्यारो स्थितिसँग पनि हाँसी हाँसी लड्नु पर्दछ । आफन्तलाई दुःख पीडा होइन खुसी दिन सक्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

**४.३.४. इशानको शान, इशान श्रेष्ठ, ५ वर्ष नेपाल**

रामदेव पाण्डेले इसान श्रेष्ठले गरेको साहसी कार्यको उनीहरूका अविभावक, आफन्तहरूलाई स्वयम्ले भेटी यथार्थ तथ्य सङ्कलन गरेका छन् । उसले गरेको कार्यलाई बढी भन्दा बढी यथार्थपरक बनाउन लेखक स्वयम्ले इशानसँगै बसेर फोटोहरू खिची प्रस्तुत गरेका छन् । इशानको कार्य कुनै काल्पनिक कथा होइन यो यथार्थ घटना हो । यसलाई लेखकले आफ्नो भाषा र शैलीको माध्यमबाट कथाको रूप दिएका छन् । बाल प्रतिभालाई जनमानससामु ल्याउन र साना साना बालकहरूमा भएको प्रतिभालाई प्रस्फुटन गराउन सहयोग पुऱ्याएका छन् ।

समुद्रकाजी श्रेष्ठ र ईश्वरी श्रेष्ठका ५ वर्षे छोरा इशान श्रेष्ठले ठूला मान्छेले जस्तै गरेर गाडी चलाउन सफल भएका छन् । उनी आफ्ना बाबाले गाडी चलाउँदा बाबाकै छेउमा बस्ने, हर्न बजाउने, स्टयरिङ घुमाउने गर्थे । यसै क्रममा एक दिन इशानका बुबा आमा काममा व्यस्त भएको बेलामा इशानले गाडीको चाबी भट्टाए र सरासर गाडीमा गई ढोका खोलेर चालक सिटमा बसी चाबी घुसारेर गाडी चलाउन थाले । यत्तिकैमा गाडी अगाडि एउटा खाडल आयो, त्यस खाडललाई तर्काउन नसकेर गाडी खाडलमा फस्यो । इशानले गाडी चलाएको देखेर उनका बुबा खुसी हुनुभयो । गाडी खाडलमा परेको देखेर इशानकी आमा आत्तिँदै गाडी नजिक पुग्नुभयो तर इशानलाई केही भएको थिएन ।

५ वर्षे इशानले गाडी चलाएको कुरा उनका बुबा समुद्रकाजीले सार्वजनिक रूपमा देखाए । वि. संस २०६६ साल भदौ १३ गते विहिबार बिहान आठ बजे नेपाल सरकारका

संविधान सभाका उपसभामुख पूर्णकुमारी सुवेदी, काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला ट्राफिक प्रमुख, अन्य गन्यमान्य व्यक्तिहरू भेला भएर इशानको गाडी चालनको प्रदर्शनी गरियो । इशानसँगै गाडीमा उपसभामुख, प्र.जि.अ. र ट्राफिक प्रहरी जिल्ला प्रमुख बसेका थिए । बाहिर हजारौँ मानिसहरू र पत्रकारको भिडभाड थियो । बा. ४ च ९८१२ नम्बरको गाडी चलाएर इशानले वनेपा नगरपालिकाका ११ मध्ये १० वटा वडा घुमेर पहिलेकै स्थानमा आएर गाडी रोकियो । त्यहाँ उपस्थित सबैले इशानलाई ताली बजाएर स्वागत गरे । इशानले गरेको कार्यको सञ्चार माध्यमबाट प्रचार प्रसार गरियो । देश विदेशमा पनि समाचार पुग्यो ।  इशानलाई ठाउँ ठाउँबाट पुरस्कार र सम्मान आउन थाले । उमेर सानो भए तापनि इशानको हिम्मत र बुद्धिले ठूलो मान्छे बनायो । इशानले पछि गएर पाइलट बन्ने लक्ष्य लिएका छन् ।

**४.३.५. मुस्लिम इतिहासकी साहसी केटी नुजुद मुहम्मद नासेर, आठ वर्ष, यमन**

बालबालिकाहरूको अधिकारका लागि विभिन्न कानुन बनेका छन् । बालविवाह, अनमेल विवाह आदिको विरोध गरिँदै आएको भए तापनि दिन प्रतिदिन बालिकाहरू अन्याय, अत्याचार, शोषण, दमन र बलात्कारको शिकार बन्दै गएका छन् । लेखकले विदेशकी आठ वर्षीय बालिका नुजुद मुहम्मद नासेरको जीवनमा घटेको यथार्थ घटनालाई सङ्कलन गरेर सबै सामु ल्याउने प्रयास गरेका छन् ।

यमन राज्यकी आठ वर्षीय बालिका नुजुद मुहम्मद नासेरको विवाह आफ्नै बुबाले ३० वर्षीय फैजसँग गरिदिने निर्णय गरे । नुजुदले आफू सानी भएकाले त्यति ठूलो मान्छेसँग विवाह नगरिदिन आग्रह गरिन् तर कसैले पनि उनको आग्रहलाई स्वीकार गरेनन् । अन्ततः उनको विवाह फैजसँग सम्पन्न भयो ।

विवाह सकेर आफ्नो घरमा लगेपछि त्यसै रातदेखि फैजले नुजुदलाई जबरजस्ती बलात्कार गर्न थाल्यो । नुजुद धेरै रोई कराई चिच्याई र दयाको भिख मागी तर उसप्रति राक्षसी प्रवृत्ति भएको फैजको मनमा दया पलाएन । उसले यस्तो यातना दिनहुँ भोग्नु पऱ्यो । यस्तो पीडा सहन नसकेर एकदिन उनले आफ्ना बुबा आमा र घरका अन्य सदस्यलाई यस्तो राक्षसको पञ्जाबाट आफूलाई छुटकारा दिलाउन गुहार मागीन् तर कसैले उनको कुरा सुनेनन् । बरु अदालत गएर न्याय माग्ने सल्लाह दिए । अदालत जाने कुराले नुजुदको मनमा गहिरो प्रभाव पाऱ्यो ।

एकदिन फैज बाहिर गएको मौका पारी नुजुद **सान्ना** नाम गरेको ठाउँमा रहेको पश्चिमी अदालत पुगीन् । अदालत भित्र गएर एउटा कुनामा बसिन् । कामको विश्राम भएकोबेला सबैजना बाहिर निस्केका थिए । त्यहीबेला कुनामा एक्लै बसेकी बालिकाप्रति न्यायाधिशको ध्यान गयो । बालिकाको कामका बारेमा प्रश्न गर्दा सारा वृत्तान्त न्यायाधिशलाई सुनाइ आफू छोडपत्र माग्न आएको बताइन् । न्यायाधिशले ती बालिकालाई आफ्नो घर लगि आफ्नी छोरीसँगै खेल्न र बस्न लगाए ।

यमन देशको कानुन अनुसार नाबालकहरूले उजुरी गरेपनि त्यसमाथि कारवाही गर्न मिल्दैनथियो । तर न्यायधिस अल काठीले यस मामिलामा मुद्दा दायर गरे । उनकै आदेशमा नुजुदका बुबा र उनको पति फैजलाई गिरफ्तार गरियो । मुस्लिम मुलुक यमनको इतिहासमा यो पहिलो र एकमात्र घटना भएकाले यमन देशभरी हल्ला मच्चियो । यसै घटनाले नुजुदका बुबाको नोकरी पनि खोसियो । जे जस्तो अवस्थाको सिर्जना भएपनि नुजुद आफ्नो मागमा अडिग रहीन् । न्यायाधिशले पनि मुद्दा लडिरहे । फैजले आफूले विवाह गरेर लगेको हुनाले कुनै यातना नदिएको कुरामा अडिग रह्यो । अदालत, बालअधिकार सङ्गठन तथा राष्ट्रिय अन्तराष्ट्रिय दवावस्वरूप नुजुदको छोडपत्र भयो । यसबाट नुजुद धेरै खुसी हुँदै यस्ता घटना यमनमा धेरै हुन्छन् तर अदालतमा मुद्दा परेको आफ्नो घटना पहिलो भएको बताइन् । यस घटनापछि देश विदेशका विभिन्न सञ्चार माध्यम, मानव अधिकार तथा बालअधिकार सङ्घ संस्थाका मान्छेहरूले नुजुदलाई प्रश्न गर्दा जवाफमा भनिन् यमनमा मुस्लिम कानुनले यस्ता अपराधिलाई सजायँ दिँदैन । आफ्नो अधिकार र न्यायकालागि म जस्ता पीडितहरू जाग्नुपर्छ । यस्ता अन्याय र अत्याचारका विरुद्ध आवाज उठाउनु पर्छ ।

अन्त्यमा के भन्न सकिन्छ भने नुजुदको जीवनमा घटेको घटनाले बालबालिकाहरूमाथि हुने गरेको अत्याचारको बिरोध गरिनु पर्छ । बालविवाह, अनमेल विवाह आदि रोक्न कानुन बनाइनुपर्छ । जबरजरस्ती विवाह गर्न बाध्य गरिनु हुँदैन । उमेर पुगेपछि आफ्नो इच्छा र स्तर अनुसारको विवाह गरिनु पर्दछ । यदि कुनै पनि बालबालिकाहरूमाथि यस्ता अन्याय हुन्छन् भने त्यसका विरुद्ध र समाजका विरुद्ध एकजुट भएर लाग्नु पर्छ । लेखकले धेरै मेहेनत गरेर नुजुदको घटनालाई सबै मानिसका सामु ल्याउने प्रयास गरेका छन् । साथै यस्ता घटनाहरू हुनबाट रोक्न र यस्ता घटनाका विरुद्ध हिम्मत र साहसका साथ लाग्न प्रेरणा दिन पाण्डेको यो कृति सफल देखिन्छ ।

### ४.३.६.सात डाँकु एक्लै भगाउने प्रिन्स कुमार, १६ वर्ष भारत

भारतको १६ वर्षे प्रिन्स कुमारले आफ्नो घरमा धन सम्पत्ति लुट्न भनी पस्न लागेका सात जना डाँकुलाई एक्लै भगाउन सफल भएका छन् ।

सन् १९९० को नोभेम्बर ५ तारिखका दिन भारतको बिहार राज्यस्थित गया जिल्लामा भएको यथार्थ घटना हो । प्रिन्सका बुबाको सुन पसल थियो । फुर्सदको समयमा प्रिन्स र उनको भाइ आशिषले पसलमा गएर आफ्ना बुबालाई सहयोग गर्थे । सन् १९९० को नोभेम्बर ५ तारिखका दिन राती पसल बन्द गरेर घर फर्कँदा प्रिन्सको घर जाने गल्लीमा दुईजना शङ्कास्पद व्यक्ति देखे । अपरिचित व्यक्ति देखेपछि प्रिन्सका बुबा र भाइ तर्सिए र हतार हतार गर्दै गेटभित्र गएर गेट बन्दगर्न खोजे । गेट बन्द गरिनसक्दै बाहिरबाट सातजना अपरिचत व्यक्ति गेटभित्र पसे । प्रिन्सका बुबा हतार हतार गर्दै घरको माथिल्लो तलामा गएर पैसा लुकाउन थाले । डाकुले पहिले प्रिन्स र त्यसपछि आशिषलाई नियन्त्रणमा लिए । एउटा डाँकुले आशिषको निधारमा हतियार सोझ्यायो । सबैजनालाई चुप लागेर बस्न भने । यति हुँदा पनि आशिष आत्तिएन, उसले एउटा डाँकुलाई मुखमा जोडले हान्यो । पेस्तोल बोकेको अर्को डाँकुले पेस्तोलको नालले आशिषको टाउकोमा हिर्काएपछि आशिष बेहोस भएर भुइँमा लड्यो ।

भाइको यो अवस्था देखेपछि प्रिन्सले सहन नसकी डाँकुमाथि जाइलाग्यो । डाँकुको घाँटी अँठ्याएर उसके पाखुरामा आफ्ना दाँत गड्न्जेल टोक्यो । यत्तिकैमा नजिकबाट हेरिरहेको डाँकुले प्रिन्सलाई ताकेर गोली हान्यो । तर त्यो गोली प्रिन्सलाई छलेर भित्तामा गएर ठोकियो । डाँकुले फेरि गोली हान्दा प्रिन्सको पाखुरामा लाग्यो र प्रिन्स भुइँमा लड्यो । प्रिन्सका बुबाले पनि घरको बार्दलीबाट जे भेट्टायो त्यसैले ताक्दै हान्दै गरे । यत्तिकैमा मच्चिएको कोलाहल र हल्लाले डाँकुहरू आत्तिए र त्यहाँबाट भागे । प्रिन्सलाई अस्पताल पुऱ्याएर उसलाई लागेको गोली निकालियो ।

प्रिन्सले बुद्धिमानी र साहसका साथ गरेको बहादुरीपूर्ण कार्यको सम्मान गर्दै **सञ्जय चोपडा अवार्ड** का लागि छनोट गरियो । भारतको वार्षिक गणतन्त्र दिवसका दिन प्रिन्सका परिवारलाई दिल्ली बोलाइयो र लाखौंको उपस्थितिमा राष्ट्रपतिको हातबाट सम्मान पत्र प्रदान गरियो । यो सम्मानले प्रिन्सलाई धेरै खुसी बनायो । प्रिन्सको घटनाबाट सबैजनालाई परिआउँदा बुद्धि र साहसको प्रयोग गर्नुपर्छ । अपराध हुँदा खाली पुलिसको मात्र बाटो हेर्नु हुँदैन भन्ने कुरा थाहा पाउन सकिन्छ ।

### ४.३.७. टाइफाइडले गले पनि डाँकुलाई पछार्ने हेन्ना बक्सी, १२ वर्ष, भारत

लेफ्टिनेन्ट बुबा कर्नेल बक्सीको १२ वर्षिया छोरी हेन्ना बक्सी सानैदेखि दयालु र समाज सेवी थिइन् । गरिबीका कारण विद्यालय जान नपाउने बालबालिकाहरू देखेर हेन्नालाई दु:ख लाग्थ्यो । उनीहरूलाई सहयोग जुटाउन धेरै काम गर्ने गर्थिन् । यस्ती दयालु हेन्नालाई एकपटक टाइफाइडको ज्वरो आयो । सन् १९९९ को अगस्त महिनाको पहिलो हप्तादेखि सुरु भएको ज्वरो धेरै दिनसम्म औषधी खाँदा पनि निको भएन । ज्वरोका कारण कमजोर भएर उनी विद्यालय जान पनि सकेकी थिइनन् । उनले सकभर आफूले सहन सकुन्जेल कसैलाई पनि दु:ख दिन चाहँदैनथिइन् । उनका बुबा भाइले ज्वरो सन्चो भए नभएको सोध्दा पनि सन्चो भयो भनेर जवाफ दिन्थिन् ।

एकदिन बेलुकाको खाना खाएर सुत्न भनी हेन्ना र उसको भाइ कोठामा गए । बुबा पनि अर्कै कोठामा सुत्न जानुभयो । हेन्नाको भाइ निदाइसकेको थियो । त्यहीबेला एक्कासी ढोका खोलेर अपरिचित व्यक्ति भित्र पस्यो । त्यो व्यक्ति धनमाल लुट्ने उद्देश्यले छिरेको डाँका थियो । हेन्नाले चुपचाप निदाएको जस्तो गरेर उसको कियाकलाप हेरिरहीन् । डाँकुले विस्तारै दराज खोल्ने प्रयास गर्‍यो तर दराज नखुलेपछि हेन्नाको बुबा सुतेको कोठातिर लाग्यो । हेन्ना पनि जुरुक्क उठेर उसको पछि पछि लागी । बुबाको कोठामा छिरेको डाकुले बुबालाई केही गर्ने पो हो कि भन्ने डरले हेन्ना कोठा बाहिर जोडले चिच्याइन् र गुहार मागिन् । हेन्ना चिच्याएपछि डाकु आत्तियो अनि कोठाबाट बाहिर निस्कियो र भर्‍याङबाट तल ओर्लन लाग्यो । विरामी भएर कमजोर भएकी हेन्नाले पनि हिम्मत र साहसका साथ डाँकुको पछि पछि दौडेर उसको दुबै खुट्टा समातेर भुइँमा लडाइन् । यति हुँदा उनका बुबा पनि कोठाबाट बाहिर आइसक्नु भएको थियो । बुबाले डाँकुलाई समातेर उसको नाकमा हानी नियन्त्रणमा लिनुभयो अनि प्रहरीलाई खबर गरी प्रहरीको जिम्मा लगाउनु भयो ।

हेन्नाको यस्तो बहादुरीपूर्ण कार्यको सञ्चार माध्यममा समाचारहरू छापिएपछि हेन्नालाई बधाई र स्याबासी दिनेको ओइरो लाग्यो । बालबालिकाहरूको अधिकारका लागि काम गर्ने एउटा संस्था **बाल भवन**ले हेन्नाको परिवारलाई समेत जानकारी नदिई राष्ट्रिय बहादुरी पुरस्कारका लागि फारम भरेर पठायो । १४ नोभेम्बर १९९९ को बालदिवसका दिन त्यस वर्षको बालबहादुरी पुरस्कार हेन्ना बक्सीलाई प्रदान गरिनेछ भनेर टेलिभिजनबाट समाचार प्रसारण गरियो । यस्तो समाचारले हेन्नाको परिवारमा खुसी छायो । हेन्ना बक्सीको परिवारमा घटेको घटना त्यस घटनामा हेन्नाले पुर्‍याएको बुद्धिमानी हिम्मत, आँट र

साहसकासाथ गरेको कार्यलाई सङ्कलन गरेर लेखक रामदेव पाण्डेले हाम्रा बालबालिकाहरूका सामु पुऱ्याउने जुन प्रयास गरेका छन् यसले हाम्रा बालबालिकाहरू पनि अप्ठ्यारो परिस्थितिसँग जुधेर काम गर्न सक्ने प्रेरणाको स्रोत बनेको छ ।

**४.३.८. प्रभाको प्रतिभा, प्रभा भेटवाल, १४ वर्ष, नेपाल**

वि.सं. २०५२ साल बैशाख १ गते नुवाकोट जिल्लाको सुनखानी ३ निवासी भेटवाल परिवारमा प्रभाको जन्म भएको हो । अन्धविश्वासमा रुमलिएको समाज र त्यस समाजका कारण आँखा बन्द भएका भेटवाल परिवारको कमजोरीका कारण प्रभा जन्मेको चार दिनमै आमाको काखबाट अनाथालयमा पुऱ्याइयो । लेखक रामदेव पाण्डेले प्रभाको जीवनमा घटेका यस्तै यस्तै घटना र उनको प्रतिभालाई यस कृतिमा समावेश गरेर अन्ध विश्वासमा रुमलिएको समाज र त्यही अन्धविश्वासका कारण आँखा बन्द भएका प्रभाका बुबा आमा जस्तै अरू बुबा आमाहरूलाई सजग र सचेत बनाउने उद्देश्य लिएका छन् ।

वि.सं. २०५२ साल बैशाख १ गते जन्मेकी प्रभाको दाहिने हातका औँलाहरू थिएनन् । अन्धविश्वासी परम्परालाई मान्ने महिलाहरूले यस्तो अपाङ्ग बच्चा आमा बुबालाई देखाउनु हुँदैन, बुबा आमाले मुख देखेमा उनीहरूलाई पिर्छ र मृत्यु पनि हुन सक्छ भन्ने सल्लाह दिए । त्यहाँको संस्कार अनुसार अथवा त्यहाँ प्रचलित चलन अनुसार गाउँले मिलेर नवजात शिशुलाई जिल्लामा रहेको अनाथ बालबालिकाको स्याहार गर्ने एउटा गैरसरकारी संस्थालाई बुझाइदिए ।

त्यसको चार वर्ष पछि त्यो संस्था आर्थिक अभावका कारण बन्द भयो । त्यसपछि प्रभा लगायत त्यस संस्थामा रहेका सम्पूर्ण बालबालिकाहरू काठमाडौँमा रहेको **माइती नेपाल**को संरक्षणमा रहन थाले । **माइती नेपाल**को राम्रो संरक्षण र पालन पोषण पाएर प्रभा हुर्कँदै गइन् । प्रभाले माइती नेपालद्वारा सञ्चालित टेरेजा एकेडेमीमा पढ्न थालेदेखि नै उनले आफ्नो प्रतिभा देखाउन थालिन् । उनी एकपटक भनेको कुरा बिर्सिँदैन थिइन् । प्रभाको विद्यालयको गृहकार्य सकेर विभिन्नखाले ज्ञानबर्द्धक कथा आदि जे भेट्टायो त्यही पढ्ने बानी थियो । उनले मेहेनतसाथ अध्ययन गरेको हुनाले उनी कक्षामा प्रथम द्वितीय हुँदै गइन् ।

एकदिन विद्यालयमा बालबालिकाको प्रतिभा कार्यक्रम राखिएको थियो । साथीहरूको आग्रह अनुसार उनलाई त्यस समयको चर्चित गीत 'चाइना कम्पनी' बोलको गीत गाउन लगाइयो । जव प्रभाले स्टेजको अगाडि गएर गीत गाउन थालिन् सबैले उनको गायन

प्रतिभाको प्रशंसा गरे । यसबाट पाएको सफलतापछि प्रभाले आफैं गीतहरू गुनगुनाएर अभ्यास गर्न थालिन् । फलस्वरुप उनले **एभरेष्ट क्लव**की वर्ष बालिकाको सम्मान पाइन् ।

प्रभाको प्रतिभा फस्टाउँदै गयो । देश विदेशका बालबालिका सम्बन्धी बिभिन्न कार्यक्रममा प्रभाको सहभागिता हुन थाल्यो । एकपटक प्रभा नेपालका केही बालबालिका सहित जापान भ्रमणमा गएकी थिइन् । प्रभाले जापानीहरूको अनुरोधमा जापानी भाषामा पनि हाउभाउ सहित गीत गाउन सफल भइन् । उनको प्रतिभालाई कुनै पनि भाषाले छेक्न सकेन । प्रभा जापान, जर्मन, स्वीजरल्याण्ड आदि जुन देशमा गए पनि आफ्नो पहिचान देखाउन पछि परिनन् । प्रभाको गायन प्रतिभाको कदर गर्दै सानै उमेरमा एकल गायन एल्बम निस्कियो । उनले स्वर दिएको कालीप्रसाद रिजालको बाल गीत र क्षेत्रप्रताप अधिकारीको स्वदेशगान सबैले गुनगुनाउन थाले ।

बालगीत : साना साना आँखा तर सपना भरिभरि
सानै छु म तर मनमा रहर थरिथरि

स्वदेशगान : रमाइलो देश पाइयो नेपाल पाइयो
नेपाललाई सम्झने नेपाली चाहियो

प्रभाको प्रतिभा गायनमा मात्र सीमित रहेन । उनले उत्कृष्ट चित्रहरू कोरेर समेत पुरस्कार र सम्मान पाउन थालिन् । लेखक रामदेव पाण्डेको प्रत्यक्ष भेटमा प्रभाले राम्रो पत्रकार र लेखिका बन्ने इच्छा बताइन् (लेखक पाण्डे) । प्रभाले आफ्ना लेखन र चित्रहरूमा गरिब, किसान, मजदुर र दुःख पाएका बालबालिकाहरूलाई समावेश गरेकी छिन् ।

अन्धविश्वासी समाज र त्यस अन्धविश्वासमा रुमलिएका प्रभाका बुबा आमाका कारण आज प्रभा अनाथ भएर कुनै संस्थाको संरक्षणमा बाँचिरहेकी छन् तर उनको प्रतिभाले उनले सम्मान पाएकी छिन् । प्रभाको जीवनी पढेर कुनैपनि बुबा आमाले अन्धविश्वासमा परेर आफ्ना सन्तानलाई अनाथालयमा पुऱ्याउने छैनन् भन्ने विश्वास यसका लेखको रहेको छ ।

### ४.३.९. ज्यान भन्दा साथी प्यारो : लालनिलिआना, १४ वर्ष, भारत

भारतको मिजोरम राज्यको आइजल जिल्ला स्थित लइपुत्लाङ गाउँमा लालनिलिआनाको जन्म भएको थियो । लालनिलिआनाका बुबा बिआक्मविआले आफू र परिवार पाल्नका लागि जुत्ता सिउने काम गर्दथे । लाललिआना अनुशासित र सहयोगी थिए ।

एकदिन लालनिलिआना आफ्ना साथीहरूसँग आफ्नो गाउँ नजिकैको बाँधको केही पर खेलिरहेका थिए । उनीहरू खेलिरहेको ठाउँको केही पर केटाकेटीहरूको अर्को समूह पनि एकआपसमा मिलेर खेलिरहेका थिए । खेल्दा खेल्दै अर्को समूहको जोनाथन नामको केटो बाँधमा खस्यो । त्यहाँ भएका अरू केटाकेटीहरू गुहार माग्दै चिच्याए । लालनिलिआना साथीको यो अवस्था देखेपछि लुगा समेत नफुकाली बाँधमा हामफालेर पौडी खेल्दै जोनाथन भएको ठाउँमा पुगे । जोनाथनको कपडा समातेर पौडी खेल्दै बाँधको छेउमा आएर त्यहाँ भएका केटाकेटीहरूको हातमा जोनाथनको हात दिए । उनीहरूले तानेर जोनाथनलाई सुरक्षित स्थानमा पुऱ्याए । दुर्भाग्यवश लालनिलिआना बाँधमा आएको तेज बहावका कारण पानीमा डुबे । आफ्नो ज्यानको बाजी थापेर साथीको ज्यान बचाउने लालनिलिआनाको ज्यान बच्न सकेन ।

लालनिलिआनाको साथीको ज्यान बचाउँदा आफ्नो ज्यान गुमाउनु परेको कुरा भारत सरकार सम्म पुग्यो । उसको त्याग र बलिदानको कदर गर्दै **राष्ट्रिय बहादुरी पुरस्कार** (मरणोपरान्त) ले सम्मान गरियो । पुरस्कार थाप्न उनका बुबा जानु भयो । यस घटनाले बुबाका आँखामा आँसु आए ।

**४.३.१०. फुच्चे लेखक, एलेक ग्रेभेन, ९ वर्ष, अमेरिका**

अमेरिकाको कोलोराडो प्रदेशको एकजना नौ वर्षीय बालक एलेन ग्रेभेनले सबै भन्दा बढी बिकी हुने किताब लेख्न सफल भएका छन् ।

अत्यन्त मिहेनती र लगनशील एलेकले सानै देखि विभिन्न व्यवहारिक किताब पढ्ने गर्दथे । कहिलेकाहीँ त उनले किताब पढ्दा आफ्नी आमाले कोठामा राखिदिएको खाजा समेत खान बिर्सन्थे । कुनै न कुनै व्यवहारिक किताब पढ्न उनको रुचि थियो । एलेकले केटाहरूले केटीहरूलाई लिएर डेटिङमा जाने केटी साथी बनाउने केटाकेटीहरूलाई गहिरोसँग नियालेर हेर्ने गर्थे । कुनै केटाहरूले केटीसँग कुरा गर्न नसकेर साथी बानउँन असफल भएको कुरा पनि ख्याल गरेका थिए । एलेकका केटी साथी नभए पनि उनलाई यसबारे केही लेख्न मन लाग्यो ।

एलेकले केही दिन लगाएर हातैले लेखेर एउटा किताब तयार गरे अनि किताबको नाम राखे केटीहरूसँग कसरी कुरा गर्ने ? (How Talk To Girls) एक दिन कोलोराडो स्थित एलेकको विद्यालय क्यासल रक (Castle Rock) मा पुस्तक प्रदर्शनी राखियो । त्यहाँ

एलेकले लेखेको पुस्तक फोटोकपी गराएर राखियो । त्यस पुस्तकको मूल्य ३ डलर थियो । त्यस प्रदर्शनीमा सबैभन्दा बढी एलेकले लेखेको किताब बिकी भयो ।

यस किताबमा एलेकले आफूले देखेका, सुनेका र पढेका कुराहरू राम्रो तरिकाले लेखेका थिए । यसमा उनले लेखेका छन् : 'केटाले सधैं ठण्डा दिमागले सोचेर मात्र केटी साथी रोज्नु पर्छ ।' उनले लेखेको अर्को रमाइलो कुरा : केटीहरूसँग कुरा गर्न जाँदा राम्रोसँग कपाल कोरेर जाऊ र आत्तिएर पसिना पसिना नहोऊ ।

एलेकले अझै अन्य रोचक र व्यवहारिक पुस्तकहरूको तयारी गरिरहेका छन् । हजुरबा र हजुरआमासँग कसरी कुरा गर्ने ? (How To Talk To Grandparents) बुबाहरूसँग कसरी कुरा गर्ने ? (How To Talk To Dads) मम्मीहरूसँग कसरी कुरा गर्ने ? (How To Talk To Moms) आदि ।

लेखक बन्नलाई उमेरले रोक्न सक्दैन भन्ने कुरा एलेकको जीवनीबाट जानकारी पाउन सकिन्छ । एलेकले मिहिनेत, परिश्रम र लगनशीलताले ९ वर्षको उमेरमा उनले लेखेका पुस्तकले उनलाई सर्वाधिक चर्चाको शिखरमा पुऱ्यायो । उनको प्रतिभा यसरी नै प्रस्फुटन हुँदै जाने हो भने एलेक भविष्यमा गएर विश्वको सर्वाधिक चर्चित लेखक बन्ने छन् ।

**४.३.११. तबरेजको साहस, तबरेज आलम, १२ वर्ष, नेपाल-भारत**

कुनै पनि अप्ठ्यारो स्थिति आउँदा होसियार र बुद्धिमानीपूर्वक काम गऱ्यो भने अवश्य पनि अप्ठ्यारो स्थितिबाट छुटकारा पाउन सकिन्छ । लेखक रामदेवले तवरेज आलमको जीवनमा घटेको घटना र उनको चलाखीपूर्ण व्यवहारलाई यस कृतिमा समावेश गरेर बालबालिकाहरूलाई होसियार, सजग र सचेत गराएका छन् ।

तवरेजका बुबा मुख्तर अन्सारी भारत, विहार राज्यको मोतीहारी जिल्लाबाट आएर काठमाण्डौ बसेको २५ वर्ष भइसकेको थियो । तवरेजको बुबा आमा सहित ६ जनाको परिवार थियो । तवरेजको डेरा काठमाडौँको मैतीदेवीमा थियो । तवरेज अल्वर्ट इङ्लिस सेकेण्डरी बोर्डिङ स्कुलको कक्षा ३ मा पढ्दै थिए । वि. सं. २०६५ साल असार १७ गते मङ्गलवारको घटना थियो । तवरेज स्कुलमा गणित विषयको परीक्षा दिएर कोठामा आइ खाजा खाएपछि आफ्नो कोठा नजिकै रहेको मैतीदेवी मन्दिरमा गइ खेल्न थाले । उनले आफ्ना साथीहरूसँग मन्दिर भित्र गएर विभिन्न खेल खेले । धेरैबेर खेलेपछि उनका साथीहरू आ-आफ्ना घरतिर लागे । तवरेज भने थकाइमार्ने उद्देश्यले मन्दिर छेउको चौतारोमा बसे ।

तवरेज बसिरहेकै अवस्थामा एकजना अन्दाजी २४-२५ वर्षको अपरिचित मान्छे तवरेजको छेउमै आएर बस्यो । यत्तिकैमा उसको अर्को छेउमा अर्को मानिस आएर बस्यो । दाहिनेतिर बसेको मान्छेले तवरेजको दाहिने कानमा जोडसँग च्यापिदियो । तवरेज चिच्याउन आँटेको अवस्थामा अर्को मान्छेले उसको मुख थुनिदियो । त्यसपछि तवरेज बेहोस भयो । उसले केही थाहा पाएन । राती सातबजेसम्म पनि तवरेज घरमा नफर्केपछि उसका बुबा आमा असाध्यै डराए । तवरेजसँगै खेलेका साथीहरूसँग सोधे तर कतै पत्तो लागेन । कतै साथीको घरमा गएको भए आउँछ कि भनेर १८ गते बिहानसम्म बाटो हेरे । १८ गते दिउँसो उसको स्कुलमा खबर गरियो । तवरेज हराएको खबरले स्कुलका शिक्षक शिक्षिकाहरू पनि चिन्तित भए । प्रिन्सिपल सुजिता अधिकारीले स्कुलका अध्यक्ष शम्भु पोखरेललाई बोलाउनुभयो । अध्यक्ष पोखरेलले तवरेजका बुबा मुख्तार अन्सारीलाई सँगै लिएर प्रहरीथाना कमलपोखरीमा रिपोर्ट लेखाउन पुग्नुभयो । त्यही प्रहरीथानामा पुगेको केही समयमा मुख्तार अन्सारीको मोवाइलमा फोन आयो । फोनबाट तवरेज अपहरणमा परेको र विहार पुलिसले फेलापारेर नेपालको इनरुवा प्रहरीचौकीमा जिम्मा लगाइदिने कुरा फोनबाट जानकारी गराइयो । अध्यक्ष पोखरेलले बिहार प्रहरीचौकीमा फोन गरेर निश्चित भएपछि मुख्तार बिहार वोर्डतर्फ गए । इनरुवा प्रहरीचौकीमा पुगेर मुख्तारले आफ्नो छोरो तवरेजलाई काठमाडौं लिएर आए ।

मैतीदेवी मन्दिरबाट अपहरण गरेर तवरेजलाई एउटा अपरिचित ठाउँको अँध्यारो कोठामा पुऱ्याइयो । तवरेज होसमा आउँदा उनका हात खुट्टा बाँधिएको र वरिपरि चार पाँचजना मानिसले घेरेको अवस्थामा पायो । तवरेजलाई उसको परिवारको बारेमा सोधे । हजुरबुबाको नाम र काम समेत पत्ता लगाए । बुबाको फोन नम्बर माग्दा थाहा छैन भनिदिए । त्यसपछि तवरेजलाई गाडीमा राखेर लगे । होसमा आउँदा हेटौँडा पुगेको कुरा गाडीबाट हेर्दा बाहिर झुण्डाएको वोर्ड पढेर थाहा भयो । त्यसपछि तवरेज फेरि बेहोस भए । होसमा आउँदा दुईजना मान्छेले आफूलाई हातमा समातेर खेतको बीचबाट हिँडाइरहेको पायो । उसलाई डर लाग्यो । बाटोमा यसरी हातको सहाराले हिँडाएको देखि अरू मान्छेले सोध्दा बिरामी भएर डाक्टरकोमा लैजान लागेको कुरा अपहरणकारीले बताए । तवरेजलाई आफ्नो यथार्थ बताउन मन लागेपनि अपहरणकारीको हप्काइले गर्दा केही बोल्न सकेन ।

तवरेजले अपहरणकारीको पन्जाबाट उम्कन बुद्धि अपनाइरहेको थियो । निश्चित ठाउँको प्रतीक्षामा थियो । तवरेज बाटोमा हिँड्दा लड्दै उठ्दै थियो । उसले भाग्ने कोसिस

गरेको थियो । उचित ठाउँ पाएपछि तवरेज उनीहरूले चाल नपाउने गरी भुइँतिर हेऱ्यो र लगभग धेरै पर उछिट्टिने गरी भुइँमा लड्यो । यसपालीको लडाइ योजनाबद्ध ढङ्गको भएको हुनाले अपहरणकारीको हातबाट फुस्कन सफल भयो । तवरेज फूर्तिकासाथ उठेर घरहरू भएतिर भाग्यो । एउटा घरमा पसेर त्यहाँ आफूलाई बचाउन अनुरोध गरेपनि सहारा पाएन । त्यसपछि उनी पि. सि. ओ. भएका घरतिर गए । त्यहाँ पि. सि. ओ. वालाले उसलाई माया गरेर आफ्नो घरमा लुकाएर राखे । पि. सि. ओ वाला देवदत्तले फटाफट पुलिसलाई खबरगरी एउटा बालक अपहरणकारीको पन्जाबाट उम्केर आफूसँग भएको अनि अपहरणकारी पनि यतै भएको कुरा बताए । सादा पोशाकमा आएका पुलिसले बालकको खोजी गर्दै आएका अपहरणकारीलाई पक्राउ गरे । तवरेजसँग सोधपुछ गरेपछि आफूलाई नेपालबाट अपहरण गरेको कुरा बताए । नेपालको पुलिसचौकी इनरुवामा खबर गरेर तवरेजलाई नेपाल प्रहरीको जिम्मा लगाए ।

तवरेज एउटा साहसी र बुद्धिमान बालक हो । आफ्नो साहस र बुद्धिका कारण तवरेज अपहरणकारीको अपहरणमा परेर भारत पुऱ्याइए पनि उनीहरूको पन्जाबाट बाँच्न सफल भयो । यस घटनाले अरू बालबालिकाहरूलाई पनि अपहरणकारीदेखि सजग रहन सहयोग पुऱ्याउने देखिन्छ ।

### ४.३.१२. धैर्य र विवेककी खानी क्याटी लाउज बेनन, १२ वर्ष बेलायत

क्याटी लाउजले आफ्ना घरका सदस्यले माया मारेको भाइलाई बचाउन सफल भएकी छे । क्याटीको भाइ एडम बिरामी थियो । साँझको खाना खाइसकेपछि क्याटीले भाइलाई औषधी खुवाएर अर्को भाइ राइज र एडमलाई कोठामा सुत्न पठाइयो । क्याटी आफ्नी आमासँग बसेर टेलिभिजन हेरिरहेकी थिई । उता कोठामा सुत्न गएको भाइ एडम खाटबाट भुइँमा लडेर बेहोस भएछ । क्याटी दौडेर कोठामा पुगेर एडमलाई बोलाई ऊ बेहोस अवस्थामा थियो । क्याटी चिच्याएर रुन थाली । एडमको श्वासप्रश्वास पनि बन्द भएको थियो । क्याटीकी आमा जेनेट पनि कोठामा आएर रुन थालिन् । एडम मऱ्यो भन्ने ठानी आमा र भाइ राइज आत्तिए । क्याटी भने हिम्मतका साथ एम्बुलेन्सलाई फोन गरी त्यहाँको आकस्मिक कक्षबाट प्राथमिक उपचार गर्ने निर्देशन पाई । अनि उसले एडमका नजिक गएर आफ्नो मुख एडमका मुखमा जोडेर श्वास फेराउन कोसिस गरी । एडमले दाँत बाँधेको हुनाले उसको मुख खोल्न सकिन । अनि उसले भाइलाई उत्तानो पारेर सुताएर एडमको फोक्सो माथिको छातीमा दबाब दिन थाली । जोडले छाती थिच्दै छोड्दै गर्नलाग्दा

धेरै बेरपछि एडमको नाकबाट अलि अलि गरेर सास निस्कन थाल्यो । भाइको यस्तो अवस्था देखेपछि उसमा झन् हौसला बढ्यो । उसल यो प्रक्रिया पाँच मिनेटसम्म गरी अनि एडमले शरीर चलाउन थाल्यो । एकछिनपछि आफैं सास फेर्न थाल्यो । क्याटी खुसी हुँदै भाइ बाँच्यो मम्मी भनेर चिच्याई । उसका मम्मी र भाइ पनि खुसी भए । यति गर्दा एम्बुलेन्स पनि आइपुग्यो र उसलाई अस्पताल पुऱ्याइयो । एडमको जाँच गरेपछि उसलाई दिएको दम रोगको औषधीले रिएक्सन ( असर ) गरेर एडम बेहोस भएको थाहा भयो ।

नौदिनको लामो उपचारपछि एडमलाई घरमा ल्याइयो । क्याटीका भाइ र मम्मीले माया मारिसक्दा पनि धैर्य, साहस र बुद्धिमानी क्याटीले हरेश नखाइ भाइको प्रथमिक उपचार गरेर एडमलाई बचाउन सफल भई । साहसी क्याटीको कार्यको चर्चा स्थानीय स्तरदेखि बेलायत सरकार र रेडक्रससम्म पुग्यो । क्याटीलाई बेलायत रेडक्रस मानवता सम्मानद्वारा सम्मानित गरियो ।

जतिसुकै कठिन परिस्थितिको सिर्जना भएपनि धैर्य गर्न सक्यो भने त्यस समस्याको समाधान हुन सक्छ भन्ने कुरा क्याटीको जीवनीबाट सिक्न सकिन्छ ।

### ४.३.१३. सिङ्गो समाजविरुद्ध एक्ली केटीको जीत, असु कुँवर, १४ वर्ष भारत

भारतको राजस्थान जोधपुर जिल्लाको डेचु गाउँमा बुबा भोमसिंह र आमा केकुको गर्भबाट असु कुँवरको जन्म भएको थियो । भोमसिंहका सातजना छोरा छोरी थिए । भोमसिंह गरिब भएको हुनाले अर्को गाउँको चिनजानको मान्छेसँग भा. रु. ४९००० ( उनान्पचास हजार ) ऋण लिएका थिए । त्यो कुरा आफ्नी श्रीमतीलाई समेत थाहा थिएन ।

ऋण लिएको दुईवर्ष पछि सवाइसिंहले भोमसिंहलाई आफ्नो घरमा बोलाए र साँझ टन्न हुनेगरि रक्सी खान दिए । त्यसपछि भोमसिंहलाई आफ्नी छोरीको विवाह सवाइसिंहसँग गरिदिन कुरो चलाए । रक्सीले मात्तिएको भोमसिंहले आफ्नो घर परिवार, छोरीको चाहना र उमेरको वास्ता नगरी विवाहको निर्णय गरिदियो । भोमसिंह घरमा आएर आफ्नी छोरी असुको विवाह सवाइसिंहसँग गरिदिने निर्णय गरेको कुरा श्रीमतीलाई भन्यो ।

बालक छोरीको विवाहको निर्णयले आमा झसङ्ग भइन् । असु गरिबीको कारण राम्रा लुगा र मीठो खान पाइने कुराले एकछिन खुसी पनि भई । असुकी आमाले केटाको उमेर नहेरी विवाह नगरिदिने निर्णय गरी । उता सवाइसिंहको घरबाट विवाहको पूर्व तयारी स्वरुप केही गहना र कपडा भोमसिंहका घरमा पठाए । असुको विवाह सवाइसिंहसँग गरिदिए दुईवर्ष अगाडि ल्याएको पैसा फिर्ता गर्न नपर्ने कुरा पनि सुनाए । असुले हिम्मतका

साथ भनी मैले जसरी भएपनि यो विवाह रोक्नुपर्छ । यस कुरामा आमाले पनि समर्थन जनाइन् । एकदिन असुले आमासँग सल्लाह गरी बालविवाह रोक्ने संस्थामा गएर उजुरी गर्ने निर्णय सुनाई । त्यस गाउँमा असुको भन्दा पहिले पनि यस्ता बालविवाह हुने गर्दथे तर कसैले पनि विवाह रोक्ने प्रयास गरेका थिएनन् । असुको विवाह नगर्ने निर्णयले गाउँका ठूलाबडा मान्छेहरू पनि अचम्ममा परे । सन् २००८ को अप्रिल महिनामा दुई गाउँका ( असु र सवाइसिंह ) ठूलाबडा पञ्चहरूको भेला भयो । गाउँमा यस्तो जमघट देखेर असुले जोधपुर जिल्ला महिला विकास एजेन्सी र जिल्ला प्रशासनमा खबर गरेपछि सरकारी संस्थाका मान्छे आएर भेलालाई हटाए ।

असुको विवाहको कुरा राष्ट्रिय मद्दा बन्न पुग्यो । मानवअधिकारकर्मी र बालअधिकार सङ्गठनले असुको पक्षमा दरो अडान लिए । सम्पूर्ण देश सञ्चार माध्यम र गल्ली गल्लीमा असुको चर्चा चल्यो । आखिर असुको जीत भयो । विवाह गर्ने पक्षका माफी माग्दै गल्ती स्वीकार्न बाध्य भए । असुको विवाह रोकिएर उसको जीत भएपछि बालविवाह गरिदिएर पतिको मृत्युपछि बालविधुवा भएकाका बुबा आमाहरू पश्चातापमा परे । बालविवाह गरिदिनेलाई सजग गराउने र प्रेरणा दिने काम भयो । उसको कार्यको प्रशंसा गर्दै भारतको गणतन्त्र दिवस २००९ को अवसर पारेर सन् २००८ को 'राष्ट्रिय गयाधनी पुरस्कार' भारतका प्रधानमन्त्री मनमोहन सिंहका हातबाट असुलाई प्रदान गरियो ।

असुको साहसका कारण सत्यको सधैं विजय हुन्छ भनेझैं उसको विजय भयो । असुको जीवनीबाट अन्धविश्वास, अशिक्षा र गरिबीका कारण पछाडि परेकाहरूलाई पनि शिक्षित र अशिक्षित समाजलाई समेत नयाँ गोरेटोमा हिँड्न मद्दत पुग्नेछ ।

### ४.३.१४. एक्लै आमालाई बचाउने सानो डाक्टर, जेमि बेकस्टर, ८ वर्ष बेलायत

बेलायतका जेमि बेकस्टरको परिवारमा बुबा, आमा र जेमि गरी तीनजना थिए । उसको घरमा पालिएको कुकुर बार्नेले घरको हेरचाह गर्ने गर्थ्यो । घरमा अपरिचित व्यक्ति छिर्‍यो भने भुकेर जानकारी गराउँथ्यो । जेमिका बुबा घरदेखि अलि टाढा नोकरी गर्नुहुन्थ्यो । आमा घर नजिकै एउटा अफिसमा कार्यालय प्रबन्धकको काम गर्नुहुन्थ्यो ।

एकदिन जेमिकी आमालाई अत्यधिक टाउको दुखेका कारण ज्वरो आयो । धेरै ज्वरो आएपछि उसले आमालाई पेनिसिलिनको गोली (औषधी) खान दियो । औषधी खाएको एकछिनमा उसकी आमा भान्सा कोठामा पल्टिएर बेहोस हुनुभयो । उसले आमालाई बोलायो, उत्तानो पारेर सुताइदियो । जेमिले तुरुन्त ९९९ मा फोन गरी एम्बुलेन्सलाई खबर

गरी आफ्नी आमाको सम्पूर्ण हालत बतायो घरको ठेगाना दियो । उसले आकस्मिक कक्षबाट आमालाई पूरा बेहोस हुन नदिन समय समयमा जोडले बोलाइरहने सल्लाह पायो ।

जेमिले आमालाई पूरा बेहोस हुन नदिन घरमा पालेको कुकुरको सहायता लियो उसले ढोकाको घण्टी बजाइदिएर बार्नेलाई भुक्नमा मद्दत गऱ्यो । कुकुर ढोकाको घण्टीको आवाज नरोकिउन्जेल भुकिरहन्थ्यो । उसले समय समयमा घण्टी बजाउने र आमालाई बोलाउने गऱ्यो । यतिन्जेलमा उसले आफ्नो हजुरबुबा र बुबालाई समेत खबर गऱ्यो ।

जेमिले फोन गरेको २० मिनेटमा एम्बुलेन्स आइपुग्यो । उसले आफ्नी आमालाई सन्चो हुने नहुने बारेमा सोध्यो । उद्धार टोलीले उसको हिम्मतको प्रशंसा गरे । उनलाई अस्पताल पुऱ्याएर स्वास्थ्य परिक्षण पछि औषधीले रिएक्सन गरेर बेहोस भएको कुरा थाहा भयो । जेमिकी आमाको होस आएपछि उसको कार्यको प्रशंसा गरिन् । उसको धैर्य र साहसका कारण उसकी आमाको ज्यान बच्यो । यही साहसपूर्ण कार्यको कदर गर्दै जेमिलाई सन् २००१ को 'बेलायत गौरब सम्मान' प्रदान गरियो ।

### ४.३.१५. चितुवा बलियो कि सजना

काभ्रेको साँगा गाविसकी १३ वर्षीय सजना लामा बुबा सुरेश लामा र आमा सुशिला लामाकी जेठी छोरी हो । सुरेशका चार छोरा छोरी मध्येकी जेठी छोरी सजनाले चितुवाको मुखबाट आफ्नो भाइलाई खोसेर बचाउन सफल भएकी छे ।

वि.सं. २०६६ साल भदौ २६ गते विहीवारका दिन सजना र कुमार लामा स्कुल नगएर मामाघर गए । सजना र कुमार मामाघर गएर खेल्दै, काँक्रा खाँदै रमाए । साँझ पाँच बजेतिर सजना र कुमार झोला भरी काँक्रा राखेर घर फर्किए । साँझ परेपछि सजना र कुमार चमेरो खेल खेल्न बाहिर निस्किए । खेल्दा खेल्दै घरको पूर्वपट्टि रहेको चुधो (चौतारी) को बोट मुनि लुकेर बसेको चितुवा आएर कुमारको घाँटीमा मुखले समातेर लिएर भाग्यो । कुमारले दिदी ! दिदी ! भनेर चिच्याउँदा चिच्याउँदै उसलाई एउटा ठूलो ढिक नगाएर तल पुऱ्यायो । सजनाले भाइलाई बोलाउँदा बोलाउँदै धेरै ढिक कटाएर काफलेको जङ्गलमा पुऱ्यायो । सजनाले आफ्नो ज्यानको बाजी लगाएर अग्ला अग्ला ढिक नाघ्दै घरभन्दा २०० मिटर तलको झाडी जहाँ चितुवाले भाइलाई पुऱ्याएको थियो, त्यहीँ पुगी । यतिबेरसम्म उसको घरमा कुमारलाई चितुवाले लगेको हल्ला चलिसकेको थियो । तर ऊ जीवित फर्कने कुरामा विश्वास गरेका थिएनन् ।

सजना जुन ठाउँमा पुगेकी थिई त्यहाँ चितुवा दाह्रा देखाएर उभिएको थियो । कुमार भने बेहोस भएर भुइँमा पल्टिएको थियो । भाइको यस्तो हालत देखेर सजनालाई कुनै डर लागेन । उसमा झन् साहस र आँट आयो । उसले चितुवालाई गाली गर्दै आफ्ना अगाडिका ढुङ्गा टिप्दै हान्दै गरी । धेरैबेरपछि चितुवा दाह्रा देखाउँदै भाग्यो । सजनाले रगतको धारा बगेको भाइलाई बोकेर घर ल्याई ।

कुमारको पछाडिको भागमा चितुवाको आक्रमणबाट घाउ लागेर रगत बगिरहेको थियो । एम्बुलेन्सलाई खबर गरेपनि त्यहाँ कच्ची बाटो भएकाले आउन मानेन । साँगा बजारसम्म कुमारलाई बोकेर लगियो अनि त्यहीँबाट गाडीमा राखेर बनेपाको 'सिर मेमोरियल' अस्पतालमा पुऱ्याइयो । २०६६ भदौ २७ गते अपरेशन गरेर कुमारको घाउमा टाँका लगाइयो । एकहप्ता अस्पतालमा बसेपछि घर फर्किए ।

चितुवासँग एक्लै लडेर भाइलाई बचाउन सफल भएकी बहादुर, साहसी र धैर्यकी खानी भनेर सजनाको तस्वीरसहित विभिन्न सञ्चारमाध्यमले समाचार छापे । उसको साहसी र बहादुरीपूर्ण कार्यको प्रशंसा गर्दै २०६६ साल कात्तिक ३ गते नेपालको बालअधिकारवादी संस्था 'वीर गणेशमान बालप्रतिभा' कोषद्वारा वर्षबालिका पुरस्कारले सम्मान गरियो ।

### ४.३.१६ निष्कर्ष

विश्वका अद्भुत बालबालिकाहरू ( भाग १ ) कुनै काल्पनिक मनगढन्ते कथाहरूको सङ्ग्रह होइन । यो कृति नेपाल लगायत विश्वका साहसी, धैर्यवान्, बुद्धिमान, दयालु बालबालिकाहरूले गरेका साहसी र अनौठा कार्यहरूको यथार्थ बयान हो । यसमा लेखकले नेपालका बालबालिकाहरूलाई स्वयम् भेटेर उनीहरूका अभिभावकसँग प्रत्यक्ष अन्तरवार्ता गरेर उनीहरूको फोटोसहितका यथार्थ तथ्यलाई यसमा समावेश गरेका छन् । नेपाल बाहिरका बालबालिकाहरूका जीवनमा घटेका घटनाहरूलाई विभिन्न सञ्चारमाध्यम, पत्रपत्रिका, इ-मेल इन्टरनेट आदिबाट तथ्यहरू सङ्कलन गरेर फोटोसहित प्रस्तुत गरेका छन् । यी बालबालिकाहरूका जीवनमा घटेका घटनाहरूलाई अझ बढी रोचक र प्रभावकारी बनाउन सरल भाषा र रोचक शैलीमा कथाको स्वरूप दिएका छन् ।

नेपाल लगायत विश्वका बालबालिकाहरूका जीवनमा घटेका घटनाहरूलाई सङ्ग्रह गरी कृति प्रकाशन गरेर हाम्रा बालबालिका सामु पुऱ्याउने जुन प्रयास गरेका छन्, यसको अध्ययनले हाम्रा बालबालिकाहरूलाई पनि जस्तोसुकै कठिन परिस्थितिमा पनि साहस, आँट,

हिम्मत गर्ने, अन्याय नसहने, दयालु र दुःखको समयमा पनि धैर्य गर्ने शक्ति प्रदान गर्नेका साथै राम्रा राम्रा काम गरेर ठूलो मान्छे होइन राम्रो मान्छे बन्न प्रेरणा प्रदान गर्नेछ ।

लेखकले बढी काल्पनिक र सस्तो मनोरञ्जन दिने कथा लेख्नुभन्दा सत्य घटनामा आधारित धैर्य र साहसले भरिएका केटाकेटीहरूलाई उत्साहित पार्ने, ज्ञान दिने, राम्रा काम गर्न प्रेरित गर्ने कथा लेख्नु आजको आवश्यकता हो । लेखकले यसै दिशामा कलम चलाएका छन् (ज्ञवाली रामप्रसाद : भूमिका) ।

आफ्नो ज्यानलाई जोखिममा राखेर सेतीको खोँचमा खसेकी बालिकालाई बचाउन सफल कमल नेपाली, चितुवाको मुखबाट आफ्नो भाइलाई बचाउन सफल साहसी केटी सजना लामा, अन्धविश्वासको भुमरीमा परेर आँखा देख्ने भएर पनि अन्धा भएका प्रभा भेटवालका आमा बुबा र त्यही अन्धविश्वासका कारण बुबा आमा भएर पनि अनाथ भई अनाथालयमा पुगेकी प्रभा भेटवाल जस्ता बालबालिकाहरू नेपालका साहसी र उदाहरणीय बालबालिका भएका छन् । कम उमेरका मान्छेले पनि कठिन काम गर्न सक्छन् भन्ने कुरा कमल नेपालीको कार्यले, आफ्नो ज्यानको बाजी लगाएर चितुवाको मुखबाट आफ्नो भाइलाई बचाउन सफल भएकी काभ्रे खाल्चोककी सजना लामाको कार्यले कठिन परिस्थितिमा पनि धैर्य र साहसका साथ काम गर्न प्रेरणा प्रदान गर्नेछ । प्रभा भेटवालको जीवनमा घटेको घटना र हाल प्रभाले देखाएको प्रतिभा र कार्यले अपाङ्ग व्यक्तिले पनि सपाङ्ग सरह काम गरेर आफ्नो खुट्टामा उभिन सक्छन् भन्ने कुरा देखाउन यो कृति सफल देखिन्छ । अपाङ्ग बालबालिकाहरूलाई घृणा र तिरस्कार होइन, हाम्रो माया, ममता, संरक्षण र हौसलाको आवश्यकता पर्दछ । यसो गर्न सकेमा उनीहरूले पनि सपाङ्गले जस्तै जीवन निर्वाह गर्न सक्छन् ।

## ४.४. विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू

### ४.४.१. परिचय

विश्वप्रसिद्ध अन्धविश्वास र प्रथाहरू शीर्षकको कृति नेपाल लगायत विश्वका विभिन्न देश र त्यहाँको समाज अनि संस्कृति अनुसार देखिएका र मानिँदै आएका अन्धविश्वासहरूको विवरणात्मक लेख सङ्ग्रह हो । ज्ञान विज्ञानले सावित नगरेका तर परम्परादेखि मानिँदै आएको कुरा भनी आँखा चिम्लेर विश्वास गरिने रूढिलाई अन्धविश्वास भनिन्छ (नेपाल देवी : भूमिका) । अन्धविश्वास सम्बन्धी परम्परा अनेक कारणबाट वर्षौंदेखि चल्दै र मानिँदै आएका हुन्छन् । कुपोषणका कारण बच्चाहरू मरे भने पनि कुलदेवता

रिसाए, देवीदेवता लागे भनेर पूजा गर्ने चलन रहेको छ । जङ्गली जनावरबाट केटाकेटीको सुरक्षा होस् भनी मालामा बाघ, भालुका नङ्ग्रा उनिदिने चलन पनि चलेकै हो । पहिलेका पुर्खाले त्यस्तो चलन किन चलाए भन्ने सोच, विचारै नगरी गाउँका अशिक्षित समुदायमा त्यस्तै माला लगाइदिने चलन अहिलेसम्म चल्दै आएको छ । यसरी यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै विकसित भयो ।

वैज्ञानिक चेतना र अन्धविश्वास परस्पर विरोधी कुरा हुन् । विज्ञानको पर्याप्त विकास नभएको युगमा हजारौं अन्धविश्वासले संसार ढाकेको थियो । त्यसबेला कसैले अन्धविश्वासको खण्डन गरी विज्ञानसम्मत कुरा गऱ्यो भने ठूलो दण्ड सजायँ पाउँथ्यो । सूर्य पृथ्वीको वरिपरि घुम्ने होइन, पृथ्वी सूर्यको वरिपरि घुम्छ भन्दा ब्रुनोलाई डढाएर मारिएको थियो (प्रश्रित मोदनाथ : भूमिका) ।

अन्धविश्वास चेतनाको अग्रगतितिर विकासमा बाधा पुऱ्याउने मानव समाजको ठूलो शत्रु हो । यसले व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वलाई नै अगाडि बढाउन बाधा पुऱ्याउँदै आएको छ । जुन जुन देशहरू वैज्ञानिक शिक्षा, साहित्य, संस्कृति आदि कुराले अगाडि बढे ती देशहरू अहिले विश्वको अग्रपङ्तिमा छन् । अन्धविश्वासको विरुद्धमा लाग्न नसक्ने देशहरू एक्काइसौं शताब्दीमा आइपुग्दासम्म पनि भूत, प्रेत, पिशाच, बोक्सी लगायतका असङ्ख्य अन्धधारणामा मुछिएर आफू र समाजलाई अगाडि बढ्न रोक्ने कारक तत्वका रुपमा विकसित भएका छन् ( लेखक : रामदेव) ।

नेपाल लगायत विभिन्न देशका गाउँ, समाजमा वर्षौंदेखि संस्कृतिका रुपमा विकसित भएका र मानिँदै आएका अन्धविश्वासहरूलाई खोजी गरी विवरणात्मक रुपमा यस कृतिमा समावेश गरेका छन् । उनले यस कृति मार्फत वैज्ञानिक चिन्तन र खोज विवेचनाको आधारमा अन्धविश्वासका जरा उखेलेर विज्ञान सम्मत उर्वर चेतना भूमि तयार पार्न कम्मर कसेर लागेका छन् (प्रश्रित मोदनाथ : भूमिका) । अज्ञानता र अशिक्षाबाट निर्मित यस्ता अन्धविश्वासको पर्दामा धनी वर्गभन्दा गरिब, निर्धा, कमजोर र महिलाहरू बढी पीडित हुने गरेका छन् । पूर्व जन्ममा गरेको पापको सजायँ अहिले आएर भोगिरहेका छन् । डर, त्रास देखाएका कारण त्यसको चपेटामा गरिब निमुखा पर्दै आएका छन् । अहिले धर्म गरे अर्को जन्ममा गएर सुख पाइन्छ भन्ने अन्धविश्वासका कारण धर्मका नाममा मान्छेले ठूलो धनरासीको खर्च गर्छ । आजको वैज्ञानिक युगमा पनि निरर्थक हास्यास्पद लाग्ने परम्परा र

प्रथालाई जीवित राख्ने प्रयास भइरहेका छन् । विश्वमा यस्ताखाले परम्परा र प्रथाहरू रहेका छन् जसलाई सुन्दा पनि हाँसो उठ्छ, लाज लाग्छ र घृणा उत्पन्न हुन्छ ।

धर्म, परम्परा, संस्कृतिका नाममा विकसित भएका यस्ता अनौठा प्रथाहरू रहेका छन् जसलाई लेखकले खोजी गरी प्रबन्धनात्मक कृति तयार पारेका छन् । यसमा बलिप्रथा, जन्मसम्बन्धी अन्धविश्वास र प्रथाहरू, विवाह सम्बन्धी अन्धविश्वास र प्रथाहरू, विवाहका पोसाकहरू, पारपाचुकेका अनौठा प्रथाहरू, अधिवादनका अनौठा प्रथाहरू, महिला बलात्कारका प्रथाहरू, वर्षा डाक्ने अन्धविश्वास र प्रथाहरू, नयाँवर्षको स्वागतका प्रथाहरू, अन्तिम संस्कारका अनौठा कथाहरू, अन्य विविध अन्धविश्वास र प्रथाहरू, विभिन्न धर्म र चाड पर्वका प्रथाहरू, अनौठो अन्धविश्वासका कारण घटेका अनौठा घटनाका केही विश्वसमाचारहरू आदि समावेश गरेका छन् । यी सबै विषयवस्तुको अलग अलग विवरण दिन सकिँदैन त्यसैले अति महत्त्वपूर्ण धर्म संस्कार र संस्कृति सम्बन्धी प्रथाहरूको छोटो विवरण दिइएको छ ।

### ४.४.२. बलिप्रथा

मानिस प्राणीहरूमध्येको सर्वश्रेष्ठ प्राणी भए तापनि आफ्नो धर्म संस्कृतिका नाममा बलि दिने गर्दछ । यो चलन अहिले पनि विद्यमान नै छ । यहाँ केही महत्त्वपूर्ण बलिप्रथा प्रस्तुत गरिन्छ ।

**(क) नरबलि प्रथा**

कुनै काम गरेर सिद्धि प्राप्त गर्ने नाममा अन्धविश्वासमा परेर क्रुर व्यक्तिहरूले बालबालिकाहरूको अपहरण गरी नरबली दिएका घटनाहरू पनि सुन्न पाइन्छ । नेपालको राजधानी काठमाडौँमा पर्ने ललितपुर जिल्लाको सुवहाल र इमाडोलका बासिन्दाले जीवित मानिसको मासु काटेर आगोमा जलाउने प्रथा संस्कृतिका रुपमा विकसित रहेको छ । स्थानीय सुरक्षाका लागि खटिएका महाङ्काल भगवान्को सुरक्षाका लागि त्यसै मन्दिरका पुजारीका छोराको बलि दिइन्थ्यो तर पछि आफ्नै छोराको बलि दिने पुजारी नभेटिएपछि स्थानीय भक्तजनको इच्छा अनुसार आफ्नो शरीरको विभिन्न भागबाट मासु झिकेर आगोमा चढाउन थालिएको हो । यस बलि पर्वमा जुनसुकै जातका व्यक्तिले भाग लिन पाउँछन् ।

**(ख) केही धार्मिक बलिहरू**

अधिकांश अन्धविश्वास र प्रथाहरू धर्म र परम्पराका नाममा प्रचलित छन् । इस्लाम धर्म मान्नेहरू पनि ‘इद’ पर्वमा खसी, बोका, गाई, गोरुदेखि लिएर ऊँट सम्मको बलि दिने

चलन छ । हिन्दू धर्म मान्नेहरूले अनेकौँ चाडपर्वको अवसरमा देवीदेवतालाई खुसी पार्न बलिदिने चलन रहेको छ । पहाडी भेगमा बसोबास गर्ने नेपाल, भारत, भुटान आदि देशका हिन्दू धर्म मान्नेहरू पशुबलि दिनुलाई ठूलो धर्मका रूपमा मान्दछन् । नेपालका हिन्दू धर्मावलम्बीहरूमा पञ्चबलि दिने प्रथा संस्कृतिको रूपमा विकसित भएको छ । कुनै मनोकामना पूरा होस् अथवा काममा सफलता मिलोस् भनी भाकल गरी पाँच चिज पुऱ्याएर पञ्चबलि दिने चलन रहेको छ ।

**४.४.३. जन्मसम्बन्धी अन्धविश्वासहरू**

मानव जाति र समाजलाई विभिन्न जात, धर्म, वर्ण, क्षेत्र आदिका आधारमा विभाजन गरिएको हुन्छ । जुनसुकै जातिमा भएपनि सन्तान जन्मनुलाई सुखद रुपमा लिइन्छ र खुसीको अनुभूति हुन्छ । अन्धविश्वासले जरा गाडेको समाजमा छोरा छोरीमा भेदभाव गर्ने परम्परा रहेको छ । यहाँ नेपाल लगायत विभिन्न देशमा रहेका जन्म सम्बन्धी प्रथाहरूको छोटो विवरण दिइएको छ-

**(क) जुम्ल्याहा जन्मसम्बन्धी**

भारतको रोगमान जातिमा जुम्ल्याहा बच्चा जन्मिनुलाई अशुभ मानी महिलालाई दोषी मान्दछन् । ती महिलाले प्रयोग गरेको काइँयो, ऐना समेत अरूलाई प्रयोग गर्न दिइँदैन । भारतकै मध्य प्रदेशका कतिपय जनजातिमा जुम्ल्याहा बच्चा जन्माउने महिलालाई चरित्रहीन मानिन्छ । एकभन्दा बढी पुरुषसँग सहवास गरेर जुम्ल्याहा बच्चा जन्माएको भनी घरबाट निकालेर अलपत्र समेत पारेका छन् ।

**(ख) नाति जन्मे भाले र नातिनी जन्मे पोथी**

भारतको उडिसा राज्यमा पाइने बोदा जातिमा सुत्केरी महिलाले छोरा वा छोरी के जन्माउँछिन् त्यसकै आधारमा मामाघरका हजुरबाले नाति जन्मे कुखुराको भाले र नातिनी जन्मे पोथी उपहार दिने चलन छ । छोरा र छोरीमा गरिने भेदभावपूर्ण अन्धविश्वासका कारण यस्तो चलन चलेको हो ।

**(ग) भूत भगाउने प्रथा**

कङ्गोका केही जातिहरूमा बच्चा जन्मिनासाथ भूत भगाउने प्रथा रहेको छ । शिशु जन्मेपछि भूत प्रेतको आक्रमण भई घर परिवार तथा नवजात शिशुलाई नोक्सान पुऱ्याउने अन्धविश्वासका कारण यो प्रथा रहेको छ ।

(घ) **शिशु जन्म र अस्पृश्यता**

कतिपय धार्मिक संस्कार अनुसार शिशु जन्मेपछि सुत्केरी महिलालाई अपवित्र ठानी उनलाई छुँदा समेत अशुद्ध भइने चलन छ । हिन्दू संस्कारमा ब्राह्मण क्षेत्रीहरूले ११ दिनसम्म सुत्केरी महिलालाई छुँदैनन् । यदि छोइहाल्यो भने अशुद्ध भएको ठानी नुहाएर कपडा र जनाइ समेत फेर्ने चलन छ ।

### ४.४.४. नामकरणसम्बन्धी अन्धविश्वास र प्रथाहरू

नेपालका हिन्दू जातिमा प्रायश : ११ दिनका दिन न्वारान गरेर नाम राख्ने चलन छ । यस अवधिभर घरपरिवार र दाजुभाइहरूले पनि कुनै शुभकार्य गर्दैनन् । ११ दिनका दिन घर लिपपोत गरी जन्मको समयका आधारमा ज्योतिष राशि अनुसार शिशुको नाम राख्ने चलन छ । नामकरणसम्बन्धी केही प्रथा निम्न छन् :

(क) **पूर्वजको नामका आधारमा नाम**

भारतको बेडो जनजातिमा पूर्वजको नामका आधारमा नाम राख्ने चलन छ । बेडो जातिमा न्वारानको दिन कुखुराको भाले बलि दिने चलन रहेको छ । उक्त कुखुराको एउटा खुट्टा शिशुको हातमा समात्नका लागि दिइन्छ । त्यसपछि त्यस परिवारको जेठो वा वरिष्ठ सदस्य शिशुको नजिकै बसेर पालैपालो बिस्तारै हरेक पुस्ताको नाम लिन्छन् । अरू मानिसले कुखुराको खुट्टो समाएको हात विशेष रुपमा हेर्छन् । जुन पुर्खाको नाम लिँदा बच्चाले कुखुराको खुट्टा बढी जोडले च्याप्छ सोही पुर्खाको आत्मा शिशुमा पसेको मानी त्यही पुर्खाको आधारमा शिशुको नाम राखिन्छ ।

(ख) **पशुपक्षी जनाउने नाम**

बर्मा (म्यानमार) का मानिसहरूको कुनै न कुनै पशुसँग सम्बन्धित नाम राख्ने चलन रहेको छ । म्यानमारमा हप्ताको सातैदिन एक न एक पशुलाई सो बारको स्वामी वा प्रतीकका रूपमा मान्ने गर्दछन् । जुन प्रतीकात्मक दिनमा शिशुको जन्म हुन्छ सो पशु नै उक्त शिशुको जीवनको संरक्षक मानिन्छ । सोही पशुको नामको पहिलो अक्षरबाट नै बालबालिकाको नाम राखिन्छ ।

### ४.४.५.विवाहसम्बन्धी अन्धविश्वास र प्रथाहरू

विभिन्न देश, जाति, समुदाय र धर्ममा विवाह सम्बन्धी मान्यता र चलनहरू एकैनासका छैनन् । हरेक देश, समुदाय र धर्ममा विवाहसम्बन्धी आआफ्नै रीतिरिवाज र

मान्यताहरू रहेका छन् । विवाह भनेको महिला तथा पुरुष बीचको आफ्नो इच्छा, नैतिक एवम् समाज र देशको कानुनबाट मान्यता प्राप्त सम्झौता हो ।

विश्वका विभिन्न जात जाति, धर्म, समुदायको मान्यताअनुसार एउटा समुदायको विवाह अर्को समुदायसँग नमिल्ने र हास्यास्पद लाग्न सक्छ । हाम्रो हिन्दू समुदायमा विवाहलाई आजीवन सहयात्रीका रूपमा लिइएको छ तर अन्य कतिपय देशमा विवाहसम्बन्धी विभिन्न प्रथाहरू रहेका छन् । विभिन्न देश र समुदायमा रहेका र गरिने अनौठा र रमाइला विवाह प्रथाहरू निम्न रहेका छन् ।

(क) **कमिलाले टोकाएर बेहुला परीक्षण**

नेपालका लेप्चा जातिमा कमिलाले टोकाएर बेहुला परीक्षण गर्ने चलन रहेको छ । बेहुला कति सम्म सहनशील र धैर्यवान छ भन्ने परीक्षण गर्न एउटा बोरामा टोक्ने कमिला राखेर त्यसैभित्र बेहुलालाई राखिन्छ । कमिलाले टोक्दा बेहुला नआत्तिएमा राम्रो जीवनसाथी मिलेको मानिन्छ ।

(ख) **हजुरआमासँग नातिको विवाह**

भारतको एक गोण्डो जातिमा हजुरआमासँग नातिको विवाह गर्नुपर्ने अनौठो प्रथा रहेको छ ।

(ग) **सहोदर दाजु बहिनीका सन्तानबीच विवाह**

नेपालका ठकुरी, राणा, मगर लगायतका केही जातिमा सहोदर दाजु या भाइकी छोरीसँग दिदी या बहिनीको छोराको विवाह गराइदिने प्रचलन रहेको छ ।

(घ) **बहुपति प्रथा**

भारतको हिमाचल प्रदेशको किन्नौर जातिमा बहुपति प्रथा रहेको छ । त्यहाँ रहेको किन्नौर जातिमा एकै बाबु आमाका एकभन्दा बढी छोराहरू छन् भने जेठो छोराले विवाह गरिसकेपछि त्यो महिला अरू छोराहरूकी पनि श्रीमती मानिन्छे । सामूहिक पत्नी एकवर्ष एउटा छोरासँग, अर्कोवर्ष अर्को छोरासँग पालैपालो बस्ने चलन रहेको छ ।

### ४.४.६. **विवाहका पोसाकहरू**

विवाहलाई संसारका सबैजसो समाज र समुदायमा विशेष कार्यक्रमका रूपमा मनाउने गरिन्छ । विवाहका अवसरमा लगाइने पोसाक पनि आआफ्नो जाति र परम्परा अनुसार अलग अलग किसिमका हुन्छन् । सामान्यतया विवाहका अवसरमा रातो रङको

पोसाकलाई राम्रो मान्ने प्रचलन रहेको छ । कतै कतै निलो र कालो रङलाई पनि राम्रो मानिन्छ । यहाँ केही अनौठा पोसाकको बारेमा चर्चा गरिने छ ।

**(क) शरीरमा जति धेरै कपडा त्यति धेरै बधुदक्षिणा**

बाली द्वीपमा आफ्ना माता पिताको इच्छाअनुसार विवाह गरिदिँदा बेहुलीलाई कपडै कपडाले बेरेर सिँगारिन्छ । बेहुलीको जति धेरै कपडा भयो बेहुलापक्षबाट त्यति धेरै बधुदक्षिणा दिनुपर्छ । कपडाका आधारमा दक्षिणा दिने यो प्रथा अनौठो रहेको छ ।

**(ख) बाकसभित्र बेहुली**

मोरक्कोमा अत्यन्त कठोर प्रथा रहेको छ । त्यहाँ बेहुलीलाई सजाएर एउटा विशेष प्रकारले बनाइएको बाकसभित्र राखिन्छ । बेहुली र उसको कपडा समेत अरूले देख्यो भने अथवा कसैको दृष्टि बेहुलीको कपडामा पर्‍यो भने विवाह अशुभ हुने अन्धविश्वास रहेको छ ।

**४.४.७. पारपाचुकेका अनौठा प्रथाहरू**

विवाह मानिसले जीवनभर सँगै जिउने सँगै मर्ने र बाँचुन्जेल एकले अर्कालाई जस्तोसुकै अवस्थामा पनि साथ दिने बाचा गर्दै गरिन्छ । तर कसैलाई समयले यो बाचा पूरा गर्न समेत दिएको हुँदैन । श्रीमान् श्रीमतीको एकआपसमा मन नमिलेर अथवा एकले अर्कालाई बुझ्न र विश्वास गर्न नसकेर सम्बन्ध विच्छेद गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । सम्बन्ध विच्छेदका पनि विभिन्न देश र समाज अनुसार अलग अलग र अनौठा प्रथाहरू रहेका छन् । केही प्रथाहरू निम्न रहेका छन् ।

**(क) पाँच रुपैयाँमा ढ्याङ्ग्रो पिटेर सम्बन्ध विच्छेद**

आसाम राज्यमा बसोबास गर्ने एक खासी जातिमा पाँच रुपैयाँमा सम्बन्ध विच्छेद हुन्छ । त्यहाँ केटा र केटी पक्षका मानिसहरूबाट पाँच पाँच रुपैयाँ झिकेर बीचमा राखिन्छ । श्रीमतीले आफ्नो पक्षको पाँच रुपैयाँमा आफ्नो व्यक्तिगत पाँच रुपैयाँ मिलाएर पतिलाई दिन्छे । पतिले त्यसमा पाँच रुपैयाँ थपेर फर्काइदिन्छ । फेरि पत्नीले पाँच रुपैयाँ थपेर पतिलाई फिर्ता गर्दा त्यो पैसा जमिनमा फ्याँकिदियो भने ढ्याङ्ग्रोवालाले ढ्याङ्ग्रो पिटेर छोडपत्र भएको सूचना दिन्छ ।

**(ख) तीनदाना सुपारीले पारपाचुके**

मलय प्रायद्वीपमा बसोबास गर्ने एक अचेहनी जातिमा तीनदाना सुपारीमा सम्बन्ध विच्छेद हुन्छ । श्रीमान् श्रीमतीमा एकआपसमा मनमुटाव भयो भने श्रीमान्ले तीनदाना सुपारी दिएर सम्बन्ध विच्छेद गर्दछ ।

**४४.८. अभिवादनका अनौठा प्रथाहरू**

अभिवादन एकले अर्कोलाई सम्मान गर्ने माध्यम हो । कुनै पनि मान्यजन, साथीभाइ, आफन्तहरू भेट हुँदा एकआपसमा अभिवादन गरिन्छ । अभिवादनका तरिका पनि आआफ्नो जाति, धर्म, संस्कृति र क्षेत्रका आधारमा फरक फरक हुने गर्दछन् । कसैले विभिन्न भगवानहरूका नाम पुकारेर अभिवादन गर्ने गर्दछन् । विभिन्न देशमा आ-आफ्नो परम्परा अनुसार अभिवादन हुने गर्दछन् जुन सुन्दा पनि हामीलाई अचम्म लाग्दछ । केही अभिवादनका प्रथाहरू निम्न छन् :

**(क) दुबैजना लम्पसार परेर अभिवादन**

सुमात्रा द्वीपका मानिसहरू एकआपसमा भेट हुँदा दुबैजना घुँडा टेकेर भुइँमा लम्पसार परेर हात जोडेर अभिवादन गर्दछन् ।

**(ख) जिब्रो देखाएर कान समाएर अभिवादन**

तिब्बतका कतिपय जातिमा जिब्रो देखाएर कान समाएर अभिवादन गर्ने चलन रहेको छ । दुई मित्र एकआपसमा भेट भए भने केटाहरू हुन् भने एउटा हातले आफ्नो शिरको टोपी झिकेर अर्को हातले कान समाएर जिब्रो देखाएर अभिवादन गर्दछन् ।

**(ग) एक अर्काको नाक जुधाएर अभिवादन**

बङ्गलादेशको एक जातिमा एक आपसमा भेट हँदा एउटाको नाक अर्कोसँग जुधाएर अभिवादन गर्ने अनौठो चलन रहेको छ ।

**४.४.९. महिला बलात्कारका प्रथाहरू**

पुरुषप्रधान समाजमा छोरा छोरीमा भेदभाव गर्ने प्रचलन धेरै पहिलेदेखि चल्दै आएको छ । महिलालाई एउटा सामान्य बजारमा पाइने खेलौनाको रुपमा लिने गर्दछन् । महिलाहरूमाथि विभिन्न अन्याय, अत्याचार, दमन, शोषणहरू हुने गर्दछन् । महिलाहरूलाई बजारको सामान सरह बिक्री गर्ने गरेको पनि सुन्न पाइन्छ । विश्वका जुनसुकै देशमा पनि महिलाहरूलाई दोस्रो दर्जाको रुपमा लिने गरिन्छ । हामीलाई सुन्दा पनि अनौठो र घृणा

उत्पन्न हुने खालका प्रथाहरूपनि विश्वमा रहेका छन् । ती केही अनौठा प्रथाहरू निम्न रहेका छन् :

**(क) फाँसी दिनुभन्दा पहिले मान्छे वा भालुद्वारा बलात्कार**

इस्लाम धर्म मान्ने मुस्लिमहरूले महिलाहरूमाथि अमानवीय व्यवहार गरेको र उसको स्वतन्त्र हुने हक खोसेको हुन्छ । मुस्लिम समुदायकी कुनै केटी विवाहपूर्व कुनै अनैतिक काम गरेको अपराधमा जेल परी भने उसलाई मृत्युदण्ड स्वरुप फाँसी दिनुपर्दा उसको कुमारित्व भङ्ग गर्न उसमाथि क्रुरतापूर्वक बलात्कार गरिन्छ । कतिपय जेलमा बलात्कारका लागि बलात्कार विशेषज्ञ राखिएको हुन्छ । यदि विशेषज्ञ भएन भने भालुलाई तालिम दिएर भालुद्वारा अमानवीय रुपले बलात्कार गराएर उसलाई फाँसी दिइन्छ ।

**(ख) एकरातका लागि श्रीमती साट्ने अनौठो प्रथा**

भारतको राजधानी दिल्लीमा एकरातका लागि श्रीमती साट्ने अनौठो प्रथा रहेको छ । त्यहाँका ठूलाबडा भनाउँदाहरू कुनै भोज भतेरमा जाँदा आआफ्ना गाडीमा चढेर श्रीमान् श्रीमती भएर जान्छन् । सबै मानिसका गाडीका साँचाहरू एकै ठाउँमा राखेर श्रीमतीलाई साँचो झिक्न लगाइन्छ । जुन पुरुषका गाडीको साँचो महिलाका हातमा पर्छ त्यही पुरुषसँग त्यस महिलाले रात बिताउनु पर्ने अनौठो प्रथा रहेको छ ।

**४.४.१०. वर्षा डाक्ने अनौठा अन्धविश्वास र प्रथाहरू**

प्रकृतिमा आएको परिवर्तनसँगै मौसममा पनि परिवर्तन हुने गर्दछ । प्रशस्त पानी पर्नको लागि वनजङ्गलको सुरक्षा र नाङ्गा ठाउँहरूमा रूख विरुवाहरू रोप्नु अति नै आवश्यक हुन्छ । वनजङ्गलको सुरक्षा गर्न सकियो भने प्रशस्त वर्षा हुने र वर्षाबाट हुने क्षतीलाई पनि रोक्न सकिन्छ तर विभिन्न अन्धविश्वासमा परेर वर्षा डाक्ने र रोक्ने अनौठा प्रथाहरू रहेका छन् । केही मुख्य प्रथा निम्न रहेका छन् ।

**(क) भ्यागुताको विहे गराएर पानी डाक्ने**

नेपाल लगायत भारतका कतिपय ठाउँमा भ्यगुताहरू (भाले र पोथी) को विवाह गराइदिएर वर्षा डाक्ने प्रचलन रहेको छ । त्यस्तै उत्तरी तथा दक्षिणी अमेरिकामा भूतप्रेतको पूजा गरेर वर्षा डाक्ने चलन रहेको छ ।

वर्षाका लागि विभिन्न धार्मिक कार्यहरू पनि गर्ने गरिन्छ । नेपालका कतिपय हिन्दू समुदायमा वर्षा बोलाउन विभिन्न देवीदेवताको पूजा गरिन्छ । कतै सिद्धदेवता कतै इन्द्र देवताको पूजा गरिन्छ । देवता खुशी भएर पानी पार्छन भन्ने धार्मिक मान्यता रहेको छ ।

**४.४.११. नयाँ वर्षको स्वागतका प्रथाहरू**

विश्व मानव समाजमा आआफ्नै प्रकारका संस्कृति र परम्परा रहेका छन् । यही संस्कृति र परम्परा अनुसार नयाँ वर्षको स्वागतका पनि विभिन्न प्रथाहरू रहेका छन् । सबै जसो ठाउँ र समुदायहरूमा कुनै न कुनै तरिकाले नयाँ वर्षलाई उत्सवका रूपमा मनाउने चलन रहेको छ । नयाँ वर्षको स्वागतका पनि अनौठा र रमाइला प्रथाहरू रहेका छन् ।

**(क) कार्ड र इमेलबाट शुभकामना**

सञ्चार प्रविधिको विकासले गर्दा मानिसहरू नयाँ वर्षको शुभकामना आदानप्रदान गर्न कार्ड, शुभकामना सन्देश, शुभकामना फोन गरेर पनि नयाँ वर्ष मनाउने गर्दछन् ।

भारतको आसाम राज्यमा नयाँ वर्षको स्वागत गर्नका लागि पशुको पूजा गर्ने चलन रहेको छ । घरपालुवा पशु गोरुको पूजा गर्ने प्रचलन रहेको छ । विश्वका धेरैजसो समुदायमा नयाँ वर्षको शुभारम्भ गर्न नयाँ नयाँ कामहरू गर्ने प्रचलन पनि रहेको छ । नयाँ कपडा लगाउने, नयाँ खाता खोल्ने आदि गरिन्छ ।

दक्षिण अफ्रिकाको जुलु जातिले नयाँ वर्षको स्वागतका लागि हतियारविना हातैले साँढे मारेर मनाउने गर्दछन् । इस्लाम धर्म मान्ने देश इरानमा हिन्दूले दशैँमा जमरा उमारे जस्तै जमरा उमारेर पूजा गरी नयाँ वर्ष मनाउने गर्दछन् ।

**४.४.१२. अन्तिम संस्कारका अनौठा प्रथाहरू**

यस संसारमा मान्छे जन्मेपछि एक न एक दिन उसले यस संसारबाट विदा हुनै पर्दछ । यो प्रकृतिको नियम हो । मानिस मरिसकेपछि उसको भौतिक शरीरलाई अन्तिम संस्कार गर्नुपर्ने जुनसुकै देशको जाति, धर्म समुदायको प्रचलन रहेको हुन्छ । हिन्दू धर्म मान्नेहरूले मानिस मरिसकेपछि कुनै निश्चित ठाउँमा लगेर जलाएर अन्तिम संस्कार गर्ने चलन छ । मृत्युको अन्तिम संस्कारका केही अनौठा प्रथा र अन्धविश्वासहरू निम्न छन् –

**(क) पतिको लासको टाउको काटेर घाँटीमा**

अफ्रिकाको आदिवासी जाति पापुदानमा अन्तिम संस्कारको अनौठो प्रथा रहेको छ । जुन सुन्दा पनि हामीलाई अचम्म लाग्छ । पापुदान जातिको कुनै पुरुषको मृत्यु अर्को कुनै जातिको मानिससँग लडाइँ गर्दा भयो भने मृत्यु भएको मानिसको लासलाई घरमा ल्याइन्छ । त्यसपछि मृतककी पत्नीले पतिको टाउको काट्नुपर्छ । अनि त्यसलाई रौँ, छाला हटाएर राम्ररी सफा गरेपछि धागो छिराएर मालाजस्तै बनाइ घाँटीमा लगाइन्छ ।

मृत्युको केही अवधिभर शोक मनाउने भएकाले शोक अवधिभर घाँटीमा झुण्डाइन्छ । त्यसपछि त्यसलाई झिकेर घरको ढोकामाथि झुण्डाएर राखिन्छ ।

**(ख) पतिको मृत्युपछि दुईवर्ष मौन ब्रत**

अस्ट्रेलियाका केही जनजातिमा पतिको मृत्युपछि पत्नीले दुईवर्षसम्म मौन ब्रत बस्नुपर्ने अनौठो प्रथा रहेको छ । पतिको चिहानमाथि झुपडी बनाएर बस्नुपर्ने भएकाले केही काम परेमा हातको इसाराले काम चलाउने गर्दछन् ।

**(ग) शवलाई उभ्याएर छोड्ने प्रथा**

ब्राजिलको पर्वतीय क्षेत्र 'डोलायो'मा मानिसको मृत्युपश्चात लासलाई पहाडमा बनेका गुफामा लगेर भित्ताको सहारामा उभ्याउँछन् । भित्तामा आड लगाएर राखिएको लासको अस्थिपञ्जर वर्षौंसम्म पनि जस्ताको तस्तै रहन्छ ।

**(घ) शिशुको शव अर्को शिशु हुर्किंदासम्म**

नेपालको गोर्खा जिल्लाको लामा समुदायमा शिशुको मृत्यु हुँदा अनौठो संस्कारको प्रचलन

छ । शिशुको मृत्युपश्चात् तुरुन्तै अन्तिम संस्कार गरियो भने आमालाई अर्को सन्तान हुँदैन भन्ने मान्यता वा अन्धविश्वासका कारण लासलाई काठको बाकसमा तातो नुन राखेर राखिन्छ । यसरी बाकसमा राखेको लासलाई घरको माथिल्लो तलाको छत या छानामुनि कसैले नभेट्ने गरी राखिन्छ । अर्को सन्तान जन्मेर केही ठूलो भएपछि लासलाई निकाली पूजा गरेर घर नजिकै गाड्ने चलन रहेको छ ।

**४.४.१३. अन्य विविध अन्धविश्वास र प्रथाहरू**

नेपाल, भारतका कतिपय अन्धविश्वासमा रुमलिएका मानिसहरू बोक्सी भन्ने शब्द सुन्ने बित्तिकै डराउने गर्दछन् । हाम्रो समाजमा पनि पिछडिएको ठाउँमा र अशिक्षाका कारण विभिन्न अन्धपरम्पराहरूलाई अँगाल्दै आएका छन् । कुरुप, गरिब, निमुखा, असहाय महिलाहरूलाई बोक्सीको आरोपमा हत्या गरेको, उनीहरूलाई गाउँबाट निकाल्ने र दिशासमेत खुवाउने जस्ता अमानवीय व्यवहार गरेको सुनिन्छ । आजको वैज्ञानिक युगमा पनि बोक्सीको आरोपमा महिलाहरू पीडित बनेका छन् । यसलाई नियन्त्रण गर्न सबैको ध्यान जानुपर्ने आवश्यक देखिन्छ ।

नेपालमा मात्र नभएर अमेरिका, अस्ट्रेलिया जस्ता विकसित देशमा पनि बोक्सी सम्बन्धी अन्धविश्वासहरू रहेका छन् । अफ्रिकी देश घानामा त बोक्सीहरूको गाउँ भनेर गाउँ नै छुट्याएको सुन्दा अचम्म लाग्छ ।

**(क) छुवाछुतको अन्धविश्वास**

नेपाल भारत लगायतका केही हिन्दू धर्म मान्नेहरूमा छुवाछुत प्रथा अझै पनि रहेको छ । जातभात भन्ने कुरा हाम्रो समाजले गुताइदिएको पगरी हो । उपल्लो जात भनाउँदाहरूले तल्लो जातका व्यक्तिलाई पँधेराको पानी समेत छुन दिँदैनन् ।

यसैगरी नेपालको पश्चिमी जिल्ला डोटी, अछामका केही ठाउँमा दलितहरूलाई गाई भैंसीको दूध, दही आदि खान समेत बञ्चित गरिएको छ । दलितले दूध, दही खाएमा भैंसी रुखमा चढेर मर्छ भन्ने अन्धविश्वास रहेको छ ।

**४.४.१४. विभिन्न धर्म र चाडपर्वका प्रथाहरू**

हाम्रो देश नेपाल बहुजाति, बहुभाषीहरू बसोबास गर्ने देश भएकाले यहाँ विभिन्न धर्म, संस्कृति मान्ने मानिसहरू रहेका छन् । आआफ्नो जाति अनुसारका विभिन्न चाडपर्वहरू मनाउने चलन रहेको छ । चाडपर्वका पनि विभिन्न प्रथाहरू रहेका छन् ।

नेपालको नेवार समुदायमा जिब्रो छेड्ने प्रथा रहेको छ । हरेक वर्ष बैशाखको २ गते विस्केट जात्राको अवसरमा जिब्रो छेड्ने प्रचलन रहेको छ ।

यसैगरी ललितपुरको खोकनामा रुद्रायणीदेवीलाई बलिको रूपमा एउटा पाठीलाई पोखरीमा डुबाएर मारेपछि बाहिर निकालेर काटेर पकाई प्रसादको रूपमा खाने चलन छ ।

नेपाल बाहिर मुस्लिम समुदायका महिलालाई अनेकौं प्रतिबन्ध लगाइन्छ । यतिसम्म कि त्यहाँका महिलालाई टेलिफोनमार्फत परपुरुषको स्वर सुन्न पनि मनाही छ ।

यस्तै ग्रहणका समयमा आफ्ना बालिकाहरूलाई घाँटीसम्म ज्यूँदै गाड्ने पनि चलन रहेको छ ।

**४.४.१५. अनौठा अन्धविश्वासका कारण घटेका अनौठा घटनाहरू**

विश्वका अनौठा अन्धविश्वास र ती अन्धपरम्परामा परेर आँखाको ज्योति गुमाउन पुगेका समाजका मानिसहरूबाट विभिन्न घटनाहरू घटेका हुन्छन् । ती घटनाहरू सुन्दा हामीलाई धेरै दुःख लाग्नु स्वाभाविक हो ।

**(क) धारो छोएको निहुँमा कुटपिट**

नेपालको राजधानी काठमाडौं नजिकैको ललितपुर जिल्ला लुभु निवासी यमुना परियारलाई खाने पानीको धारो छोएको निहुँमा त्यहाँका उच्चजात भनाउँदाहरूले कुटपिट गरेका थिए । (२०६५-११-५)

**(ख) नौ दिनकी सुत्केरीलाई झुण्डाएर हत्या**

पूर्णिमा तिथिको दिन जन्मेको बच्चाले घर पिर्छ भन्ने अन्धविश्वासका कारण सुत्केरी भएको नौ दिनमा एक महिलाको झुण्डाएर हत्या गरियो । नेपालको सिन्धुपाल्चोक जिल्लाको कुन्चोक गा.वि.स. की २० वर्षीय सुत्केरी शर्मिला गिरीको यसरी हत्या भएको थियो । (२०६४-९-२)

**४.४.१६. निष्कर्ष**

लगातार रुपमा नयाँ नयाँ अन्वेषण लेखन र प्रकाशनका क्रममा सक्रिय रुपमा लागेका लेखक रामदेव पाण्डेको **'विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू'** शीर्षकको प्रबन्धात्मक लेख सङ्ग्रहमा नेपाल लगायत विश्वका विभिन्न मुलुकमा रहेका अनौठा र आश्चर्यलाग्दा अन्धविश्वास र प्रथाहरूलाई समग्र रूपमा सङ्कलन गरिएको छ । विश्वमा यस्ता अन्धविश्वास र प्रथाहरू अझै पनि रहिरहेका छन् र त्यसलाई मानिसहरूले मान्दै आएका छन् भन्ने कुरालाई कृतिको अध्ययनबाट थाहा पाउन सकिन्छ । सुन्दा हामीलाई आश्चर्य लाग्छ, हामीलाई हाँसो उठ्छ अनि हाम्रो हृदयमा दया पलाएर आउँछ ।

आजको वैज्ञानिक युगमा विज्ञानको आविष्कारले गर्दा विभिन्न क्षेत्रमा खोज अनुसन्धान गरेर नयाँ नयाँ कुराहरू प्रमाणित गरेर सार्वजनिक गरेको छ अनि धेरै कुराहरूको विकास भएको छ । यसै कारणले मानिसहरू शिक्षित र खुसी हुँदै गएका छन् । जातभात, वर्ग, धर्म, संस्कृति, समुदाय आदिका आधारमा हुने भेदभावको विरोधमा कानुनहरू बनाइएका छन् । नारी र पुरुषलाई समान अधिकार दिनको लागि कानुनहरू बनाइएका छन् । मानिसहरूले स्वतन्त्र रूपमा आफ्ना विचारहरूलाई अभिव्यक्त गर्न पाउने अधिकार प्रदान गरिएको छ । मानिसहरूले धेरै मिहिनेत, परिश्रम गरेर धेरै ठूला ठूला कार्यहरू सफल रूपमा सम्पन्न गर्दै आएका छन् । यति हुँदा हुँदै पनि पुरानो सोच र परम्पराले आज पनि समाजलाई प्रभावित पारेको छ । त्यही अन्धविश्वास र त्यही अन्धविश्वासमा रुमलिएका मान्छेहरूबाट विभिन्न घटनाहरू घटाइएका समाचारहरू दिनैपिच्छे सुन्नमा आउँछ ।

**विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू** नामक कृतिमा विभिन्न विषय र क्षेत्रमा मौलाएका अन्धविश्वासहरूलाई समेटिएको छ । यस कृतिमा बलि प्रथा, जन्मसम्बन्धी अन्धविश्वास र प्रथाहरू, नामाकरण सम्बन्धी अन्धविश्वास र प्रथाहरू, पारपाचुकेका अनौठा प्रथाहरू, महिला बलात्कारका प्रथाहरू, वर्षा डाक्ने अन्धविश्वास र प्रथाहरू, अन्तिम संस्कारका अनौठा प्रथाहरू, धर्म, चाडपर्व आदिका अन्धविश्वास र प्रथाहरू र अन्धविश्वासका कारण घटेका घटनाहरू यस कृतिमा समावेश गरिएका छन् ।

नेपाल लगायत विश्वका जुनसुकै मुलुकमा रहेका विभिन्न धर्म, संस्कृति, परम्परा र त्यसैको अन्धविश्वासमा परेका मानिसहरूबाट नेपाल मात्र हैन अन्य मुलुकमा पनि महिलाहरू नै अन्यायमा परेको पाइन्छ । विवाह, सम्बन्धविच्छेद, छोरा छोरीको जन्म, बलात्कारका घटनामा महिलाहरू नै पीडित भएका छन् । पुरुषप्रधान समाजमा महिलालाई एउटा सामान्य मनोरञ्जनको साधनका रुपमा लिने गरेको पाइन्छ ।

लेखक रामदेव पाण्डेको 'विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू' कृतिको अध्ययनले बालबालिकाहरूलाई मात्र हैन ठूला मानिसलाई पनि उनीहरूको मस्तिष्कमा रहेको सङ्कुचित सोचलाई जरैदेखि उखेलेर फाल्न सहयोग पुऱ्याउने छ । समाजमा के कस्ता अन्धविश्वासहरू रहेका छन् ती कसरी एक पुस्ताबाट अर्को पुस्तामा सर्दै गएर तिनीहरूको अनुसरण गरिएको छ भन्ने कुरा यस कृतिबाट पुष्टि हुन्छ । यस कृतिको अध्ययनले मानिसहरू समाजमा रहेका अन्धविश्वास हटाएर स्वच्छ समाजको निर्माणमा लाग्न प्रेरणा प्रदान गर्नेछ । मानिसहरू विज्ञानसम्मत समाजको निर्माणमा एकजुट भएर लाग्नुपर्दछ । विभिन्न खालका अन्धविश्वास र प्रथाहरूबाट महिला, गरिब, असहाय, कमजोर र तल्लो जातका मानिसहरू नै बढी पीडित बनेका छन् । यस कृतिको अध्ययनले महिला र पुरुषमा हुने भेदभाव र छुवाछुत प्रथालाई हटाउन सहयोग पुऱ्याउने देखिन्छ । यस कृतिले बालबालिकाहरूको मस्तिष्कमा सकारात्मक भावनाको विकास गराउनेछ ।

### ४.५. विश्वप्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरू

**३३३ अद्भुत आश्चर्यहरू** कृतिमा विभिन्न विषय क्षेत्रका ३३३ आश्चर्यहरू समावेश गरिएका छन् ।

### ४.५.१. परिचय

'विश्वप्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरू' का लेखक रामदेव पाण्डेको शोध, खोजमूलक प्रबन्धात्मक लेख सङ्ग्रह हो । लेखकले विभिन्न पत्रपत्रिका, इमेल इन्टरनेट आदिबाट

तथ्यहरूको खोजी गरी यो कृति तयार पारेका छन् । यो ब्रह्माण्डमा विभिन्न किसिमका मानिस, प्राणीहरू, वनस्पतिहरू रहेका छन् । विज्ञानको विकाससँगै वैज्ञानिकहरूले यस ब्रह्माण्डको बारेमा धेरै खोज गरेर नयाँ नयाँ तथ्यहरूको प्रमाणित गरिसकेको छ । यो खोजी कार्य अझै पनि रोकिएको छैन । एकपछि अर्को नयाँ खोज अनुसन्धानको प्रक्रिया जारी रहेको छ । कुनै कुनै तथ्य र रहस्यहरू जुन आजसम्म देखिए, सुनिए, भोगिए तर ती सबैका विषयमा यही हो र यसरी भयो भन्ने कुरा प्रष्ट हुन सकेको छैन । जति मात्रामा रहस्यहरू खुल्दै जान्छन् त्यति नयाँ नयाँ आश्चर्यहरू थपिँदै जान्छन् र खोजी प्रक्रिया पनि लगातार रूपमा अगाडि बढ्दै जान्छ ।

चार हात खुट्टा भएको बच्चा कसरी जन्मियो ? पाँच वर्षीय बालिकाले किन र कसरी बच्चा जन्माउन सकिन् ? हातखुट्टामा रुखका जराहरू के कारणले पलाउन सक्छन् ? एउटा माछाले ६५० भोल्ट सम्मको करेन्ट हान्न सक्नुको कारण के हो ? एउटा वृक्षले कसरी घनघोर वर्षा गराउँछ ? आदि कुराहरू विज्ञानका खोजका विषय बनेका छन् ।

लेखकले मानिस, जनावर, पशुपक्षी, वनस्पति, रुख आदिले गरेका र देखाएका अथवा उनीहरूमा देखापरेका आश्चर्यहरूलाई यस कृतिमा समावेश गरेका छन् जसलाई पढ्दा र सुन्दा हामीलाई रमाइलो, अनौठो आश्चर्य लाग्न सक्छ । यस कृतिमा मानिस, जनावर, वनस्पति आदिमा देखापरेका ३३३ आश्चर्यहरूलाई समावेश गरिएको छ ।

**४.५.२ विवरण**

३३३ आश्चर्यहरूको मुख्य मुख्य विवरण निम्नानुसार प्रस्तुत गरिएको छ –

**(क) चार हात खुट्टा भएकी बालिका**

नेपालको सीमा नजिकै भारतको विहार राज्यको अररिया जिल्ला रामपुर गाउँका शम्भु र पुनमबाट जन्मिएकी बालिकाका जन्मँदै चार हात खुट्टा थिए । उनी दुई वर्षकी भएपछि शल्यक्रियाद्वारा उनका बाँकी अङ्गहरू झिकिएको थियो ।

**(ख) मान्छेको मासु काँचै खाने क्रूरतम शासक**

युगाण्डाली तानाशाह 'इदि अमिन'लाई आजसम्मकै सबैभन्दा क्रूर शासक भन्न सकिन्छ । उसले मान्छेको मासु काँचै वा पकाएर खुब स्वादमानी खाने गर्दथ्यो । अरूको पीडा र छटपटीमा आनन्दित हुने उसले आफ्ना विरोधिहरूका टाउकाहरू टेबलमा सजाएर राखेर तथानाम गाली गर्दै परिक्रमा गर्दथ्यो र पछि तिनै टाउकाको भोजन गर्दथ्यो ।

**(ग) दुई शिरवाल शिशु**

इन्डोनेशियाको स्यापित्रीमा एउटा अनौठो शिशुको जन्म भएको थियो । १० अगस्त सन् २००६ का दिन इन्डोनेशियाली दम्पत्तिबाट जन्मेको उक्त शिशुका दुईवटा टाउका थिए । आश्चर्यजनक रूपले ती दुई टाउकाहरू पूर्ण विकसित थिए ।

**(घ) पुत्रभन्दा राष्ट्रियता प्यारो**

महान् रूसी नेता जोसेफ स्टालिनलाई पुत्रभन्दा राष्ट्रियता प्यारो लागेको थियो । स्टालिनका पुत्र जेकब दोस्रो विश्वयुद्ध ताक जर्मनीद्वारा बन्दी बनाइएका थिए । जर्मनीले जेकबको बदलामा आफ्ना बन्दी सेनाहरू रिहा गर्ने प्रस्ताव राखे तर स्टालिनले मलाई मेरो छोराभन्दा राष्ट्रियता प्यारो छ भन्दै अस्वीकार गरेपछि उनको छोरा जेकबको जर्मनी जेलमा मृत्यु भएको थियो ।

**(ङ) सबभन्दा वजनदार मस्तिष्क**

सामान्य मानिसको मस्तिष्कको तौल १ किलो ४०० ग्राम हुन्छ भने रूसी उपन्यासकार 'तुर्कनेभ'को मस्तिष्कको तौल २ किलो २९ ग्राम थियो । आजसम्मको जानकारी अनुसार यो नै सबभन्दा बढी तौल भएको मस्तिष्क मानिएको छ ।

**(च) हिउँमाथि टेक्दामात्र कविता आउने कवि**

प्रसिद्ध जर्मनी कवि फ्रेडरिक वान सिलरलाई तब मात्र कविता फुर्दथ्यो जब उनी आफ्ना नाङ्गा खुट्टालाई हिउँको चिसो पानीमा डुबाएर बस्दथे ।

**(छ) ८७ सर्पसँग ४५ मिनेटसम्म बाथटवमा**

टेक्सास निवासी एकजना अमेरिकी नागरिक ज्याकी बीबीले नोभेम्बर २००७ मा ८७ ओटा विषालु सर्पहरूसँग ४५ मिनेट एउटा नुहाउने भाँडा (बाथटव) मा बसेर नयाँ रेकर्ड बनाएका छन् । ज्याकीले सामान्य मानिसले लगाउने लुगाहरू लगाएका थिए । सर्पहरूको बिष पनि निकालिएको थिएन ।

**(ज) मानिस हो कि रूख**

इन्डोनेसियाका डिडि नामक एक व्यक्ति रूख मानवका नामले चिनिन्छन् । उनका हात खुट्टामा रूखका जराहरूजस्तो अनौठो खालको पदार्थ पलाएर लगातार बढ्दै गएको छ । ती जराहरू धेरै लामा भएर डिडिले कुनै काम गर्न र हिँडडुल गर्न पनि सक्दैनन् । किशोरावस्थासम्म सामान्य रूपमा रहेका डिडिको किशोरावस्थामा घुँडा काटिएपछि मात्र यो अनौठो रोग सुरू भएको हो ।

**(झ) आजसम्मको सबैभन्दा ठूलो सिक्का**

सन् १६३९ मा जर्मनीमा निर्मित सिक्का आजसम्मको सबैभन्दा ठूलो सिक्का हो । यो सिक्का आकारमा पाँच इन्च व्यास र वजनमा १ पौन्डभन्दा बढी थियो ।

**(ञ) पाँच वर्षकी आमा**

पेरूको टिक्रायो स्थित एन्डिन गाउँकी एकजना पाँच वर्षीय बालिका हालसम्मकी सबभन्दा कान्छी आमाका रूपमा चिनिएकी छन् । मेडिना नामक उक्त बालिकाले १४ मई सन् १९३९ का दिन सिजेरियन अप्रेसनद्वारा ६ पौन्डको छोरा शिशु जन्माएकी थिइन् । उनलाई ३ वर्षको उमेरदेखि महिनावारी हुन सुरु गरेको डाक्टरले बताएका छन् जुन बच्चा जन्मनुभन्दा साढेसात महिना पहिलेबाट रोकिएको थियो ।

**(ट) ज्यानै लिने करेन्ट हान्ने माछा**

इल जातको समुद्री माछामा ४०० भोल्टको करेन्ट हान्ने क्षमता रहेको छ । अझ ठूलो जातका इल माछाले त ६५० भोल्टसम्मको करेन्ट छाड्न सक्छ । जुन करेन्टले मान्छेको ज्यानै लिन्छ ।

**(ठ) वर्षा गराउने ( पानी पार्ने रुख) रुख**

उष्ण (गर्मी) क्षेत्रमा पाइने एउटा वृक्षलाई समानी समान भन्निछ । यसलाई वर्षा गराउने वृक्षका रूपमा चिनिन्छ । यसले दिनमा कोसाहरुमा पानी जम्मा गर्दछ र उक्त जम्मा गरेको पानी रातमा घना वर्षाजस्तै बर्साउँछ ।

**४.५.३. निष्कर्ष**

लेखक रामदेव पाण्डेले **विश्वप्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरू** शीर्षकको प्रबन्धात्मक लेख सङ्ग्रहमा जीवजन्तु, मानिस, वनस्पति आदिमा देखिएका ३३३ आश्चर्यहरूलाई समेटेका छन् । वर्षा गराउने रूख, ज्यानै लिने करेन्ट हान्ने माछा, पाँच वर्षकी बालिका कसरी आमा बनिन् आदि आश्चर्य लाग्दा कुराहरू समावेश गरेका छन् । यो कृति पढिसकेपछि संसारमा यस्ता यस्ता आश्चर्य लाग्दा कामहरू पनि भएका छन् त भनेर हामीलाई झन् बढी आश्चर्य लाग्दछ ।

**विश्वप्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरू** कृतिको अध्ययनले मानिसहरूलाई संसारमा के कस्ता वस्तुहरू छन् र मानिसहरूले के कस्ता कामहरू गर्न समेत पछि पर्दा रहेनछन् भन्ने कुराको जानकारी पाइन्छ । यसको अध्ययनले सानासाना बालबालिकाहरूले पनि आश्चर्य लाग्दा कुराको जानकारी पाउनेछन् । नेपाल लगायत विश्वमा रहेका यस्ता आश्चर्यहरूको

बारेमा लेखिएका कृतिहरूको खोजी गरी अध्ययन गर्ने बानीको विकास गराउन सहयोग पुग्ने देखिन्छ । बालबालिकाहरू त्यसै पनि जिज्ञासु हुन्छन् । कुनै पनि मानिस, जीवजन्तुका बारेमा केही नयाँ कुरा सुनेभने त्यसका बारेमा जानकारी राख्न शोध खोज कार्य तिर लाग्छन् । त्यसैले यस कृतिले बाल मस्तिष्कमा शोध खोज गरी नयाँ नयाँ कुराको जानकारी प्राप्त गर्न सकारात्मक धारणाको विकासमा सहयोग पुऱ्याउनेछ ।

### ४.६. ६६६ रोचक तथ्यहरू

**६६६ रोचक तथ्यहरू** कृतिमा विभिन्न विषय क्षेत्रका ६६६ रोचक तथ्यहरूलाई समावेश गरिएको छ ।

#### ४.६.१. परिचय

लेखक रामदेव पाण्डेको **६६६ रोचक तथ्यहरू** शीर्षकको कृति ऐरावती प्रकाशन प्रा.लि. द्वारा २०६५ असोजमा प्रकाशित भएको हो । ३३३ अद्‍भुत आश्चर्यहरू जस्तै यो कृति पनि विभिन्न विषय क्षेत्रमा देखिएका रोचक तथ्यहरूको सङ्कलन गरिएको छ । जुन यथार्थ हुँदाहुँदै पनि कल्पना त होइन जस्तो लाग्दछ ।

विभिन्न पत्रपत्रिका, रेडियो, विभिन्न सञ्चार माध्यम आदिबाट खोज गरी विभिन्न तथ्यहरू सङ्कलन सम्पादन गरेर पाठकहरूलाई रोचक रोचक कुराहरूको जानकारी गराउने प्रयास गरेका छन् । मानवजीवन, प्रकृति, संस्कृति, प्रचलन र जैविक सन्दर्भसँग के कस्ता रोचक तथ्यहरू जोडिएका छन् अनि संसारमा यस्ता रोचक तथ्यहरू पनि छन् भन्ने कुराको जानकारी यस कृतिले दिन्छ । यस कृतिको अध्ययनले वृद्धदेखि सानासाना बालबालिकाहरूलाई समेत रोचक तथ्यहरूको जानकारी गराएर आश्चर्यमा पार्न मद्दत गराउँछ ।

यस कृतिभित्र रोचक जीवजगत, रोचक विविध, रोचक भाषा साहित्य, रोचक खेल, रोचक ब्रह्माण्ड, रोचक मानव शरीर, रोचक निर्माण, रोचक विज्ञान, आविस्कार, रोचक प्रकृति, भूगोल, रोचक प्रथा, धर्म, संस्कृति, रोचक विशिष्ट व्यक्तित्त्व, मानव व्यवहार, रोचक वनस्पति, रोचक मानचित्र जस्ता विविध विषय क्षेत्र, धर्म, संस्कृतिका सम्बन्धमा देखिएका रोचक तथ्यहरूलाई अलग अलग विवरण दिन सकिँदैन त्यसैले अलग अलग विषय र क्षेत्रका केही रोचक तथ्यहरूको मात्र विवरण दिइएको छ ।

#### ४.६.२. रोचक जीवनगत

१. स्टारफिसको अङ्गको प्रत्येक चुच्चोमा एउटा आँखा हुन्छ ।

२. अत्यधिक उचाइसम्म उड्ने कुनै पनि चराको उडानशक्ति समुद्रसतहदेखि ८८४८ मिटरसम्म मात्र हुन्छ । विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइभन्दा माथि कुनै पनि चरा उड्न सक्दैन ।

३. ऊँटका शरीरमा पित्ताशय हुँदैन ।

४. साङ्लोको टाउको काटेर शरीरबाट अलग गरिदिए पनि केही हप्तासम्म बाँच्न सक्छ ।

५. स्तनधारी जीवहरूमा चमेरो मात्र उड्न सक्ने जीव हो ।

६. बाँदर मानिसपछिको दोस्रो सामाजिक प्राणी मानिन्छ । बाँदरहरूमा यति प्रवल सामाजिक भावना हुन्छ कि आफ्नो समूहको एउटा बाँदर बिरामी भयो भने सबै बाँदरहरू खानपिन छोडी चिन्ता गर्न थाल्छन् ।

७. माकुराको लिङ्ग उसका एउटा खुट्टाको अन्तिम भागमा मात्र हुने गर्दछ ।

८. घरपालुवा जनावरहरूमा सबभन्दा बढी तापक्रम हुने जनावर बाखा हो ।

९. टाइगर सार्क माछाका बच्चाहरू जन्मनासाथ सिकार गर्न थाल्छन् ।

१०. अक्टोपस नामक समुद्री जीवलाई धेरै भोक लाग्यो भने अनि नजिक केही खानेकुरा पाएन भने आफ्नो टेन्टाकल (खुट्टा) पनि खाइदिन्छ ।

११. अन्तरिक्षमा जन्मेको पहिलो जीव धानचरी हो ।

**४.६.३. रोचक विविध**

१. पेरूका प्रचीन इन्का जातिका मान्छेहरूले महान् व्यक्तिको मृत्युपछि शबको हातमा सुनको पञ्जा लगाइदिएर गाड्ने गर्दछन् ।

२. भेनिस सहरमा एउटा पनि कार छैनन् । त्यहाँको एक मात्र सवारी साधन डुङ्गा हो ।

३. विज्ञानले द्रुत गतिमा विकास गरिरहेको छ । कुनैदिन अरू अङ्गजस्तै मानवमस्तिष्क पनि प्रत्यारोपण गर्न सकियो भने नेपालका प्रधानमन्त्रीको मस्तिष्क र चीनका प्रधानमन्त्रीको मस्तिष्क सट्टापट्टा गरी प्रत्यारोपण गर्न सकिनेछ । यदि त्यसो भयो भने नेपालका प्रधानमन्त्रीले नेपाली बुझ्ने छैनन् तर फरर्र चाइनिज भाषामा भाषण गर्न सक्नेछन् । उता चिनियाँ प्रधानमन्त्रीले मेरो देश नेपाल, मेरो राजधानी काठमाडौँ भन्दै नेपालीमा गफ गर्नेछन् तर चाइनिज भाषा पटक्कै बुझ्ने छैनन् ।

४. जापानको राजधानी टोकियोमा कुकुरहरूका लागि मात्र एउटा विशेष रेस्टुरेन्ट बनाइएको छ ।

५. संसारमा प्रत्येक सेकेन्डमा ४ जना शिशुको जन्म हुने गर्दछ ।

६. रातभर पढ्ने भन्दा रातमा ठीक समयमा सुतेर दिनमा पढ्ने मानिस बढी सफल हुन्छ। वैज्ञानिक अध्ययनका अनुसार धेरै पढ्ने भनेर रातभर पढ्दा स्मरणशक्ति कमजोर हुन्छ।

**४.६.४. रोचक भाषा/साहित्य/पुस्तक**

१. विश्वप्रसिद्ध लेखक लियोटाल्सटायलाई भुलक्कड लेखक भनेर पनि चिनिन्छ।

२. संयुक्त राज्य अमेरिकामा अश्लिल साहित्यको कारोबार ४ हजारकरोड डलर भन्दा बढीको हुन्छ।

३. अमेरिकाको विशाल पुस्तकालयमा ७ करोड ३० लाखभन्दा बढी किताबहरू छन्।

४. नेपाली भाषामा लेखिएको पहिलो पुस्तक **प्रायश्चित प्रदीप** हो। यसका लेखक प्रेमनिधि पन्त हुन्।

**४.६.५. रोचक खेल**

१. संसारकै सबभन्दा अग्लो ठाउँमा गरिने दौडप्रतियोगिता तेन्जिङ हिलारी एभरेष्ट म्याराथुन हो। सन् २००३ देखि सुरु गरिएको यो प्रतियोगिता प्रथमपल्ट सगरमाथा आरोहणको ५० वर्ष पुगेको उपलक्ष्यमा गरियो।

२. पोलोलाई संसारकै पुरानो खेल भनिन्छ।

३. ग्रिसको ओलम्पिया भन्ने ठाउँबाट सुरु भएकै कारण विश्वको प्रमुख खेल प्रतियोगिताको नाम ओलम्पिक रहेको हो।

४. फिनल्याण्डमा १९ औं शताब्दीदेखि एउटा अनौठो दौड प्रतियोगिता आयोजना गरिँदै आएको छ जहाँ आफ्नी श्रीमती बोकेर २५३ मिटरको दूरिमा दौडनु पर्दछ।

५. नेपालको राजधानी काठमाडौं स्थित बालाजु निवासी रोहित तिमिल्सिनाले २१ वटा टेनिसवल एउटा हातमा १४ सेकेण्डसम्म अड्याएर गिनिजबुकको रेकर्ड तोडेका छन्।

**४.६.६. रोचक ब्रह्माण्ड**

१. पृथ्वीमा ६० किलो तौल हुने मान्छे चन्द्रमाको धरातलमा जोख्दा १० किलो मात्र हुन्छ।

२. भूमध्ये रेखाक्षेत्रमा सदैव दिन र रात बराबर हुन्छ।

३. विश्वमा सबभन्दा कम गहिराइ भएको समुद्र अजोबको समुद्र हो। यसको अधिकतम गहिराइ १३ मिटर मात्र छ।

४. वैज्ञानिक अनुसन्धानका आधारमा पृथ्वीलाई ४ अरब ६० करोड पुरानो मानिएको छ।

### ४.६.७. रोचक मानव शरीर

१. एक अध्ययन अनुसार केटाहरूभन्दा केटीहरू बढी गहिरो नीदमा (निद्रा) सुत्ने गर्दछन् ।

२. विवाहितभन्दा अविवाहित मानिसहरू मानसिक रूपमा बढी बिरामी हुन्छन् ।

३. बच्चाहरूको चाहना अनुसार उपन्यास वा रमाइला किताबहरू पढ्न लगाउने हो भने उनीहरूको फाल्तु मोटोपन घट्छ । बालचिकित्सा र व्यवहारबारे गरिएको एक अध्ययनले सुहाउँदो चाहना अनुसार किताब पढ्न दिएर कतिपय बालरोगको समेत उपचार गर्न सकिने बताइएको छ ।

४. रूनु स्वास्थ्का लागि हितकर हुन्छ । महिलाहरू सामान्य दुःखमा पनि रूने गर्दछन् । पुरुषहरू आफूलाई बहादुर देखाउने उद्देश्यले आँसु रोकेर राख्छन् । त्यसैले मुटु सम्बन्धी रोग तथा पेप्टिकलअल्सर जस्ता रोगहरूका शिकार महिलाका अनुपातमा पुरुष धेरै हुने गर्छन् ।

५. मानिस मुस्कुराउँदा १७ मांसपेशीहरूको आवश्यकता पर्दछ भने क्रोधित हुनका लागि ४३ मांसपेशीहरूले काम गर्नुपर्दछ ।

### ४.६.८ रोचक निर्माण

१. मानवनिर्मित सबभन्दा ठूलो जलमार्ग पनाम नहर हो । विश्वका कुनै दुई महासागर ( प्रशान्त महासागर र आन्ध्र महासागर) लाई जोड्ने यो एकमात्र जलमार्ग हो ।

२. संसारको सर्वाधिक विशाल महल चीनको शाही महल हो । यो बेइजिङको मध्यमा १७८ एकड (७२ हेक्टर) क्षेत्रमा बनेको छ ।

३. क्यानडामा एउटै सडक १९०० किलोमिटर लामो छ ।

### ४.६.९. रोचक विज्ञान आविष्कार

१. ३० हजार टन कोइलाबाट प्राप्त हुने उर्जा केवल एक टन युरेनियमबाट प्राप्त गर्न सकिन्छ ।

२. सर्बप्रथम घडीमा प्रयोग हुने बालस्पिरिङ सुँगुरको रौंबाट बनाइएको थियो ।

३. जहाज तातो पानीभन्दा चिसो पानीमा बढी तीब्र गतिमा हिँड्न सक्छ ।

४. हातमा लाइको पेडियम पाउडर लगाएर पानीमा हात डुबाउने हो भने हात बाहिर निकाल्दा पानी नै नलागी सुक्खा रहेको हुन्छ ।

### ४.६.१०. रोचक प्रकृति/भूगोल

१. निद्रामा हिँड्नु पनि एकप्रकारको रोग हो । यस रोगको रोगीलाई सोमाबुलिस्ट भनिन्छ ।

२. नेपालमा एकमात्र ज्वालामुखीको चिन्ह दैलेख जिल्लाको दूल्लु भन्ने ठाउँमा छ ।

३. नर्वेमा मध्यरातमा सूर्य देखिन्छ ।

४. नेपालको अरुण नदी संसारकै सबभन्दा अग्लो ठाउँबाट सुरु हुने नदी हो ।

५. समुद्रको पिँधको गहिराइमा यति धेरै दबाब हुन्छ कि एउटा सिसाको बोतल माथिबाट छोडिदिने हो भने त्यो बोतल पिँधमा पुग्नुभन्दा पहिले नै फुटेर चकनाचुर हुन्छ ।

६. कोलम्बियाको एउटा भिनेगर नदीमा यति धेरै गन्धक र नुनको अम्ल रहेको छ जहाँ कुनै पनि माछा जीवित रहन सक्दैनन् ।

७. उल्कापिण्ड खसेर बनेको क्रेटर खाडल अमेरिकाको अरिजोनामा छ । यो १२०० मिटर चौडा भएको छ ।

**४.६.११. रोचक प्रथा/धर्म/संस्कृति**

१. इटालिको रोममा एउटा खण्डहर बनिसकेको मन्दिर छ । त्यस आसपासका मानिसहरू के अन्धविश्वासमा छन् भने यो भग्न भइसकेको मन्दिरमा एकरात बिताउने हो भन जस्तोसुकै प्रकारको खोकी पनि निको हुन्छ ।

२. स्पेनको पहाडी क्षेत्रमा माहुरीपालकको मृत्यु हुँदा माहुरीले पनि शोक मनाउनु पर्दछ । त्यहाँ माहुरी मालिकको मृत्यु भएपछि शोक दर्शाउनका लागि माहुरीहरूका पखेटामा कालो मसी छर्किदिने गरिन्छ ।

३. मिनेसोटा राज्यमा महिला तथा पुरुषहरूबीच अनौठो भेदभाव छ । त्यहाँ एउटै डोरीमा महिला तथा पुरुषका कच्छाहरू सुकाउन पनि गैरकानुनी मानिन्छ ।

**४.६.१२. रोचक विशिष्ट व्यक्तित्व/मानवव्यवहार**

१. विश्वप्रसिद्ध साहित्यकार विलियम शेक्सपियरकी छोरी निरक्षर थिइन् ।

२. सर्वोच्च शिखर सगरमाथामा पुग्ने सबैभन्दा बढी उमेरका व्यक्ति मिनबहादुर शेरचन सन् २००८ मा ७७ वर्षको उमेरमा सगरमाथाको चुचुरोमा पुगेका थिए ।

३. नेपोलियन बोनापार्टलाई सबभन्दा डर बिरालोसँग लाग्दथ्यो किनकि उनी अलरफोविया भन्ने मानसिक रोगबाट ग्रसित थिए ।

**४.६.१३. रोचक वनस्पति**

१. अस्ट्रेलियामा पाइने एकप्रकारको अर्किड फूलको नाम हाँस अर्किड हो । यसका फूलहरू हेर्दा उड्न लागेको हाँसको आकृतिमा देखिन्छन् ।

२. संसारको सबभन्दा ठूलो फूल र्‍याफेलसिया हो । सबभन्दा तीब्र गन्धवाल लिलि भनेर चिनिने यस जातका एउटै फूलको तौल ११ किलो हुन्छ ।

३. नेपालको कपिलवस्तु जिल्लाको धनकौलि गा. वि. स. डिलवा भन्ने गाउँमा एउटा अनौठो आँपको रूख छ जुन रूखका हाँगाहरू एकआपसमा जेलिएर जमिनसम्म पुगेर पुनः ठाडा हुँदै पुरै ६ कट्ठा जग्गा ढाकिएको छ ।

**४.६.१४. रोचक मानचित्र**

१. साइबेरिया संसारको सबभन्दा बढी चिसो हुने ठाउँ हो । यहाँ दूध व्यापारीहरूले आफ्नो सुबिधाका लागि दूध नापेर एउटा छडिमा जमाएर हिँडाउँछन् तर बाटोमा पग्लने डर हुँदैन ।

२. विश्वमा सबभन्दा धेरै राष्ट्रहरूसँग सिमाना जोडिएको राष्ट्र चीन हो ।

३. संसारको सबभन्दा सानो स्वतन्त्र देश भेटिकन सिटी हो । यहाँको जन्मदर शून्य छ ।

४. पूर्ण रूपमा नुनबाट बनेको सहर तेगञ्जा हो । यो सहर सहारा क्षेत्रमा अवस्थित छ ।

**४.६.१५. निष्कर्ष**

**६६६ रोचक तथ्यहरू** कृति विभिन्न विषय क्षेत्रमा देखिएका रोचक तथ्यहरूलाई खोजी गरी सङ्कलन गरिएको प्रबन्धात्मक लेख सङ्ग्रह हो । यसमा विश्वमा देखिएका र थाहा पाएसम्मका अत्यन्त महत्त्वपूर्ण तथ्यहरूलाई समावेश गरिएको छ । ती रोचक तथ्यहरूको जानकारीले पाठकवर्गहरू संसारमा यस्तो पनि हुँदोरहेछ भनेर आश्चर्यमा पर्दछन् ।

**६६६ रोचक तथ्यहरू** लेख सङ्ग्रहमा जीवनजगत्, भाषा साहित्य, खेल, ब्रह्माण्ड, मानवशरीर, विज्ञान, भूगोल, धर्म, संस्कृति, मानव व्यवहार, वनस्पति आदि विविध विषयमा देखिएका र गरिएका विभिन्न तथ्यहरूको विवरण दिइएको छ । यस्ता तथ्यहरूको अध्ययनले सम्पूर्ण जिज्ञासु पाठक वर्गलाई विविध विषयका नयाँ नयाँ कुराहरूको जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउनेछ । यसका साथै बालबालिकाहरूलाई पनि नयाँ कुराको जानकारीका साथै अझै यस्तै यस्तै विषय क्षेत्रमा लेखिएका खोजमूलक तथ्यहरूको अध्ययन गर्न प्रेरणा मिल्नेछ । यसका साथै विश्वका विविध विषयका बारेमा आफ्ना मनमा उठेका जिज्ञासाहरू मेटाउन सहयोग पुऱ्याउने छ ।

## ४.७ विश्वका अदभुत संयोगहरु

विश्वका अद्‌भुत संयोगहरू कृतिमा विभिन्न समयमा विभिन्न व्यक्तिका जीवनमा घटेका संयोगहरूलाई समावेश गरिएको छ ।

### ४.७.१ परिचय

विश्वका अदभुत संयोगहरु रामदेव पाण्डेको यस संसारमा विभिन्न समयमा विभिन्न ठाउँका धर्म, समुदाय, जातजाति आदिका आधारमा घटेका घटनाहरुलाई विभिन्न पत्रपत्रिका सञ्चारमाध्यम, पुस्तकहरू आदिबाट खोजी गरी तयार पारिएको लेख सङ्ग्रह हो ।

यो संसार कुनै न कुनै नियमबाट चलिरहेको छ यस संसारमा घट्ने कुनै पनि घटना परिघटनाका पछाडि कुनै पनि कारण रहेको हुन्छ यस्ता घटना परिघटनाको खोज अनुसन्धानका लागि वैज्ञानिकहरू लगातार रूपमा लागिरहेका छन् । यो प्रकृति अनन्त अपार र असीमित भएको हुनाले यो पनि कुनै नियमबाट चलेको हुन्छ । यसकारण यस पृथ्वीमा उज्यालो अँध्यारो, दिन रात, चिसो तातो हुन्छ अझ कहिलेकाहीँ त हामीले सोच्दै नसोचेका घटनाहरू पनि हुने गर्दछन् । त्यसलाई मानिसहरू ईश्वरको लिला भनी चुप लागेर बस्न बाध्य भएका छन् तर यो समय परिस्थितिले घटाएको घटना हो ।

विश्वका अद्‌भुत संयोगहरू कृतिमा विभिन्न समयमा विभिन्न ठाँउ, जात, धर्म र समुदायमा घटेका घटनाहरूलाई र कारण पत्ता लगाउन नसकिएका संयोगहरूलाई एकै ठाँउमा जम्मा पारिएको छ ।

### ४.७.२ विवरण

विभिन्न व्यक्तिका जीवनमन घटेका मुख्य विवरण तल प्रस्तुत गरिएको छ –

**(क) आफ्नै आविष्कारको अभावमा मृत्यु**

अमेरिकी आविष्कारक डा. चार्ल्स एण्ड्रयुले रगत सङ्कलन सम्बन्धी खोज गरेका थिए । उनले रक्त र रक्तप्लाज्मा एकत्रित गरेर राख्ने प्रविधिको खोज गरेका थिए । यसबाट दैनिक हजारौँ मान्छेहरू रक्त अल्पताका कारण मर्नबाट बाँच्ने थाले तर बिडम्बना सन् १९५० मा एक कार दुर्घटनामा परेर डा. चार्ल्स एण्ड्रयुको अत्याधिक रक्तश्राव भयो । समयमा आवश्यक रक्तप्लाज्मा जुटाउन नसकेर उनको दुःखद निधन भयो । समयको कस्तो अनौठौ संयोग रगत सङ्कलन गर्न सिकाउने आविष्कारको मृत्यु रगत नपाएरै भयो ।

**(ख) जसले खन्यो खाडल**

जीन डीला बेला नाम गरेका एकजना व्यक्तिले अत्यन्तै कष्टदायी प्रताडनाकक्षको आविष्कार गरेका थिए । यो कक्ष यति कष्टकर थियो कि त्यसमा सजाय पाउने व्यक्ति ( कैदी) सिधा उभिन र सिधा सुत्न सक्दैनथ्यो । अनौठो संयोग त्यस यातना कक्षमा सजाय पाउने व्यक्ति स्वयम् आविष्कारक जीन डीला बेला नै भए । उनले त्यहाँ ११ वर्षसम्म कष्टकर सजाय भोग्नुपऱ्यो ।

**(ग) जुम्ल्याहा दाजु बहिनी नै पति पत्नी**

बेलायतमा घटेको घटना हो एकै दम्पत्तीबाट जन्मिएका जुम्ल्याहा छोराछोरी अलग अलग परिवारमा हुर्केका थिए । जवानी भएपछि एकदिन उनीहरूको एक ठाउँमा भेट भयो । उनीहरुको एक आपसमा माया बढ्दै गएपछि विवाह पनि भयो पछि आफ्ना बुवाआमाको इतिहास खोज्दै जाँदा उनीहरू एकै बाबुआमाबाट जन्मेका जुम्ल्याहा छोराछोरी भएको थाहा भयो । उनी एकै गर्भबाट जन्मेका छोराछोरी भएको थाहा पाएको भए किन यस्तो हुन्थ्यो र यो एउटा अनैठौ संयोग भयो ।

**(घ) गौतम बुद्धको संयोग**

नेपालको लुम्बिनीमा जन्मेका शान्तिका अग्रदूत गौतमबुद्धसँग तिथिको अनौठो संयोग जोडिएको छ । उनको जन्म, विवाह, तत्त्वज्ञान प्राप्त र उनको मृत्युसम्म पूर्णिमा तिथिका दिन भएको थियो ।

**(ङ) ३० वर्षमा तीस**

मायनेको एम्बडनकी एक अध्यापिका ओजियस एच म्याकफेडनले ३० वर्षसम्म अध्यापन कार्य गरेकी थिइन् तर अनौठो संयोग के छ भने उनले ३० वर्षको अध्यापनकालमा ३० वटा अलग अलग नयाँ स्कुलमा पढाएकी थिइन् ।

**(च) रविन्द्रनाथको १३**

विश्वकविका रूपमा परिचित भएका भारतका रविन्द्रनाथ टैगोरलाई सन् १९१३ नोभेम्बर १३ तारिखका दिन नोबेल पुरस्कार प्राप्त भएको थियो । अनौठो संयोग के छ भने उनको प्रसिद्ध राष्ट्रियगानमा पनि १३ पङ्तिहरू नै रहेका छन् । भारत र बंगलादेशका राष्ट्रियगानका रचयिता रविन्द्रनाथ टैगोर नै हुन् ।

**(छ) संख्या १३ र विश्व चर्चित केही व्यक्तित्वहरू**

कुनै कुनै मानिसहरू १३ संख्यालाई अशुभ मानी त्यसबाट सकेसम्म टाढा रहन खोज्छन् तर कुनै पनि संख्या शुभ या अशुभ हुँदैन । नेपोलियन बोनापार्टका १३ भाइ बहिनीहरू थिए । १३ जना नै कुनै न कुनै सिंहासनमा बस्न सफल भएका थिए । त्यसै गरी विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलो पाइला टेक्ने तेन्जिङ नोर्गे शेर्पा पनि १३ भाइ बहिनी मध्येका थिए ।

### ४.७.३ निष्कर्ष

विश्वका अद्भुत संयोगहरू रामदेव पाण्डेको विभिन्न समयमा विभिन्न जातजाति, धर्म, समुदाय र मान्छेका जीवनमा घटेका घटनाहरूको सङ्कलन गरिएको अनौठा संयोगहरूको प्रबन्धात्मक लेख संग्रह हो । यसमा लेखकले विभिन्न समयमा विभिन्न व्यक्तिका जीवनमा घटेका घटनाहरूलाई एकै ठाउँमा भेला गराएर पाठक वर्गलाई यथार्थ जानकारी दिने र जागरुक बनाउने प्रयास गरेका छन् । यसमा नेपाल लगायत विश्वका विभिन्न देशका व्यक्तिहरूका जीवनमा घटेका घटनाहरू यसमा समावेश गरिएका छन् । समय र परिस्थितिले मानिसलाई कस्तो कस्तो अवस्थामा पुऱ्याउँछ भने रगतको आविष्कार गर्ने अमेरिकाका चार्ल्स एण्ड्रयुले रगत संकलन सम्बन्धी आविष्कार गरे पनि उनको मृत्यु रगत नपाएरै भयो । त्यसै गरी प्रताडनाकक्षको आविष्कार गर्ने जीन डीला बेलाले आफैँले आविष्कार गरेको प्रताडनाकक्षमा ११ वर्षसम्म यातना भोग्नु पऱ्यो । गौतम बुद्धसँग तिथिको अनौठो संयोग रहेको छ । विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलो पाइला टेक्ने तेन्जिङ नोर्गे शेर्पा १३ भाई बहिनी मध्येका एक थिए । १३ संख्यालाई अशुभ मान्नेहरूका लागि यस घटनाले केही सोच्न बाध्य बनाएको छ । यस कृतिमा यस्तै यस्तै धेरै संयोगहरू समावेश गरिएका छन् । यसमा समावेश गरिएका रमाइला रोचक अद्भुत र अनौठा लाग्ने संयोगहरूको अध्ययनले चेतनशील विद्वान, जिज्ञासु पाठकवर्गलाई छलफल र खोज गर्न सहयोग पुग्ने देखिन्छ ।

### ४.८ तिमीहरूको नाश (दार्शनिक निबन्ध सङ्ग्रह)

विश्वप्रसिद्ध साहित्यकार राहुल साङ्कृत्यानद्वारा हिन्दी भाषामा लेखिएको निबन्ध संग्रह हो । समाजको हरेक क्षेत्रको ज्ञान राख्ने उनी सामाजिक कुरीति तथा शोषण दमनका घोर विरोधी थिए । सर्वहारा र उत्पीडित बर्गप्रति उनको विशेष सहानुभूति रहेको छ ।

राहुल सांङ्कृत्यायनद्वारा हिन्दी भाषामा लेखिएको **तिमीहरूको नाश** (दार्शनिक निबन्ध सङ्ग्रह) लेखक रामदेव पाण्डेले नेपाली भाषामा अनुवाद गरी ऐरावती प्रकाशन

प्रा.लि. द्वारा २०६६ सालमा प्रकाशित भएको छ । नेपाली भाषामा अनुवाद गरिएको यो कृति नेपाली भाषीहरूमाझ ल्याएर हाम्रो नेपाली समाजमा रहेका अनधविश्वास, शोषण, दमन, अन्याय, अत्याचारहरूलाई हटाउनकालागि सहयोग पुग्ने देखिन्छ । यस कृतिमा तिम्रो समाजको नाश, तिम्रो धर्मको नाश, तिम्रो भगवान्को नाश, तिम्रो सदाचारको नाश, तिम्रो न्यायको नाश, तिम्रो इतिहासाभिमान र संस्कृतिको नाश, जातपातको नाश, तिम्रा जुकाहरूको नाश शीर्षकहरू रहेका छन् । तिम्रो समाजको नाश शीर्षकमा समाजमा धनी र गरिबका बीचमा देखिएको भेदभावलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ । श्रमिक मजदुरहरू आफ्नो खेतबारीमा रातदिन नभनी पसिना बगाएर मिहिनेत र परिश्रम गर्दछन् र मोतीका दाना फलाउँछन् । तर उनीहरूले फलाएको अन्न सबभन्दा पहिले खाने ठूला बडाहरू हुन्छन् । श्रमिक किसानहरूको पसिनाको कुनै मूल्य छैन भन्ने कुरा यहाँ उल्लेख गरिएको छ । गरिवका छोराछोरीमा रहेको प्रतिभा पनि बाहिर प्रष्फुटन हुन सक्दैन । धनीका छोराछोरीमा कुनै प्रतिभा नभएपनि  प्रशस्त धन खर्चेर भए पनि उसलाई चिनाउने प्रयास गरिन्छ । धनी र गरिबका आधारमा हुने भेदभाव, शोषण, उत्पीडन, अन्याय, अत्याचार गर्ने त्यस्तो समाजको नाश होस् भन्दै समाजमा देखिएको भेदभावलाई हटाउने प्रयास गरिएको छ ।

तिम्रो धर्मको नाशमा धर्मका आधारमा हुने भेदभावको विरोध गरिएको छ । धनी र सम्पन्न व्यक्तिहरूले धर्मको नाममा पछि मरेपछि स्वर्गमा पुग्ने आशमा लाखौँ रुपैयाँ खर्च गरेका छन् । तर गरिब निमुखा, असहाय आदिका लागि एक छाक खान दिन उनीहरूको हात अगाडि बढ्दैनन् । धनी गरिब, ठूलो जात, सानो जात भनेर भेदभाव गर्ने जुनसुकै धर्मको पनि नाश होस् भन्ने कुरा यहाँ उल्लेख गरिएको छ ।

तिम्रो भगवान्को नाशमा यस पृथ्वीमा सम्पूर्ण जीवजन्तुहरूको सिर्जना गर्ने काम ईश्वरको हो । जीवजन्तुहरूको सृष्टि गरेर उनीहरूको रक्षा गर्नु पनि ईश्वरको कर्तव्य हो भने सम्पूर्ण प्राणीहरूको रक्षा गरी खुसी दिन नसक्ने ईश्वरको नाश होस् भनिएको छ । यसै गरी तिम्रो सदाचारको नाशमा हाम्रो समाजमा जस जसले अन्याय अत्याचार, शोषण दमन गर्दछ उसैले सदाचारको कुरा गर्दछ । तर गरिब निमुखाहरू जति सुकै राम्रो काम गरे पनि ठूला बडाका अगाडि सदाचारी बन्न सक्दैनन् । तिम्रो न्यायको नाश अन्यायमा परेका निमुखाहरूलाई न्याय दिन भनेर ठूला ठूला अदालतहरू खडा भएका छन् । तर गरिबहरूका लागि न्याय दिने कोही हुँदैन । धनी र गरिबका बीचमा न्याय पाउन पनि ठूलो खाडल

बीचमा रहेको छ । धनीद्वारा उसको इसारामा कसैको हत्या भएको छ भने त्यो हत्या लुकाउनु उनीहरूका लागि सामान्य कुरा हो । किनकि उनीहरूले ठूलो धनराशी खर्च गरेका हुन्छन् । उनीहरूले न्याय दिने व्यक्तिलाई आफ्नो हातमा लिएर अनेकौं प्रलोभनहरू देखाएर हत्यारालाई उम्काउन सफल हुन्छन् । ठूला ठूला पदमा काम गर्ने व्यक्ति धनी व्यक्ति नै हुन्छन् । उनीहरूले न्याय दिने व्यक्ति पनि धनी, सम्पन्न र आफन्तहरू नै हुने भएकाले गरिवले न्याय पाउन सकेका छैनन् । गरिबका छोराछोरीमा प्रतिभा भए पनि विभिन्न जाल रचेर उनीहरूलाई माथिल्लो तहमा पुग्न नै दिइँदैन । न्यायालय गरिव निमुखाका निम्ति भनेर स्थापना गरे पनि न्याय पाउने धनी वर्गका व्यक्ति नै हुने कुरा तिम्रो न्यायको नाशमा उल्लेख गरिएको छ ।

तिम्रोइतिहासाभिमान र संस्कृतिको नाश मानिसहरू जुन इतिहास र संस्कृतिमा बाँचेका छन् त्यसले मानिसलाई सामान्य मान्छेको रूपमा जीवन बिताउन दिन सकेको छैन । यसले मानिसहरूलाई खानपान, रहनसहन, विवाह, सम्बन्ध, स्वास्थ्य आदि क्षेत्रमा संसारका सामु लज्जित बनाउन खोजेको छ भन्ने कुरा उल्लेख गरिएको छ । तिम्रो जातपातको नाश मा विभिन्न धर्म संस्कृति परम्परा आदिका आधारमा ठूलो जात र सानो जात भनी भेदभाव गर्ने कुराको उल्लेख गरिएको छ । आफूलाई उपल्लो जात भनेर घमण्ड गर्नेहरूले तल्लो जात भनेर हाम्रो समाजले विभाजन गरेको जातीय विभेदका आधारमा भेदभाव गर्ने, तल्लो जातले छोएको नखाने, घरभित्र पस्न नदिने जुन प्रचलन छ त्यसको विरोध गरिएको छ । जबसम्म जातभातका आधारमा गरिने भेदभावको अन्त्य हुँदैन तबसम्म समाज र राष्ट्रको प्रगति हुँदैन । त्यसै गरी तिम्रा जुकाहरूको नाशमा जुका भनेको परजीवी हो जुन अरूको भरमा बाँच्ने गर्दछ । हाम्रो समाजमा दिनरात नभनी मिहिनेत र परिश्रम गरी पसिना बगाउने व्यक्तिहरू छन् । तर बिना परिश्रम अरूको पसिनाको कमाई शोषण गरेर खाने व्यक्तिहरू रहेका छन् । जसले सर्वसाधारणको पसिना शोषण गरेर आरामसँग बस्ने गर्दछ ती समाजका जुकाहरू हुन् । जबसम्म समाजमा रहेका यी जुकाहरूको अन्त्य हुँदैन तबसम्म समाजमा अन्याय, अत्याचार, शोषण, दमन रहिनै रहने छन् ।

# पाचौँ अध्याय

# उपसंहार

शोधपत्रको पहिलो अध्यायमा शोधपत्रको परिचय रहेको छ । शोधपत्रको परिचय अन्तर्गत रामदेव पाण्डेको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गर्न विभिन्न शीर्षक उपशीर्षकहरू राखिएको छ ।

यस शोधपत्रको पहिलो उपशीर्षक, शोधनायकको परिचय रहेको छ । शोध नायक रामदेव पाण्डेको जीवनी, व्यक्तित्वको बारेमा जानकारी गराइएको छ भने उनका प्रकाशित साहित्यिक कृतिको विश्लेषणात्मक र साहित्येतर कृतिको विवरणात्मक अध्ययन गरिने जानकारी गराइएको छ । उपशीर्षक दुईमा शोध प्रयोजन रहेको छ । प्रस्तुत गरिएको शोधपत्रको शोध प्रयोजन कुन आवश्यकता परिपूर्ति गर्नु हो भन्ने बारेमा जानकारी गराइएको छ । उपशीर्षक तीन अन्तर्गत समस्या कथन रहेको छ । यस अन्तर्गत रामदेव पाण्डेको जीवनी व्यक्तित्व र कृतित्वका के कस्ता पक्षहरू रहेका छन् भन्ने बारेमा केन्द्रीत भएर शोधपत्र तयार पारिएको छ । उपशीर्षक चारमा शोधपत्रको उद्देश्यका बारेमा चर्चा गरिएको छ । यसमा रामदेव पाण्डेको जीवनीको अध्ययन गर्नु, व्यक्तित्वका विविध पक्षलाई परिचित गराउनु र उनको बालकथा र अन्य प्रकाशित कृतिको चर्चा गर्ने बारेमा उल्लेख गरिएको छ । उपशीर्षक पाँचमा पूर्वकार्यको समीक्षा रहेको छ । यसमा यो शोधपत्र तयार पार्नु अगाडि रामदेव पाण्डेको जीवनी र व्यक्तित्वका बारेमा कसैले चर्चा गरेको छैन । उनका कृतिका बारेमा केही लेखक साहित्यकारहरूले आंशिक टिप्पणी गरेका छन् । तिनै टिप्पणीहरूलाई समावेश गरिएको छ । उपशीर्षक छ मा शोधको औचित्य रहेको छ । रामदेव पाण्डेका बारेमा समस्या कथनमा उठाइएका समस्याको समाधान र उद्देश्य कथनमा प्रस्तुत गरिएका उद्देश्य पूरा गरिने भएकाले शोधपत्र औचित्यपूर्ण रहेको कुरा उल्लेख गरिएको छ । उपशीर्षक सातमा अध्ययनको सीमाङ्कन गरिएको छ । रामदेव पाण्डेको जीवनी, व्यक्तित्व र उनका प्रकाशित कृति मध्ये बालसाहित्य अन्तर्गतको **ल है मीत ज्यू !** बाल कथा र अन्य सोधखोजमूलक कृतिमा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ । उपशीर्षक आठमा शोधविधि रहेको छ प्रस्तुत शोध कार्यको लागि सामग्री सङ्कलन गर्न जीवनी व्यक्तित्वका लागि शोधनायकसँग र उनका आफन्तसँग भेटी सामग्री सङ्कलन गरिएको छ साथै उनका कृतिको प्रयोग गरिएको छ । उपशीषर्क नौ मा शोधपत्रको रूपरेखा रहेको छ ।

यसरी प्रस्तुत शोधपत्रका पाँच अध्यायलाई आवश्यकता अनुसार विविध शीर्षक उपशीर्षकहरूमा बाँडफाँड गरिएको छ ।

यस शोधपत्रको दोस्रो अध्यायमा रामदेव पाण्डेको जीवनी रहेको छ । उनका जीवनका विभिन्न पक्षहरूलाई अलग अलग शीर्षक उपशीर्षकमा बाँडेर प्रस्तुत गरिएको छ । रामदेव पाण्डेको जीवनी अन्तर्गत उपशीर्षक १ (एक) मा जन्म र जन्मस्थान रहेको छ । रामदेवको जन्म र जन्मस्थान, मातापिताको बारेमा चर्चा गरिएको छ । उपशीर्षक २ (दुई) मा बाल्यकालको बारेमा चर्चा गरिएको छ । रामदेवको बाल्यकाल आफ्नै गाउँघरमा र घरपरिवारका साथ बितेको छ । उनी सानैदेखि दयालु, मिजासिलो र सहयोगी भावनाका थिए । घरपरिवारका सम्पूर्ण सदस्य धर्मप्रति आस्था राख्ने भएकाले उनले पनि धर्मप्रति आस्था राख्दथे । उपशीर्षक ३ (तीन) मा पारिवारिक स्थिति रहेको छ । रामदेवको पारिवारिक स्थितिको बारेमा उनका दुई दाजु र तीन दिदीहरू, एक भाइ र एक बहिनी रहेका छन् ।

रामदेव पाण्डेले आफ्नै गाउँको विद्यालयबाट शिक्षा आरम्भ गरेका थिए । सानैदेखि मिहिनेती, इमान्दार र लगनशील थिए । उनको औपचारिक शिक्षा बी.ए. सम्म भएपनि विभिन्न विषयको अध्ययनले गर्दा उनलाई धेरै विषयको ज्ञान थियो । उपशीर्षक पाँचमा विवाह र सन्तानका बारेमा चर्चा गरिएको छ । उनको विवाह वि.सं. २०३९ सालमा पिता बलभद्र न्यौपाने र माता डिल्ली न्यौपानेकी सुपुत्री द्रोणमाया न्यौपानेसँग भएको थियो । रामदेवका दुई छोरा (सन्तान) को जन्म भएको छ । उनका छोराको नाम प्रकाश पाण्डे र आकाश पाण्डे हो । उनका छोराहरू अत्यन्तै मिलनसार, मिहिनेती र लगनशील रहेका छन् । उपशीर्षक छ मा रामदेव पाण्डेको आर्थिक अवस्थाको चर्चा गरिएको छ । उनको आर्थिक अवस्था सामान्य रहेको छ । उनले आफ्नो क्षमताले भ्याएसम्म उत्पीडित तथा असहाय बालबालिका, बृद्धबृद्धाहरूको हितकोलागि काम गर्ने बताउँछन् । उनी सानैदेखि विभिन्न खेलकुद कार्यक्रममा भाग लिने गर्दथे । खाने कुरामा मासुका परिकार बढी मन पराउने उनले भलिबल, टेबल टेनिस, क्रिकेट खेलहरू हेर्न मन पराउँछन् । आफूले कसैको चाकडी नगर्ने र अरूले चाकडी गरेको पनि मन पराउँदैनन । निर्भीक र स्वाभिमानी स्वाभावका भएका उनले असहायहरूलाई सक्दो सहयोग गर्दछन् भन्ने कुरा उनका व्यक्तिगत रुचि र स्वाभावमा चर्चा गरिएको छ । उपशीर्षक ८ (आठ) मा साहित्यिक प्रेरणा र प्रभावको चर्चा गरिएको छ । रामदेवले साहित्य लेख्ने प्रेरणा आफ्नै गुरु युवराज पाण्डेबाट पाएका हुन् । उनकै प्रेरणाबाट प्रभावित भएर लेखिएको उनको पहिलो कृति **बलि नदेऊ** कविता

सार्वजनिक निम्न माध्यमिक विद्यालयबाट प्रकाशित हुने टुकी पत्रिकामा प्रकाशित भएपछि उनको औपचारिक लेखन सुरू भएको हो । यसका साथै उनले कविता, लघुकथा, बालसाहित्य, निबन्ध, ज्ञानविज्ञान, हास्यव्यङ्ग्य आदि विधामा कलम चलाएका छन् । अध्याय एकको उपशीर्षक ९ (नौ) मा रामदेवका बाल साहित्यका साथै अन्य विधाका कृतिहरूको क्रमशः विवरण प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा रामदेव पाण्डेको व्यक्तित्वलाई समेटिएको छ । उनका व्यक्तित्वका विभिन्न पक्षलाई अलग अलग शीर्षक र उपशीर्षकमा विभाजन गरेर चर्चा गरिएको छ । शीर्षक एकमा उनका बाह्य व्यक्तित्वलाई समावेश गरिएको छ । बाह्य शारीरिक व्यक्तित्वका रूपमा उनी खाइलाग्दो, स्वच्छ र सफा पोसाक लगाउने, सरल तथा गम्भीर स्वभावले गर्दा उनी जोसुकैसँग सजिलै घुलमिल हुन सक्छन् । शीर्षक दुईमा आन्तरिक व्यक्तित्वका विविध पक्षलाई अलग अलग उपशीर्षकमा उल्लेख गरिएको छ । वि.सं. २०३३ सालमा **बलि नदेऊ** कविताबाट साहित्य लेखन सुरू गरेका रामदेवले कविता, कथा, लघुकथा, निबन्ध, ज्ञानविज्ञान, हास्यव्यङ्ग्य आदि विधामा कलम चलाएका छन् । यसका साथै बालबालिकाहरूलाई मनोरञ्जन र सामाजिक सन्देश दिने उद्देश्यले लेखिएको बाल कथा **ल है मीत ज्यू !** (सचित्र बालकथा) ले बालसाहित्यका क्षेत्रमा चर्चाको शिखरमा पुऱ्याएको छ । यसै गरी उनको विश्वका अद्‌भुत बालबालिकाहरू (भाग १) तथ्यघटनामा आधारित प्रबन्धात्मक लेखले उनलाई अझै त्यस्तै कृतिहरू प्रकाशित गर्न प्रेरणा मिलेको छ । यसका साथै उनका ज्ञानविज्ञान, मानिस, जीवजन्तु, पशुपंक्षी, वनस्पतिले गरेका र देखाएका कार्यहरूलाई समेटेर लेखिएका कृति **३३३ अद्‌भुत आश्चर्यहरू र ६६६ रोचक तथ्यहरू** कृतिको प्रकाशनले ज्ञानविज्ञान सम्बन्धी खोजमूलक व्यक्तित्वका रूपमा चिनिएका छन् । **विश्वका अनौठा अन्धविश्वास र प्रथाहरू** कृतिले विश्वमा के कस्ता अन्धविश्वासहरू रहेका छन् र तिनमा समाजका मानिसहरू कसरी रोमल्लिएका छन् भन्ने कुरा प्रष्ट हुन्छ । समाजमा रहेको जात, भात, छुवाछुत आदिले जन्माएको वर्ग विभाजन र त्यसका कारण समाजमा देखिएका अन्धविश्वास र रूढिवादी परम्परालाई हटाउन र महिलाहरू, अपाङ्ग र अशक्तहरूलाई गरेको सेवा अनि अन्यायमा परेकालाई गरेको सहयोगले उनी सामाजिक व्यक्तित्वका रूपमा पनि चिनिएका छन् । नेपाल लगायत भारत, थाइल्याण्डको केही ठाउँको भ्रमण गरेका रामदेव नेपाली र अंग्रेजी भाषामा पनि राम्रो दखल रहेको छ । उनको बालकथा **ल है मीत ज्यू !** को अङ्ग्रेजी **वेल डन फ्रेण्ड** मा अनुवाद भएको छ साथै हिन्दी

साहित्यकार राहुल साङकृत्यानको दार्शनिक निबन्ध सङ्ग्रह **तिमीहरूको नाश** नेपालीमा अनुवाद भएकाले उनी अनुवादक व्यक्तित्वका रूपमा परिचित छन् । विभिन्न संघ संस्थामा संलग्न भएर सेवा तथा सहयोग गर्दै आएका रामदेव पाण्डेको जीवनी र व्यक्तित्वलाई अध्ययन गर्दा उनी अत्यन्त मिहिनेती र संघर्षशील व्यक्ति देखिन्छन् । उनी साहित्यिक सामाजिक, ज्ञानविज्ञान सम्बन्धी खोजमूलक,सेवा तथा संलग्नता हरेक क्षेत्रमा उत्तिकै सफल र सवल परिचय दिएका छन् ।

यस शोधपत्रको चौथो अध्यायमा रामदेव पाण्डेका साहित्यिक र साहित्येत्तर कृतिको अध्ययन गरिएको छ ।उनका कृतिहरूलाई विभिन्न शीर्षक उपशीर्षकहरूमा विभाजन गरेर अध्ययन विश्लेषण गरिएको छ । बालबालिकाहरूका विषयमा कथा, कविता, आदि लेख्दा उनीहरूको उमेर, रूचि, क्षमता, स्तर र मनस्थितिलाई बुझेर लेख्नु पर्छ । बालमनोभावना नबुझी दिएको अभिव्यक्ति बालबालिकाको मन छुने किसिमको हुँदैन त्यसैले बालबालिकाको मनोभावना अनुकूलको अभिव्यक्ति दिनु राम्रो हुन्छ । बालबालिकाको मानसिक र बौद्धिक विकासमा प्रारम्भदेखि नै उपयोगी हुने खालका रचना दिनु आवश्यक देखिन्छ । यसै कुरालाई ध्यानमा राखेर बालसाहित्यकार रामदेव पाण्डेले **ल है मीत ज्यू !** (सचित्र बाल कथा) को रचना गरेका छन् । यसलाई अलग अलग शीर्षक उपशीर्षकमा राखेर विश्लेषण गरिएको छ । **ल है मीत ज्यू !** बालकथा अङ्ग्रेजीमा **वेल डन फ्रेण्ड** मा अनुवाद गरी प्रकाशित भएको छ । यसको संरचना पक्ष पनि राम्रो रहेको देखिन्छ । यसको बाहिरी आवरण पृष्ठमा रङ्गीन चित्रहरू बनाइएको छ । विषयवस्तु र प्रसङ्ग अनुसारका आकर्षक चित्र बनाइएकाले पुस्तक आकर्षक देखिन्छ । यसको कथावस्तु पनि बालबालिकाहरूलाई ध्यानमा राखेर समाजमा घट्ने र घट्न सक्ने कुराहरूलाई नै कथावस्तुका रूपमा लिएको पाइन्छ । बालबालिकाहरूलाई मन पर्ने विभिन्न जङ्गली जनावरहरूमा चराचुरुङ्गीहरूलाई यसमा समावेश गरिएको छ । खासगरी यसको विषयवस्तु सामाजिक सन्देशमूलक रहेको छ । यस कथाका पात्रहरू जङ्गली जनावर, स्याल, हात्ती, बाघ, भालु, खरायो, जरायो, मयुर, डाँफे आदि प्रयोग गरिएको छ । बालबालिकाहरूले पनि मानवीयभन्दा मानवेत्तर प्राणीहरू बढी मन पराउने भएकाले उनीहरूलाई ध्यानमा राखेर पात्र चयन गरेका छन् । यसको भाषाशैली पनि सरल र सुबोध रहेको छ । यस कथामा बालबालिकाले सजिलै बुझ्न सक्ने भाषा तथा रोचक शैलीको प्रयोग देखिन्छ । कथाका हरेक पृष्ठहरू सरल र ज्ञानवर्द्धक चित्रद्वारा सजिएको छ । कतै कतै संवादात्मक शैलीको प्रयोगका साथै अनुकरणात्मक शब्द र

निपातको प्रयोगले कथामा मिठास आएको छ । जसले गर्दा उनको भाषाशैली निकै राम्रो रहेको पाइन्छ । बालबालिकाहरूमा सामाजिक भावनाको विकास गराउनु यस कथाको मुख्य उद्देश्य देखिन्छ । बालबालिकाहरूको रुचि र उमेर सुहाउँदो रोचक तथा मनेरञ्जन दिने विषयवस्तुको छनोट गरी मीठो भाषा, सरल र आकर्षक शैलीमा प्रस्तुत गर्नु उनले यसमा दिएको योगदान रहेको छ ।

**विश्वका अद्भुत बालबालिकाहरू** (भाग १) रामदेव पाण्डेको नेपाल लगायत विश्वका कुनाकाप्चामा रहेका बालबालिकाहरूले तिनीहरूले गरेका कठिन र साहसी कार्यहरूको यथार्थ विवरण हो । यसमा रामदेवले नेपालका बालबालिकाले गरेका कार्यलाई आफैँ गएर बालबालिकाहरू र उनीहरूका अभिभावकलाई भेटेर यथार्थ तथ्यहरू सङ्कलन गरेका छन् । यस कृतिमा समावेश गरिएका अलग अलग बालबालिकाका कामहरूलाई विभिन्न उपशीर्षकमा राखेर अध्ययन गरिएको छ । साना साना बालबालिकाहरूले गरेका साहसिक कार्यलाई जतिसक्दो यथार्थमूलक बनाउन उनले आफ्नै भाषा र शैलीमा कथाको स्वरूप दिएर उनीहरूको साहसिक कार्यलाई सचित्र वर्णन गरेका छन् । यसको विषयवस्तु पनि विभिन्न बालबालिकाले गरेका कार्यलाई नै विषयवस्तुका रूपमा लिएका छन् र उनीहरूले गरेका उदाहरणीय कार्यलाई मौलिक यथार्थ र आकर्षक प्रस्तुति प्रदान गरेका छन् । यसमा विश्वका अद्भुतबालबालिका र उनीहरूले देखाएका प्रतिभा र गरेका कार्यलाई विभिन्न उपशीर्षकमा राखि अध्ययन गरिएको छ । ११ वर्षे कमल नेपालीले पोखराको सेतीको खोँचमा खसेकी आराधना श्रेष्ठलाई आफ्नो ज्यानको बाजी लगाएर खोँचमा पुगी बाहिर ल्याउन सफल भएको छ । जन्मदा हातका दुईवटा औला नभएकी प्रभा भेटवाल अन्धाविश्वासी समाज र त्यसैमा रुमलिएका बाबुआमाका कारण जन्मेको चार दिनमा अनाथालयमा पुगिन् । उनीमा भएको प्रतिभाको कारण आज अन्तराष्ट्रिय स्तरमा चिनिन पुगिन् । राम्रो अवसर पाएमा अपाङ्गले पनि सवलाङ्ग जस्तै काम गर्न सक्छन् भन्ने कुरा उनको जीवनमा घटेको घटनाको अध्ययनबाट थाहा हुन्छ । काभ्रे साँगाकी सजना लामाले चितुवाको मुखबाट आफ्नो भाइलाई खोसेर ल्याई बचाउन सफल भएकी छिन् । यमन राज्यकी नुजुद मुहम्मद आठ वर्षकी थिइन उनको विवाह ३० वर्षे फैजसँग भएपछि उनी अदालतमा पुगेर मुद्दा दायर गरि मुद्दा जितेर आफू स्वतन्त्र हुन सफल भएकी छिन् । भारतकी १२ वर्षीया हेन्ना बक्सी टाइफाइडको कारणले थला परेपनि बुद्धिमानीपूर्ण कार्यले डाँकु भगाउन सफल भएकी छिन् । रामदेव पाण्डेको विश्वका अद्भूत बालबालिकाहरू (

भाग १) कृतिमा नेपाल लगायत विश्वका विभिन्न कुनाकाप्चामा रहेका बालबालिकाहरूले गरेका कार्यको यथार्थ विवरण हो । यसले बालबालिकाहरूलाई मिहिनेती, मिलनसार, साहसी, आँटिलो, धैर्य गर्न सक्ने शक्ति प्रदान गर्दछ । यसका साथै अन्धविश्वासका कारण अपाङ्गहरू तिरस्कृत हुन पुगेका छन् । समाजमा गरिबी र अशिक्षाका कारण अनमेल विवाह, बालविवाह आदि हुने गर्दछ । हाम्रो समाजमा अशिक्षा र अन्धविश्वासका कारण घटेका घटना र तिनीहरूको समाधान र अन्धविश्वास हटाउन सहयोग गर्न महत्त्वपूर्ण योगदान रहेको छ ।

**विश्वप्रसिद्ध अन्धविश्वासर प्रथाहरू** कृति नेपाल लगायत विश्वका विभिन्न देश, त्यहाँको समाज र संस्कृतिले जन्माएका र आजसम्म पनि मानिँदै आएका अन्धविश्वासहरूको विवरणात्मक लेख सङ्ग्रह हो । यसमा रामदेव पाण्डेले ज्ञानविज्ञानले प्रमाणित नगरेका तर परम्परादेखि मानिँदै आएका अन्धविश्वासहरूलाई विभिन्न पत्रपत्रिका इमेल, इन्टरनेट आदिबाट खोजी गरि सङ्कलन गरेर पुस्तकाकार कृतिका रूपमा प्रकाशित गरेका छन् । धर्म, संस्कृति, परम्पराका नाममा विकसित भएका यस्ता अनौठा अन्धविश्वास र प्रथाहरूलाई विभिन्न शीर्षक र उपशीर्षकमा राखि अध्ययन गरिएको छ । यसमा जन्म र विवाह सम्बन्धी अन्धविश्वास र प्रथा, बली प्रथा, विवाहका पोसाकहरू, पारपाचुकेका अनौठा प्रथाहरू, अभिवादन र नयाँ वर्ष स्वागतका अनौठा प्रथाहरू, महिला बलात्कारका प्रथाहरू बर्षा डाक्ने अन्धविश्वास र प्रथाहरू, अन्तिम संस्कारका अनौठा प्रथाहरू विभिन्न धर्म र चाडपर्वका प्रथाहरूलाई अलग अलग शीर्षक र उपशीर्षकमा राखेर छोटो विवरण प्रस्तुत गरिएको छ । बलि प्रथामा धर्मका नाममा विभिन्न पशुपंक्षीको बलि दिने प्रथा रहेको छ । जन्मसम्बन्धी अनेकौं अन्धविश्वासहरू रहेका छन् । सुत्केरी महिलालाई छुन नहुने छोरा छोरीमा देखिएको भेदभावका कारण कुनै महिलाले छोरी जन्माएर घरबाट निकालिनु परेका घटनासम्म यसमा समावेश गरिएका छन् । विवाह भनेको महिला र पुरूष बीचको आफ्नो इच्छा, नैतिक एवम् समाज र देशको कानुनबाट मान्यता प्राप्त सम्झौता हो । । तर पनि विभिन्न देश, समुदाय, धर्म अनुसार विवाह सम्बन्धी मान्यता र प्रचलनहरू हरेक देश, समुदाय, धर्म अनुसार अलग अलग हुन्छन् । कहीँ बहुपति प्रथाको चलन छ भने भारतको गोण्डो जातिमा हजुरआमासँग नातिको विवाह गर्नुपर्ने अनौठो प्रथा रहेको छ । यसै गरी अन्तिम संस्कारका पनि अनौठा प्रथाहरू रहेका छन् । अफ्रिकाको आदिवासी जाति पापुदानामा अन्तिम संस्कारको अनौठो प्रथा रहेको छ जहाँ पतिको मृत्यु पछि उसको टाउको काटेर घाँटीमा माला लगाउनु पर्छ । यो सुन्दा हामीलाई अचम्म लाग्छ । यस्तै अनौठा प्रथाहरू यसमा समावेश गरिएका छन् ।

इस्लाम धर्म मान्ने मुस्लिम देशमा महिला बलात्कारको अनौठो प्रथा रहेको जहाँ मुस्लिम समुदायकी कुनै केटी विवाह पूर्व कुनै अपराधमा जेल परिभने उसलाई मृत्यु दण्ड स्वरूप फासीँ दिनुपर्दा उसको कुमारित्व भङ्ग गर्न क्रूरतापूर्वक बलात्कार गरिन्छ । जेलमा बलात्कार गर्न विशेषज्ञ राखिएका हुन्छन् । विशेषज्ञ नभएको खण्डमा तालिम प्राप्त भालुद्वारा अमानवीय रूपले बलात्कार गराई उसलाई फाँसी दिने प्रचलन रहेको छ ।

नयाँ नयाँ कुराहरूको खोजी गरी लेखन र प्रकाशनका क्रममा सक्रिय रूपमा लागेका रामदेव पाण्डेले विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू कृतिमा नेपाल लगायत विश्वका विभिन्न देशहरूमा रहेका अनौठा आश्चर्यलाग्दा र डरलाग्दा अन्धविश्वासहरूबाट समग्र रूपमा सङ्कलन गरेका छन् । यसको अध्ययनबाट विश्वमा भएका अनौठा अन्धविश्वासको बारेमा जानकारी प्राप्त गर्न र मानिसहरूमा विकसित भएको सङ्कुचित सोचलाई जरैदेखि उखेलेर फाल्न र समाजमा रहेका अन्धविश्वास हटाउन महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

विश्व प्रसिद्ध ३३३ अदभुत आश्चर्यहरू कृति मानिस, जीवजन्तु, प्राणीहरू, वनस्पति आदिमा देखिएका आश्चर्यहरूलाई विभिन्न पत्रपत्रिका, इमेल, इन्टरनेट आदिबाट सोधखोज गरी सङ्कलन गरिएको लेख सङ्ग्रह हो । यसमा मानिस, पशुपंक्षी आदिमा देखिएका ३३३ अद्भुत आश्चर्यहरू समावेश गरिएका छन् । यसमा चार हात खुट्टा भएकी बालिका कसरी जन्मन पुगिन् । पुत्र भन्दा राष्ट्रियता प्यारो लाग्ने रूसी नेता जोसेफ स्टालीन, ८७ ओटा विषालु सर्पसँग पैँतालीस मिनेटसम्म एउटा बाथटपमा अमेरिकी नागरिक ज्याकी विवी कसरी बस्न सके । कसरी मान्छेको शरीरमा रुखको जरा जस्तो अनौठो पदार्थ पलायो ? पाँच वर्षकी बालिका कसरी आमा बन्न सकिन् । आदि जस्ता अनौठा आश्चर्यहरू यसमा समावेश गरिएका छन् । यस्तै रामदेवको अर्को कृति ६६६ रोचक तथ्यहरू पनि विभिन्न विषय क्षेत्रमा सोधखोज तथा अन्वेषण गरी तयार पारिएको कृति हो । यसमा विभिन्न विषय क्षेत्रमा देखिएका तथ्यहरूलाई अलग अलग शीर्षक उपशीर्षकहरूमा विवरण दिइएको छ । विभिन्न पत्रपत्रिका, रेडियो, सञ्चार माध्यम आदिबाट खोजी गरी तथ्यहरू सङ्कलन गरी सम्पादन गरेर पाठकहरूलाई रोचक कुराहरूको जानकारी गराउन उनको महत्त्वपूर्ण योगदान देखिन्छ । यसमा रोचक जीव जगत्, रोचक विविध, रोचक भाषा साहित्य, रोचक खेल, रोचक ब्रह्माण्ड, रोचक मानव शरीर, रोचक निर्माण, रोचक विज्ञान आविष्कार, रोचक विशिष्ठ व्यक्तित्व, रोचक प्रकृति भूगोल, रोचक धर्म संस्कृति प्रथा, रोचक वनस्पति, रोचक

मानचित्र जस्ता विविध विषय, क्षेत्र, धर्म संस्कृतिका सम्बन्धमा देखिएका रोचक तथ्यहरूलाई अलग अलग शीर्षकमा विवरण दिइएको छ । अत्यधिक उडान शक्ति भएको चरो समुद्र सतहदेखि ८८४८ मिटर उचाईसम्म मात्र उड्न सक्छ । विश्व प्रसिद्ध लेखक लियो टाल्स्टायलाई भुलक्कड लेखक भनेर चिनिन्छ । पोलोलाई संसारकै पुरानो खेल मानिन्छ । भूमध्ये रेखामा सदैव दिन रात बराबर हुन्छ । जहाज तातो पानीमा भन्दा चिसो पानीमा बढी तीब्र गतिमा हिड्छ । संसारको सबैभन्दा ठूलो फूल र्‍याफेलसीया हो । जसको तौल ११ किलो हुन्छ आदि जस्ता रोचक तथ्यहरू यसमा समावेश गरिएका छन् । यसरी रामदेव पाण्डेले नयाँ नयाँ कुराहरूको खोज अनुसन्धान गरी पाठक वर्गलाई रोचक र आश्चर्य लाग्दा कुराहरूको जानकारी गराएका छन् । जसले गर्दा उनलाई सोधखोज र अन्वेषणका क्षेत्रमा चर्चाको शिखरमा पुर्‍याएको छ ।

विश्वका अद्भुत संयोगहरू कृति रामदेव पाण्डेको विभिन्न समयमा विभिन्न देशका धर्म समुदाय जातजाति आदिमा घटेका घटनाहरूलाई विभिन्न पत्रपत्रिका, सञ्चार माध्यम पुस्तकहरू आदिबाट खोज गरी तयार गरेको संग्रह हो । समय र परिस्थितिले गर्दा मान्छेका जीवनमा के कस्ता संयोगहरू ल्याइदिन्छ भन्ने कुरा यस कृतिको अध्ययनबाट थाहा पाउन सकिन्छ । अमेरिकाका डा. चार्ल्स एन्ड्रयु रगत आविष्कारक थिए । उनले रक्त र रक्तप्लाज्मा एकित्रित गरेर राख्ने प्रविधिको खोज गरेका थिए । उनी एकदिन कार दुर्घटना परेर अत्यन्तै रक्तश्राव भयो । समयमा रगत जुटाउन नसकेर उनको मृत्यु भयो । यसरी उनको आफ्नै आविष्कारको अभावमा मृत्यु भयो । जीन डी ला बेला नाम गरेका व्यक्तिले अत्यन्तै कष्टदायी प्रताडनाकक्षको आविष्कार गरेका थिए । त्यसमा कुनै पनि कैदी उभिन र सुत्न सक्दैनथ्यो । तर अनौठो संयोग त्यस प्रताडना कक्षमा सजाय पाउने व्यक्ति उनी जीन डी ला बेला नै भए । उनले त्यहाँ ११ वर्षसम्म सजाय भोग्नु पर्‍यो । बेलायतमा घटेको एक घटना अनुसार एकै बाबु आमाबाट जन्मेका जुम्ल्याहा दाजु बहिनी पति पत्नी बन्न पुगे । यस कृति भित्र यस्तै यस्तै अनौठा संयोगहरूको समावेश गरिएको छ । **तिमीहरूको नाश** ( अनुवाद) दार्शनिक निबन्ध सङ्ग्रह हो । यो हिन्दी साहित्यकार राहुल साङ्कृत्यायनद्वारा हिन्दी भाषामा लेखिएको निबन्ध हो जसलाई रामदेवले नेपाली भाषामा अनुवाद गरी नेपाली भाषीमाझ ल्याए र हाम्रो नेपाली समाजमा रहेका अन्धविश्वास, शोषण, दमन, अन्याय र अत्याचारहरूलाई हटाउनको लागि सहयोग पुग्ने देखिन्छ ।

वि.सं. २०२० सालमा मङ्सिर १ गते अर्घाखाँचीको दहनेटामा जन्मेका रामदेव पाण्डे नेपाली साहित्यका विधामा कलम चलाएका छन् । बालकथाका माध्यमबाट उनी बाल साहित्यका क्षेत्रमा चर्चित भएका छन् । उनको जीवनी र व्यक्तित्वका अध्ययन गर्दा उनी अत्यन्तै मिहिनेती र संघर्षशील व्यक्तिका रूपमा देखिन्छन् । उनको बाल्यकाल रमाइलोसँग बितेपनि अध्ययनका क्रममा उनले धेरै सङ्घर्ष गर्नुपरेको देखिन्छ । उनका व्यक्तित्त्वका विभिन्न पक्षलाई हेर्दा उनको व्यक्तित्व साहित्यिक, सामाजिक सोधखोजमूलक आदि सबै पक्षमा लगातार रूपमा विकास भएको छ । उनको बालकथा **ल है मीत ज्यू !** सरल र सहज आकर्षक शैलीमा प्रस्तुत गरिएको छ । यसले बालबालिकालाई मनोरञ्जन दिनुका साथै सामाजिक सन्देश दिन सफल देखिन्छ । विभिन्न विषय क्षेत्रमा सोधखोज गरी लेखिएका उनका खोजमूलक कृतिको प्रकाशनले उनको सोधखोजमूलक क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको छ ।

# परिशिष्ट एक

शोभपत्रको परिशिष्ट एकमा रामदेव पाण्डका प्रकाशोन्मुख बालसाहित्यलाई राखिएको छ ।

(१) 'ल' है मीत ज्यू ! को अङ्ग्रेजी अनुवाद
(Well done Friend)

(२) चमत्कारको पर्दाफास (वैज्ञानिक बालकथा सङ्ग्रह)

(३) छाउपडीको हाउगुजी (सांस्कृतिक बालकथा सङ्ग्रह)

# परिशिष्ट दुई

परिशिष्ट दुईमा रामदेव पाण्डेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा शोध्यनायकलाई सोधिएका प्रश्नहरुलाई राखिएको छ ।

(१) तपाईंको जन्म कहाँ र कहिले भयो ?

(२) तपाईंको न्वारानको नाम के हो ?

(३) तपाईंको वाल्यकाल कसरी बित्यो ?

(४) तपाईं कतिवर्ष देखि स्कूल जान सुरु गर्नु भयो ?

(५) वाल्यकालको स्वभाव कस्तो थियो ?

(६) पारिवारिक स्थितिको बारेमा बताइदिनु हुन्छ कि ?

(७) तपाईंको औपचारिक शिक्षा के कति रहेको छ ?

(८) आइ.एस.सी. दोस्रो बर्षको प्रयोगात्मक परीक्षा नदिनुको कारण के हो ?

(९) तपाईंको विवाह कहिले र कहाँ भयो ?

(१०) तपाईंको व्यक्तिगत रुचि र स्वभावका बारेमा बताइदिनुहोस् ?

(११) तपाईंको विवाह कहाँ र कहिले भयो ?

(१२) तपाईंका सन्तान कति छन् ?

(१३) तपाईंका छोराहरुले कहाँ र कति कतिमा पढ्दैछन् ?

(१४) आर्थिक अवस्थाको बारेमा बताइदिनुहोस् न ?

(१५) कसको प्रेरणाबाट प्रभावित भएर साहित्य लेख्न सुरु गर्नुभयो ?

(१६) पहिलो प्रकाशित कृति कुन हो ?

(१७) बालसाहित्यका अतिरिक्त कुन कुन विधामा कलम चलाउनु भएको छ ?

(१८) तपाईंलाई सामाजिक व्यक्तित्वका रुपमा चिनाउनु पर्दा कसरी चिनाउन सकिन्छ ?

(१९) नेपाल वाहेक कुन कुन देशको भ्रमण गर्नु भएको छ ?

(२०) तपाईं कुन कुन सङ्घ संस्थामा सलंग्न सेवा गर्नु भएको छ ?

(२१) तपाईंलाई नेपालीका अतिरिक्त कुन कुन भाषाको ज्ञान रहेको छ ?

## सन्दर्भ सूची


आचार्य, पराशर (२०६७), 'हरिप्रसाद पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', काठमाडौं : रत्न ।

कोइराला, राजेश (२०६५), 'रोचकै रोचक', **कान्तिपुर कोपिला** मङ्सिर २७, काठमाडौं : कान्तिपुर प्रकाशन ।

कोइराला, राजेश (२०६६), 'अचम्मको पोको' **कान्तिपुर कोपिला** साउन १७, काठमाडौं : कान्तिपुर प्रकाशन प्रा.लि. ।

कोइराला, राजेश (२०६६), 'ल है मीत ज्यू !' **कान्तिपुर कोपिला** साउन २५, काठमाडौं : कान्तिपुर प्रकाशन प्रा.लि. ।

खतिवडा, गोपालप्रसाद, (२०६६), **डा. कवितारामको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** काठमाडौं : प्रकाशन प्रा.लि. ।

ढुङ्गाना, गोपीकृष्ण (२०६५), 'थुप्रै रहस्यहरु एकै ठाउँ' **अन्नपूर्ण पोष्ट** साउन ४, काठमाडौं : न्यूज मिडिया प्रा.लि. ।

दुलाल मोहन, (२०६७), **अक्षरभित्र स्रष्टाहरु,** बनेपा : जनमत प्रकाशन नेपाल ।

नेपाल, देवी, (२०६५), 'अर्को प्रशंसनीय कार्य !' **६६६ रोचक तथ्यहरु** (भूमिका) काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

प्रश्रित, मोदनाथ (२०६६), 'अन्धविश्वासविरुद्ध वैचारिक बम !' **विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरु** (भूमिका) : काठमाडौं, ऐरावती प्रकाशन प्रा.लि. ।

पाण्डे, रामदेव, (२०६६) **ल है मीत ज्यू !,** काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

................ (२०६६) **विश्वप्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरु**, काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

................ (२०६५) **६६६ रोचक तथ्यहरु,** काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

................ (२०६६) **विश्वप्रसिद्ध अनौठा अनधविश्वास र प्रथाहरु**, काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

................ (२०६६) **विश्वप्रसिद्ध ३३३ अद्भुत आश्चर्यहरु**, काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

................ (२०६६) **विश्वका अद्भुत वालबालिकाहरु**, काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

................ (२०६७) **अद्भुत संयोगहरु**, काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

भण्डारी, बसन्तराज (२०६५), '३३३ आश्चर्यको पुस्तक बजारमा', **हाँक साप्ताहिक** वर्ष २५, अङ्क ३५, असार २५, काठमाडौं ।

भट्टराई, पुनम (२०५४), 'राममणि रिसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', काठमाडौं, रत्न राज्यलक्ष्मी क्याम्पस, स्नातकोत्तर शोधपत्र ।

ज्ञवाली, रामप्रसाद (२०६६), 'यस्ता केटाकेटी पो केटाकेटी !' **विश्वका अद्भुत बालबालिकाहरु** (भूमिका) : काठमाडौं, ऐरावती प्रकाशन प्रा.लि. ।

पाण्डे रामदेव, मौखिक र लिखित अर्न्तवार्ता ।